10A. 10, 5 **10B.** 10, 4 **11A.** 4 and 5 **11B.** 3 and 4 **11C.** –7, 3 **12A.** 21, 23, 25 **12B.** 4, 5, 6
13A. 4, 9, 14 or 14, 9, 4 **13B.** 3, 9, 15 **13C.** 3,7,11 or 11,7,3 **13D.** 2, 4, 6 or 6, 4, 2 **14A.** – 4, – 1, 2 or, 2, – 1, – 4
14B. 6, 9, 12 **14C.** 5, 8, 11 **14D.** 5, 12, 19 ;19, 12, 5 **14E.** 2, 4, 6 or, 6, 4, 2 **14F.** 1, 7, 13 **15A.** 2, 4, 6, 8
15B. –1, 3, 7, 11 **15C.** 2, 6, 10, 14 **15D.** 5, 10, 15, 20 **15E** 5, 10, 20 **15F.** 4, 8, 16 **16A.** 5, 55 **16B.** 2, 30
16C. 10, 25 **16D.** 1 or 2 **16E.** 4 and 6 **16F.** 10, 5 **17A.** 17, 21, 25 **17B.** 17½, 20, 22½
17C. 30, 35, 40 **17D.** 20, 40, 60 **18A.** 2, 20 **18B.** 17 **18C.** 5 **18D.** 25, 7, 43 **18E.** 14
19A. $1\frac{1}{2}, 1, \frac{1}{2}, -\frac{1}{2} - 1, -1\frac{1}{2}$ **19B.** 6, 9, 12, 18, 21, 24 **20A.** 5 and 9 or 9 and 5 **20B.** 6 and 8 or 8 and 6
22A. \$ 4250, \$ 700 **22B.** 25 months **22C.** 20 months **22D.** 16, 13 yrs **22E.** 26, 16 yrs, 3 month **22F.** 25, 26 yrs
22G. Rs 10,000 **22H.** 136000 **22I.** Rs 500 **23A.** n + 2 **23B.** 4n
23C. 40, 220 **23D.** 2n + 2, 22 **23E.** 450 **23F.** 2n + 3, 23

www.drmathnp.com

4. गुणोत्तर अनुक्रम GEOMETRIC SEQUENCE

DEFINITIONS

❁ **गुणोत्तर अनुक्रम (Geometric Sequence)** [2063 R']

यदि अनुक्रममा क्रमिक पदहरूको अनुपात एउटै भए यस्तो अनुक्रमलाई गुणोत्तर अनुक्रम भनिन्छ र यो अनुक्रमसँग सम्बन्धित श्रेणीलाई गुणोत्तर श्रेणी भनिन्छ । जस्तै: 1, 2, 4, 8.....र 16, 8, 4 ..... इत्यादि गुणोत्तर अनुक्रममा छन् ।

Quantities are said to be in geometric sequence when they increase or decrease by a constant factor. The constant factor is called the common ratio.

e.g. 1, 2, 4, 8.....and 16, 8, 4 ..... etc. are in geometric sequence.

❁ **गुणोत्तर श्रेणी (Geometric Series)** [SEE 2073 S']

लगातार पदहरूको अनुपात सधैँ बराबर हुने श्रेणीलाई गुणोत्तर श्रेणी भनिन्छ । जस्तै: 2 + 4 + 8 + 16 + 32 ... एउटा गुणोत्तर श्रेणी हो । अर्को शब्दमा गुणोत्तर अनुक्रमसँग सम्बन्धित श्रेणीलाई गुणोत्तर श्रेणी भनिन्छ ।

A geometric series is a series with a constant ratio between successive terms. For example: 2 + 4 + 8 + 16 + 32 + ... is a geometric series. In other words, the corresponding series of a geometric sequence is called the geometric series.

❁ **गुणोत्तर मध्यमा (Geometric Mean)** [2065 R']

गुणोत्तर अनुक्रममा पहिलो पद र अन्तिम पदहरूबिचको पद या पदहरूलाई गुणोत्तर मध्यमा भनिन्छ ।

In geometric sequence the term/terms between the first term and the last term is/are called the geometric mean/means.

FORMULAE AND KEY POINTS

गुणोत्तर अनुक्रम वा श्रेणी (Geometric Sequence or Series): GS		सङ्केत Index
साधारण पद (General term)	$t_n = ar^{n-1}$	a = पहिलो पद (First term) n = पदहरूको सङ्ख्या (No. of terms) r = समान अनुपात (Common ratio) b = अन्तिम पद (Last term) $m_n = n$ औँ मध्यमा (n^{th} mean)
मध्यमा (Mean)	$GM = \sqrt{ab}$	
मध्यमाहरू (Means)	$r = \left(\frac{b}{a}\right)^{\frac{1}{n+1}}$; $m_1 = ar, m_2 = ar^2, \ldots, m_n = ar^n$	
योगफल (Sum)	$S_n = \frac{a(r^n - 1)}{r - 1}$ **Or** $S_n = \frac{br - a}{r - 1}$	

❁ यदि गुणोत्तर मध्यमाहरू (GMs) को सङ्ख्याहरू = m भए $r = \left(\frac{b}{a}\right)^{\frac{1}{m+1}}$ हुन्छ ।

If the number of geometric means (GMs) = m then $r = \left(\frac{b}{a}\right)^{\frac{1}{m+1}}$.

❁ यदि दुई सङ्ख्याहरू a र b बिचको समानान्तरीय मध्यक = AM र गुणोत्तर मध्यक = GM भए,

पहिलो सङ्ख्या $(a) = AM - \sqrt{AM^2 - GM^2}$ र दोस्रो सङ्ख्या $(b) = AM + \sqrt{AM^2 - GM^2}$ हुन्छ ।

If a and b are two numbers and their arithmetic mean = AM and geometric mean = GM then,

First number $(a) = AM - \sqrt{AM^2 - GM^2}$ and Second number $(b) = AM + \sqrt{AM^2 - GM^2}$

❁ **GS का पदहरूलाई सङ्केत गर्ने सजिलो तरिका (The easy method to denote the terms of GS):**

पदहरूको सङ्ख्या (Number of terms)	3	4	5	6
पदहरू (Terms)	$\frac{a}{r}, a, ar$	$\frac{a}{r^3}, \frac{a}{r}, ar, ar^3$	$\frac{a}{r^2}, \frac{a}{r}, a, ar, ar^2$	$\frac{a}{r^5}, \frac{a}{r^3}, \frac{a}{r}, ar, ar^3, ar^5$
समान अनुपात (Common ratio)	r	r^2	r	r^2

puspa.com.np

www.drmathnp.com

puspas.com.np

SEE / SLC REVIEW MESSAGE

B. SHORT QUESTIONS

Models	SEE / SLC Examination History (2065 to 2075)	n(Q)
Model 1	2067 R, 2068 R, 2068 S, 2070 R, 2072 R', 2073 R', SEE 2073 S'	7
Model 2	2065 R', 2065 E, 2069 S, 2070 R', 2070 S', 2071 R, 2071 R', 2072 R, 2072 S, SEE 2075 R, R', R_2	11
Model 3	2065 S, 2066 R, 2067 R', 2068 S', 2070 S	5
Model 4	2069 R	1

C. LONG QUESTIONS

Models	SEE / SLC Examination History (2065 to 2075)	n(Q)
Model 1	2069 R', SEE 2074 S	2
Model 2	2066 R, 2068 R, 2073 R	3
Model 3	2065 E, 2065 R, 2071 S, 2072 R, 2072 S, 2074 R', SEE 2074 S'	7
Model 4	2067 S	1
Model 5	2066 R', 2066 S, 2068 R', SEE 2073 S	3
Model 6	SEE 2074 R	1

SEE EXERCISE 4

A. VERY SHORT QUESTIONS

Model 1 *Definitions or formulae Recall.*

1. तलका पदहरूको परिभाषा दिनुहोस् । (Define the following terms.)

A. गुणोत्तर अनुक्रम/श्रेणी (Geometric sequence/series)

B. समान अनुपात (Common ratio) **C.** गुणोत्तर मध्यमा (Geometric mean)

2A. पहिलो पद 'a' र समान अनुपात 'r' भएको गुणोत्तर अनुक्रमको साधारण पद लेख्नुहोस् ।
Write the general term of a geometric sequence having first term 'a' and common ratio 'r'.

2B. पहिलो पद 'a', अन्तिम पद 'b' र पदहरूको सङ्ख्या 'n' भएको GS को समान अनुपात कति हुन्छ ?
What is the common ratio of a GS having first term 'a', last term 'b' and number of terms 'n'?

3A. दुईओटा धनात्मक सङ्ख्याहरू a र b बिचको गुणोत्तर मध्यमा कति हुन्छ ?
What is the geometric mean between two positive numbers a and b?

3B. यदि पहिलो पद 'a' र समान अनुपात 'r' भए गुणोत्तर अनुक्रमको $n^{\text{औं}}$ मध्यमा कति हुन्छ ?
If 'a' is first term and 'r' is common ratio then what is n^{th} mean of geometric sequence?

3C. यदि 'a' र 'b' दुई धनात्मक सङ्ख्याहरू भए तिनीहरूका AM र GM बीचको सम्बन्ध लेख्नुहोस् ।
If 'a' and 'b' are the two positive numbers, write the relation between their AM and GM.

3D. यदि 'a' र 'b' बीचको गुणोत्तर मध्यमा 'G' भए a, b र G को सम्बन्ध पत्ता लगाउनुहोस् ।
If 'G' is the geometric mean between 'a' and 'b', find the relation of a, b and G.

3E. a र b को बीचमा n ओटा मध्यमाहरू भएको GS को समान अनुपात के हुन्छ ?
What is the common ratio of GS having n means between 'a' and 'b'?

4A. पहिलो पद 'a' र समान अनुपात 'r' भएको गुणोत्तर श्रेणीमा 'n' ओटा पदहरू भए अन्तिम पद (b) कति होला ?
What is the last term 'b' of a GP of n terms having first term 'a' and common ratio 'r'?

4B. पहिलो पद 'a' र समान अनुपात 'r' भएको गुणोत्तर श्रेणीको 'n' ओटा पदहरूको योगफल 's' भए s, a, r र n को सम्बन्ध पत्ता लगाउनुहोस् ।
If 's' is the sum of n terms of a GS with first term 'a' and common ratio 'r' then find the relation between s, a, r and n.

4C. पहिलो पद 'a', अन्तिम पद 'ℓ' र समान अनुपात 'r' भएको GS को योगफल कति हुन्छ ?
What is the sum of GS having first term 'a', last term 'ℓ' and common ratio 'r'?

4D. सूत्र $S_n = \frac{a(r^n - 1)}{r - 1}$ मा प्रत्येक पदहरूको अर्थ लेख्नुहोस् ।

Write the meaning of each term in the formula: $S_n = \frac{a(r^n - 1)}{r - 1}$

www.drmathnp.com

Model 2 *Concept Recall*

5. तलका मध्ये कुन चाहिँ गुणोत्तर अनुक्रम हो ? (Which of the following sequences are geometric sequence ?)

A. 1, 2, 4, 8, 16, 32 **B.** 2, 4, 6, 8, 10, 12, 14 **C.** $3, 3^2, 3^3, 3^4, 3^5$

D. $\frac{1}{8}, \frac{1}{4}, \frac{1}{2}, 1, 2, 4$ **E.** 64, 32, 16, 8, 4, 2 **F.** $5, -25, 125, -625$

6A. श्रेणी 4, 8, 16, 32, ...को समान अनुपात कति हुन्छ ?
What is the common ratio of the series 4, 8, 16, 32, ...?

6B. श्रेणी 81, 27, 9, 3, ...को समान अनुपात कति हुन्छ ?
What is the common ratio of the series 81, 27, 9, 3, ...?

7A. चौथो पद 16 र समान अनुपात 2 भएको GS को पाचौँ पद पत्ता लगाउनुहोस् ।
Find the fifth term of GS whose fourth term is 16 and common ratio is 2.

7B. नवौँ पद 27 र समान अनुपात 3 भएको GS को दसौँ पद पत्ता लगाउनुहोस् ।
Find the tenth term of GS whose ninth term is 27 and common ratio is 3.

7C. तेह्रौ पद 625 र समान अनुपात 5 भएको GS को 12 औँ पद पत्ता लगाउनुहोस् ।
Find the 12^{th} term of GS whose 13^{th} term is 625 and common ratio is 5.

8A. पहिलो पद '5' र समान अनुपात '2' भएको गुणोत्तर अनुक्रमको पाचौँ पद लेख्नुहोस् ।
Write the 5^{th} term of geometric sequence having first term '5' and common ratio '2'.

8B. पहिलो पद '2' र समान अनुपात '3' भएको गुणोत्तर अनुक्रमको चौथो पद लेख्नुहोस् ।
Write the 4^{th} term of geometric sequence having first term '2' and common ratio '3'.

9A. दुई सङ्ख्याहरू 1 र 4 को गुणोत्तर मध्यमा पत्ता लगाउनुहोस् ।
Find the geometric mean of two numbers 1 and 4.

9B. दुई सङ्ख्याहरू 1 र 9 को गुणोत्तर मध्यमा पत्ता लगाउनुहोस् ।
Find the geometric mean of two numbers 1 and 9.

10A. यदि एउटा GS को पहिलो पद 4 र समान अनुपात 2 भए दोस्रो मध्यमा पत्ता लगाउनुहोस् ।
If a GS has first term 4 and common ratio 2 then find the 2^{nd} mean.

10B. यदि एउटा GS को पहिलो पद 3 र समान अनुपात 5 भए दोस्रो मध्यमा पत्ता लगाउनुहोस् ।
If a GS has first term 3 and common ratio 5 then find the 2^{nd} mean.

11A. एउटा गुणोत्तर श्रेणीको पहिला 5 पदहरूको योगफल 124 र पहिला 4 पदहरूको योगफल 60 छ । पाचौँ पद पत्ता लगाउनुहोस् ।
The sum of first 5 terms of a geometric series is 124 and the sum of first 4 terms of the geometric series is 60. Find the 5^{th} term.

11B. एउटा गुणोत्तर श्रेणीको n पदहरूको योगफल 3577 र $(n-1)$ पदहरूको योगफल 1785 छ । $n^{औँ}$ पद पत्ता लगाउनुहोस् ।
The sum of n terms of a geometric series is 3577 and the sum of $(n-1)$ terms of the geometric series is 1785. Find the n^{th} term.

11C. एउटा गुणोत्तर श्रेणीको पहिला 10 पदहरूको योगफल 2046 र $10^{औँ}$ पद 1024 छ । सो गुणोत्तर श्रेणीको पहिला 9 पदहरूको योगफल पत्ता लगाउनुहोस् ।
The sum of first 10 terms of a geometric series is 2046 and the 10^{th} term is 1024. Find the sum of first 9 terms of the geometric series.

B. SHORT QUESTIONS

Model 1 *Problems based on general terms of GS.*

1A. गुणोत्तर श्रेणीको परिभाषा एउटा उदाहरणसहित दिनुहोस् । (Define Geometric series with an example.) **[SEE 2073 S']**

1B. गुणोत्तर अनुक्रम 2, 4, 8, 16 ..... को पन्ध्रौँ पद पत्ता लगाउनुहोस् ।
Find the fifteen (15^{th}) term of a geometric sequence 2, 4, 8, 16, ... **[2068 S]**

1C. गुणोत्तर अनुक्रमको पहिलो र दोस्रो पद क्रमशः 32 र 8 भए छैटौँ पद कति होला ? **[2064 R]**
First and second terms of a geometrical sequence are 32 and 8 respectively. What will be the sixth term?

2A. यदि 4, a र 16 गुणोत्तरीय अनुक्रममा भए a को मान पत्ता लगाउनुहोस् ।
If 4, a and 16 are in the geometric sequence, find the value of a. **[SEE 2073 R']**

2B. यदि a, $a-2$, $a+1$ गुणोत्तरीय अनुक्रममा भए a को मान पत्ता लगाउनुहोस् ।
If a, $a-2$, $a+1$ are in geometric sequence, find the value of a. **[2068 R]**

puspas.com.np

www.drmathnp.com

puspas.com.np

2C. यदि $x+4, x-2$ र $x-6$ ज्यामितीय अनुक्रममा भए x को मान निकाल्नुहोस् ।
If $x+4, x-2$ and $x-6$ are in geometric sequence, find the value of x. [2067 R]

2D. यदि $m+2, m+8$ र $17+m$ गुणोत्तर अनुक्रममा भए m को मान पत्ता लगाउनुहोस् ।
If $m+2, m+8$ and $17+m$ are in geometric sequence, find the value of m. [2072 R']

3A. यदि गुणोत्तर श्रेणीको तेस्रो पद 3 छ भने यसका प्रथम पाँच पदहरूको गुणनफल निकाल्नुहोस् ।
If the third term of a geometric series is 3, find the product of its first five terms. [2070 R]

3B. यदि गुणोत्तर श्रेणीको तेस्रो पद 8 छ भने यसका प्रथम पाँच पदहरूको गुणनफल निकाल्नुहोस् ।
If the third term of a geometric series is 8, find the product of its first five terms.

Model 2 Problems based on understanding mean/means.

4A. यदि 4 र x को बिचमा पर्ने गुणोत्तर मध्यमा 8 भए x को मान पत्ता लगाउनुहोस् ।
If geometric mean is 8 between of 4 and x, find the value of x. [2065 R']

4B. यदि x र 27 को बिचमा पर्ने गुणोत्तर मध्यमा 9 भए x को मान पत्ता लगाउनुहोस् ।
If geometric mean is 9 between of x and 27, find the value of x.

4C. यदि 2 र x को गुणोत्तर मध्यमा 4 भए तिनीहरूको समानान्तरीय मध्यमा पत्ता लगाउनुहोस् ।
If the geometric mean of 2 and x is 4, find their arithmetic mean. [2072 R]

4D. यदि 4 र x को समानान्तरीय मध्यमा 34 भए तिनीहरूको गुणोत्तर मध्यमा निकाल्नुहोस् ।
If the arithmetic mean between 4 and x is 34, find their geometric mean. [2072 S]

4E. यदि x र 8 को समानान्तरीय मध्यमा 5 भए गुणोत्तर मध्यमाको मान निकाल्नुहोस् ।
If 5 is the arithmetic mean of x and 8, find value of the geometric mean.

5A. कुनै गुणोत्तर अनुक्रमको पहिलो पद 8 र अन्तिम पद 1/2 भए सो अनुक्रमको तीनओटा गुणोत्तर मध्यमाहरू पत्ता लगाउनुहोस् ।
If the first term is 8 and the last term is 1/2 of a geometrical sequence, find three geometrical means. [2065 E]

5B. कुनै गुणोत्तर अनुक्रमको पहिलो पद 2 र अन्तिम पद 32 भए सो अनुक्रमको तीनओटा गुणोत्तर मध्यमाहरू पत्ता लगाउनुहोस् ।
If the first term is 2 and the last term is 32 of a geometrical sequence, find three geometrical means.

6A. यदि 2, 4, m एउटा गुणोत्तर अनुक्रम भए m को मान पत्ता लगाउनुहोस् ।
If 2, 4, m is a geometric sequence then find the value of m. [SEE 2075 R']

6B. दिइएको गुणोत्तर अनुक्रममा x, y र z का मानहरू पत्ता लगाउनुहोस्: $\frac{1}{8}, x, y, z, 2$

Find the values of x, y and z from the given geometrical sequence: $\frac{1}{8}, x, y, z, 2$ [2060 C]

6C. यदि $\frac{1}{3}, p, q, 9$ गुणोत्तरीय अनुक्रममा भए p र q का मानहरू पत्ता लगाउनुहोस् ।

If $\frac{1}{3}, p, q, 9$ are in the geometric sequence, find the values of p and q. [2069 S]

7A. श्रेणी $3+6+12+\ldots$ को कुनचाहिँ पद 192 हुन्छ ? पत्ता लगाउनुहोस् ।
Which term of the series $3+6+12+\ldots\ldots$ is 192 ? Find it. [2071 R]

7B. दिइएको श्रेणीको पदसङ्ख्या पत्ता लगाउनुहोस् । (Find the number of terms of the given series.) [2071 R']
$2-2\sqrt{2}+4-4\sqrt{2}+\ldots+16$.

8A. 4 र 16 बिचको समानान्तरीय मध्यमा र गुणोत्तर मध्यमा निकाल्नुहोस् ।
Calculate the arithmetic mean and geometric mean between 4 and 16. [SEE 2075 R]

8B. 3 र 27 को समानान्तरीय मध्यमा र गुणोत्तर मध्यमा पत्ता लगाउनुहोस् ।
Find the Arithmetic mean and Geometric mean of 3 and 27. [SEE 2075 R_2, 2070 R']

8C. यदि दुईओटा धनात्मक सङ्ख्याहरूको योगफल 20 छ र ती सङ्ख्याहरूको गुणनफल 36 भए ती सङ्ख्याहरू बिचको अङ्कगणितीय मध्यक (A.M.) र ज्यामितीय मध्यक (G.M.) पत्ता लगाउनुहोस् ।
If the sum of two positive numbers is 20 and their product is 36, find the arithmetic mean (A.M.) and geometric mean (G.M.) between these numbers. [2070 S']

Model 3 Problems based on finding the sum of a geometric sequence.

9A. $81+27+9+\ldots\ldots\ldots$ को पहिलो पाँचौँ पदसम्मको योगफल निकाल्नुहोस् ।
Find the sum of first five terms of $81+27+9+\ldots\ldots\ldots$ [2063 R]

9B. दिइएको श्रेणीको योगफल निकाल्नुहोस् : $2+4+8+\ldots\ldots$ 8 ओटा पदहरू सम्म
Find the sum of the given series : $2+4+8+\ldots\ldots$ upto 8 terms. [2066 R]

www.drmathnp.com

9C. गुणोत्तर अनुक्रम 48, 24, 12, ... को पहिलो पाँच पदहरूको योगफल निकाल्नुहोस् ।
Find the sum of the first five terms of the geometric sequence 48, 24, 12, ... [2065 S]

9D. दिइएको गुणोत्तर श्रेणीको योगफल निकाल्नुहोस् : $3 + 6 + 12 + \ldots\ldots\ldots + 768$
Find the sum of the given geometric series : $3 + 6 + 12 + \ldots\ldots\ldots + 768$ [2067 R']

9E. श्रेणी $9 + 3 + 1 + \ldots + \frac{1}{27}$ को योगफल निकाल्नुहोस् । (Find the sum of the series): $9 + 3 + 1 + \ldots + \frac{1}{27}$ [2070 S]

9F. एउटा गुणोत्तर श्रेणीको पहिलो पद 1 र दोस्रो पद 3 भए सो श्रेणीको पहिला 6 पदहरूको योगफल पत्ता लगाउनुहोस् ।
If the first term is 1 and the second term is 3 of a geometric series, find the sum of the first six terms. [2068S']

Model 4 *Problems based on finding the common ratio of GP.*

10A. पहिलो पद 2 र तेस्रो पद 242 भएको गुणोत्तर अनुक्रमको समान अनुपात पत्ता लगाउनुहोस् ।
Find the common ratio of a geometric sequence, whose first term is 2 and the third term is 242. [2069 R]

10B. पहिलो पद 3 र तेस्रो पद 12 भएको गुणोत्तर अनुक्रमको समान अनुपात पत्ता लगाउनुहोस् ।
Find the common ratio of a GS, whose first term is 3 and the third term is 12.

C. LONG QUESTIONS

Model 1 *Problems based on finding indicated term of a GS.*

1A. एउटा ज्यामितीय श्रेणीको पहिला तीन पदहरू $x + 6, x$ र $x - 3$ भए x र पाँचौँ पदको मान निकाल्नुहोस् ।
$x + 6, x$ and $x - 3$ are the first three terms of a geometric series. Find the value of x and its fifth term. [2058S]

1B. एउटा ज्यामितीय श्रेणीको पहिला तीन पदहरू $2p, 2p + 3$ र $2p + 9$ भए p र पाँचौँ पदको मान निकाल्नुहोस् ।
$2p, 2p + 3$ and $2p + 9$ are the first three terms of a geometric series. Find the value of p and its fifth term.

1C. तीनओटा सङ्ख्याहरू 1 : 4 : 12 को अनुपातमा छन् । यदि पहिलो सङ्ख्यामा 1 जोडियो भने सो सङ्ख्या र बाँकी दुई सङ्ख्याहरूले एउटा GP बनाउँदछन् । सुरूका सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
Three numbers are in the ratio 1 : 4 : 12. If one is added to the first number, the resulting number together with other two numbers form a G.P. Find the original numbers.

1D. तीनओटा सङ्ख्याहरू 1 : 5 : 20 को अनुपातमा छन् । यदि पहिलो सङ्ख्यामा 1 जोडियो भने सो सङ्ख्या र बाँकी दुई सङ्ख्याहरूले एउटा GP बनाउँदछन् । सुरूका सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
Three numbers are in the ratio 1 : 5 : 20. If one is added to the first number, the resulting number together with other two numbers form a G.P. Find the original numbers.

2A. गुणोत्तर श्रेणीको लगातार आउने तीनओटा पदहरूको योगफल 62 र गुणनफल 1000 भए, ती पदहरू पत्ता लगाउनुहोस् ।
The sum of three consecutive terms in GP is 62 and their product is 1000, find the terms. [2063 R]

2B. गुणोत्तर श्रेणीमा भएका तीनओटा पदहरूको योगफल 14 र गुणनफल 64 छ भने ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
If the sum of three numbers in geometric series is 14 and their product is 64, find the numbers. [2069 R']

2C. गुणोत्तर श्रेणीमा भएका तीनओटा धनात्मक सङ्ख्याहरूको योगफल 104 छ र त्यसका पहिलो र तेस्रो सङ्ख्याहरूको गुणनफल 576 भए उक्त संख्याहरु निकाल्नुहोस् ।
The sum of three positive numbers in geometric series is 104 and the product of the first and third numbers is 576, find the numbers. [SEE 2074 S]

Model 2 *Problems based on geometric mean/means between two numbers.*

3A. $\frac{1}{9}$ र 9 को बिचमा 3 ओटा गुणोत्तर मध्यमाहरू निकाल्नुहोस् । (Insert 3 geometric means between $\frac{1}{9}$ and 9.) [2057S]

3B. $\frac{2}{3}$ र 162 को बिचमा 4 ओटा गुणोत्तर मध्यमाहरू भर्नुहोस् । (Insert 4 GMs between $\frac{2}{3}$ and 162.) [2066 R]

3C. गुणोत्तर श्रेणीमा हुने गरी 4 र 8^{-1} को बिचमा 4 ओटा सङ्ख्याहरू भर्नुहोस् ।
Insert 4 numbers between 4 and 8^{-1} so that they form a geometric series.

3D. 35 र 2240 को बिचमा 5 ओटा गुणोत्तर मध्यमाहरू भर्नुहोस् । (Insert 5 geometric means between 35 and 2240.)

3E. 3 र 48 को बिचमा पर्ने 3 ओटा गुणोत्तर मध्यमाहरू भर्नुहोस् । (Insert 3 geometric means between 3 and 48.)

4A. 5 र 80 को बिचमा पर्ने केही ज्यामितीय मध्यमाहरू छन् । यदि दोस्रो मध्यमा 20 भए ती दुई सङ्ख्याभित्र पर्ने मध्यमाहरूको सङ्ख्या पत्ता लगाउनुहोस् र अन्तिम मध्यमा पनि पत्ता लगाउनुहोस् ।
There are some geometric means between 5 and 80. If the second mean be 20, find the number of means between the two numbers. Also, find the last mean. [2062 R]

4B. 5 र 80 को बिचमा केही गुणोत्तर मध्यमाहरू छन् । यदि दोस्रो मध्यमा 20 भए मध्यमाहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।
Some geometric means are inserted between 5 and 80. Find the number of means between the numbers if second mean is 20.

puspas.com.np

www.drmathnp.com

pustas.com.np

4C. 2 र 32 को बिचमा केही गुणोत्तर मध्यमाहरू छन् । यदि तिनीहरू बिचको दोस्रो मध्यमा 8 भए मध्यमाहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।
Some geometric means are inserted between 2 and 32. Find the number of means between the numbers if second mean is 8.

4D. $\frac{1}{2}$ र 16 को बिचमा पर्ने केही ज्यामितीय मध्यमाहरू छन् । यदि तेस्रो मध्यमा 4 भए ती दुई सङ्ख्याहरूभित्र पर्ने मध्यमाहरूको सङ्ख्या पत्ता लगाउनुहोस् र अन्तिम मध्यमा पनि पत्ता लगाउनुहोस् ।
There are some geometric means between $\frac{1}{2}$ and 16. If the third mean be 4, find the number of means between two numbers. Also, find the last mean. **[2063 R']**

5A. 1 र 64 का बिचमा पर्ने गुणोत्तर मध्यमाहरूको सङ्ख्या निकाल्नुहोस् जसको पहिलो र अन्तिम मध्यमाको अनुपात 1 : 16 छ ।
Find the number of geometric means inserted between 1 and 64 in which the ratio of first mean to the last mean is 1 : 16. **[2068 R]**

5B. 2^{-1} र 64 को बिचमा भरिएका गुणोत्तर मध्यमाहरूको सङ्ख्या पत्ता लगाउनुहोस् जहाँ पहिलो मध्यमा र अन्तिम मध्यमा 1 : 32 छ ।
Find the number of GM's inserted between 2^{-1} and 64 when the first mean to the last mean as 1 : 32.

5C. 2 र 128 को बिचमा भरिएका गुणोत्तर मध्यमाहरूको सङ्ख्या पत्ता लगाउनुहोस् जहाँ पहिलो मध्यमा र अन्तिम मध्यमा 1 : 16 छ ।
Find the number of GM's inserted between 2 and 128 where the first mean to the last mean as 1 : 16.

5D. $\frac{16}{27}$ र $\frac{243}{16}$ को बीचमा n ओटा गुणोतर मध्यमाहरू छन् र $(n-1)^{th}$ मध्यमा : 4^{th} मध्यमा = 9 : 4 भए n पत्ता लगाउनुहोस् ।
n geometric means are inserted between $\frac{16}{27}$ and $\frac{243}{16}$ such that $(n-1)^{th}$ mean : 4^{th} mean = 9 : 4, find n.

6A. यदि a र b को बिचमा पाँचओटा गुणोत्तर मध्यमाहरू छन् । यदि दोस्रो र अन्तिम मध्यमा क्रमशः 2 र 16 छन् भने a र b का मानहरू पत्ता लगाउनुहोस् ।
There are five geometric means between a and b. If second and last mean are 2 and 16 respectively, find the values of a and b. **[SEE 2073 R]**

6B. a र b को बिचमा पाँचओटा गुणोत्तर मध्यमाहरू छन् । यदि दोस्रो र अन्तिम मध्यमाहरू क्रमशः 63 र 1701 छन् भने a र b का मानहरू पत्ता लगाउनुहोस् ।
There are 5 geometric means between a and b. If the second and last means are 63 and 1701 respectively, find the values of a and b.

Model 3 Problems based on finding the sum of a geometric sequence.

7A. एउटा गुणोत्तर श्रेणीको चौथो पद 24 र समान अनुपात 2 भए उक्त श्रेणीको पहिलो 9 ओटा पदहरूको योगफल पत्ता लगाउनुहोस् ।
Find the sum of the first 9 terms of a geometric series whose fourth term is 24 and common ratio is 2. **[2074 S']**

7B. यदि एउटा गुणोत्तर श्रेणीको दोस्रो पद 48 र पाँचौ पद 6 छ भने प्रथम 6 पदहरूको योगफल पत्ता लगाउनुहोस् । **[2074 R']**
If the second term of a geometric series is 48 and its fifth term is 6 then find the sum of the first 6 terms.

7C. एउटा गुणोत्तर श्रेणीको चौथो पद 54 र समान अनुपात 3 भए उक्त श्रेणीको प्रथम 8 पदहरूको योगफल पत्ता लगाउनुहोस् ।
Find the sum of the first 8 terms of a geometric series whose fourth term is 54 and common ratio is 3. **[2071 S]**

7D. एउटा गुणोत्तर श्रेणीको चौथो पद 81 र समान अनुपात 3 भए उक्त श्रेणीको प्रथम 8 पदहरूको योगफल पत्ता लगाउनुहोस् ।
Find the sum of the first 8 terms of a geometric series whose fourth term is 81 and common ratio is 3.

7E. दोस्रो पद 6 र पाँचौं पद 162 भएको गुणोत्तर श्रेणीको पहिलो पाँच पदको योगफल निकाल्नुहोस् ।
The second term of GP is 6 and 5^{th} term is 162. Find the sum of its first 5 terms.

8A. एउटा गुणोत्तर श्रेणीको तेस्रो पद र सातौं पद क्रमशः 20 र 320 भए उक्त श्रेणीको प्रथम 9 पदहरूको योगफल पत्ता लगाउनुहोस् ।
Find the sum of the first 9 terms of a geometric series whose third term and seventh term are 20 and 320 respectively. **[2072 R]**

8B. तेस्रो पद 12 र सातौं पद 192 भएको कुनै गुणोत्तर श्रेणीको पहिलो दसौं पदसम्मको योगफल निकाल्नुहोस् ।
The third term is 12 and seventh term is 192 of a geometric series, find the sum of its first ten terms. **[2064S]**

8C. कुनै GP को तेस्रो पद 12 र छैटौं पद 96 भए पहिलो आठौं पदसम्मको योगफल निकाल्नुहोस् ।
If the third term of a GP is 12 and sixth term is 96, find the sum of the first eight terms. **[2065 E]**

8D. एउटा गुणोत्तर श्रेणीको दोस्रो पद र पाचौं पद क्रमशः 15 र 405 भए उक्त श्रेणीको प्रथम 6 पदहरूको योगफल पत्ता लगाउनुहोस् ।
If the second term and fifth term of a geometric series are 15 and 405 respectively, find the sum of the series from first to 6 terms. **[2072 S]**

9A. $3 + 6 + 12 + \ldots + 768$ दिइएको श्रेणी छ । ($3 + 6 + 12 + \ldots + 768$ is the given series.)
(i) यो श्रेणीको पद सङ्ख्या पत्ता लगाउनुहोस् । (Find the number of terms of this series.)
(ii) यो श्रेणीको योगफल निकाल्नुहोस् । (Find the sum of the series.) **[2063 M]**

www.drmathnp.com
puspas.com.np

9B. $4 + 8 + 16 + \ldots + 4096$ दिइएको श्रेणी छ । ($4 + 8 + 16 + \ldots + 4096$ is the given series.)
(i) यो श्रेणीको पद सङ्ख्या पत्ता लगाउनुहोस् । (Find the number of terms of this series.)
(ii) यो श्रेणीको योगफल निकाल्नुहोस् । (Find the sum of the series.)

10A. धनात्मक समान अनुपात भएको एउटा गुणोत्तर श्रेणीको पहिला चार पदहरूको योगफल 40 र पहिला दुई पदहरूको योगफल 4 छ भने सो श्रेणीको पहिला आठ पदहरूको योगफल निकाल्नुहोस् ।
The sum of first four terms is 40 and the sum of first two terms is 4 of a geometric series whose common ratio is positive. Find the sum of first eight terms. **[2060 R, 2065 R]**

10B. धनात्मक समानुपात भएको एउटा गुणोत्तर श्रेणीको पहिलो 4 पदहरूको योगफल 30 र पहिलो 2 पदहरूको योगफल 6 छ भने सो श्रेणीको पहिलो 10 पदहरूको योगफल पत्ता लगाउनुहोस् ।
The sum of first four terms is 30 and the sum of first two terms is 6 of a geometric series whose common ratio is positive. Find the sum of first ten terms.

Model 4 *Problems based on finding common ratio and first term of a gemetric sequence.*

11A. यदि एउटा गुणोत्तर श्रेणीको पहिलो तीन पदहरूको योगफल 1 र यसको पहिलो 6 पदहरूको योगफल 28 भए सो श्रेणीको समानुपात र पहिलो पद पत्ता लगाउनुहोस् ।
In a geometric series the sum of the first three terms is 1 and sum of its first 6 terms is 28, find the common ratio and the first term. **[2067 S, 2064 R']**

11B. यदि एउटा गुणोत्तर श्रेणीको पहिला दुई पदहरूको योगफल 4 र यसको पहिलो चार पदहरूको योगफल 20 भए उक्त श्रेणीको समान अनुपात र पहिलो पद पत्ता लगाउनुहोस् ।
In a geometric series, the sum of first two terms is 4 and sum of its first four terms is 20, find the common ratio and the first term.

12A. एउटा समानान्तरीय श्रेणीका दोस्रो, चौथो र नवौं पदहरू गुणोत्तर श्रेणीमा भए सो गुणोत्तर श्रेणीको समानुपात निकाल्नुहोस् ।
The second, fourth and ninth terms of an arithmetic progression are in geometric progression. Calculate the common ratio of the geometric progression. **[2064 R]**

12B. एउटा AP को दोस्रो, छैटौं र अठारौं पदहरू एउटा GP का अनुवर्ती पदहरू भए समान अनुपात पत्ता लगाउनुहोस् ।
If second, sixth and eighteenth term of an AP are consecutive terms of a GP, find the common ratio.

13A. एउटा गुणोत्तर श्रेणीको छैटौं पद यसको दोस्रो पदको 16 गुणा र पहिला सात पदहरूको योगफल $\frac{127}{4}$ छ भने यो श्रेणीको धनात्मक समानुपात र पहिलो पद पत्ता लगाउनुहोस् ।
In a geometric series, if the sixth term is 16 times the second term and the sum of first seven terms is $\frac{127}{4}$; then find positive common ratio and the first term of the series. **[2063 S]**

13B. एउटा गुणोत्तर श्रेणीको पाचौं पद यसको दोस्रो पदको 8 गुणा र पहिला चार पदहरूको योगफल 60 छ भने यो श्रेणीको धनात्मक समानुपात र पहिलो पद पत्ता लगाउनुहोस् ।
In a geometric series, if the fifth term is 8 times the second term and the sum of first four terms is 60; then find positive common ratio and the first term of the series.

Model 5 *Problems based on finding the two numbers when their AM and GM are given.*

14A. दुई सङ्ख्याहरूको समानान्तरीय मध्यमा 25 र तिनीहरूको गुणोत्तर मध्यमा 20 भए ती दुई सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
The arithmetic mean of two numbers is 25 and their geometric mean is 20, find the numbers. **[SEE 2073S]**

14B. दुई सङ्ख्याहरूको समानान्तरीय मध्यमा 5 र गुणोत्तर मध्यमा 4 भए ती दुई सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
Find two numbers whose arithmetic mean is 5 and geometric mean is 4. **[2057 R]**

14C. दुई सङ्ख्याहरूको समानान्तरीय मध्यमा 10 र गुणोत्तर मध्यमा 8 भए ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
Find two numbers whose arithmetic mean is 10 and geometric mean is 8. **[2062 K, 2068R']**

14D. दुई सङ्ख्याहरूको समानान्तरीय मध्यमा 50 र गुणोत्तर मध्यमा 40 भए ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
Find two numbers whose arithmetic mean is 50 and geometric mean is 40. **[2066 R', 2066S]**

Model 6 *Mixed problems based on AP and GP.*

15A. एउटा समानान्तरीय श्रेणीमा तीनओटा पदहरूको योगफल 24 छ । यदि ती पदहरूमा क्रमशः 1, 6 र 18 जोड्दा परिणाम गुणोत्तर श्रेणीमा हुन्छ भने ती पदहरू निकाल्नुहोस् ।
The sum of three terms in an arithmetic series is 24. If 1, 6 and 18 are added to them respectively, the results are in geometrical series, find the terms. **[SEE 2074 R]**

15B. एउटा GP को तीनओटा पदहरूको योगफल 56 छ । यदि 1, 7 र 21 क्रमशः ती पदहरूबाट घटाइयो भने AP बन्छ । GP का ती पदहरू पत्ता लगाउनुहोस् ।
The sum of 3 terms of a GP is 56. If 1, 7 and 21 are subtracted from the terms respectively, then it forms an AP. Find the terms of GP.

www.drmathnp.com

puspas.com.np

15C. AP मा रहेका तीन सङ्ख्याहरूको योगफल 45 छ । यदि 17, 11 र 3 तिनीहरूबाट क्रमशः घटाईयो भने प्राप्त हुने सङ्ख्याहरू GP मा हुनेछन् । ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
The sum of three numbers in A.P. is 45. If 17, 11 and 3 are subtracted from them respectively, the resulting numbers will be in G.P. Find the numbers.

15D. एउटा GP मा तीन सङ्ख्याहरूको योग 14 छ । यदि पहिलो दुई सङ्ख्याहरू प्रत्येक 1 ले बढ्यो र तेस्रो पद 1 ले घट्यो भने ती सङ्ख्याहरू AP मा हुन्छन् । उक्त सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
The sum of 3 numbers in GP is 14. If the first two terms are each increased by 1 and the third term decreased by 1, the resulting numbers are in AP. Find the numbers.

16A. एउटा गुणोत्तर श्रेणीको पहिला पाँच पदहरूको गुणनफल 243 छ । यदि उक्त गुणोत्तर श्रेणीको तेस्रो पद एउटा समानान्तर श्रेणीको दशौँ पदसँग बराबर भए उक्त समानान्तर श्रेणीको पहिला 19 पदहरूको योगफल पत्ता लगाउनुहोस् । [SEE 2075 R, 2075 R_2]
The product of the first five terms of a geometric series is 243. If the third term of the geometric series is equal to the tenth term of an arithmetic series, find the sum of the first 19 terms of the arithmetic series.

16B. एउटा गुणोत्तर श्रेणीको पहिला पाँच पदहरूको गुणनफल 32 छ । यदि उक्त गुणोत्तर श्रेणीको तेस्रो पद एउटा समानान्तर श्रेणीको दशौँ पदसँग बराबर भए उक्त समानान्तर श्रेणीको पहिला 19 पदहरूको योगफल पत्ता लगाउनुहोस् ।
The product of the first five terms of a geometric series is 32. If the third term of the geometric series is equal to the tenth term of an arithmetic series, find the sum of the first 19 terms of the arithmetic series.

16C. एउटा गुणोत्तर श्रेणीमा पाचौँ पद, सातौँ पद र नवौँ पदको गुणनफल 27 छ । यदि उक्त गुणोत्तर श्रेणीको सातौँ पद एउटा समानान्तर श्रेणीको आठौँ पदसँग बराबर भए उक्त समानान्तर श्रेणीको पन्ध्रौँ पदहरूको योगफल पत्ता लगाउनुहोस् ।
The product of fifth term, seventh term and ninth term of a GS is 27. If the seventh term of the GS is equal to the eighth term of an AS, find the sum of first 15 terms of the AS.

16D. एउटा गुणोत्तर श्रेणीको $30^{\text{औँ}}$ पद, $40^{\text{औँ}}$ पद र $50^{\text{औँ}}$ पदहरूको गुणनफल 512 छ । यदि उक्त गुणोत्तर श्रेणीको $40^{\text{औँ}}$ पद एउटा समानान्तर श्रेणीको $20^{\text{औँ}}$ पदसँग बराबर भए उक्त समानान्तर श्रेणीको उनान्चालिसौँ पदहरूको योगफल पत्ता लगाउनुहोस् ।
The product of 30^{th}, 40^{th} and 50^{th} terms of a GS is 512. If the 20^{th} term of an AS is equal to the 40^{th} term of the GS, find the sum of first 39 terms of the AS.

Model 7 *Application of geometric sequence.*

17A. सुधिरले रु. 4368 वार्षिक 6 ओटा किस्ताहरूमा, हरेक किस्ता अघिल्लो किस्ताको तेब्बर हुने गरी तिर्ने शर्तमा ऋणमा लियो । पहिलो किस्ता र अन्तिम किस्ता पत्ता लगाउनुहोस् ।
Sudhir borrows Rs 4368 which he promises to pay in 6 annual installments, each installment being treble of the preceding one. Find the first and the last installment.

17B. सुधाले रु. 19682 वार्षिक 9 ओटा किस्ताहरूमा, हरेक किस्ता अघिल्लो किस्ताको तेब्बर हुने गरी तिर्ने शर्तमा ऋणमा लिइन् । पहिलो किस्ता र अन्तिम किस्ता पत्ता लगाउनुहोस् ।
Sudha borrows Rs 19682 which she promises to pay in 9 annual installments, each installment being treble of the preceding one. Find the first and the last installment.

ANSWERS

A. VERY SHORT QUESTIONS

6A. 2 **6B.** $\frac{1}{3}$ **7A.** 32 **7B.** 81 **7C.** 125 **8A.** 80 **8B.** 54
9A. 2 **9B.** 3 **10A.** 16 **10B.** 75 **11A.** 64 **11B.** 1792 **11C.** 1022

B. SHORT QUESTIONS

1B. 32768 **1C.** $\frac{1}{32}$ **2A.** 8 **2B.** $\frac{4}{5}$ **2C.** 14 **2D.** 10 **3A.** 243
3B. 32768 **4A.** 16 **4B.** 3 **4C.** 5 **4D.** 16 **4E.** 4 **5A.** 4, 2, 1
5B. 4, 8, 16 **6A.** $m = 1$ **6B.** $\frac{1}{4}, \frac{1}{2}$ & 1 **6C.** 1, 3 **7A.** 7^{th} term **7B.** 7 **8A.** 10, 8
8B. 15, 9 **8C.** 10, 6 **9A.** 121 **9B.** 510 **9C.** 93 **9D.** 1533 **9E.** $\frac{364}{27}$
9F. 364 **10A.** ±11 **10B.** ± 2

C. LONG QUESTIONS

1A. $6, \frac{3}{4}$ **1B.** $\frac{3}{2}$, 48 **1C.** 3, 12, 36 **1D.** 4, 20, 80 **2A.** 2, 10, 50 or 50, 10, 2
2B. 8, 4, 2 or 2, 4, 8 **2C.** 72, 24, 8, or 8, 24, 72 **3A.** $\frac{1}{3}$, 1, 3 or $-\frac{1}{3}$, 1, –3 **3B.** 2, 6, 18, 54 **3C.** 2, 1, $\frac{1}{2}, \frac{1}{4}$
3D. 70, 140, 280, 560, 1120, or –70, 140, –280, 260, – 120 **3E.** 6, 12, 24 **4A.** 3, 40 **4B.** 3 **4C.** 3
4D. 4, 8 **5A.** 5 **5B.** 6 **5C.** 5 **5D.** 7 **6A.** $\frac{1}{2}$, 32 **6B.** 7, 5103
7A. 15337 **7B.** 189 **7C.** 6560 **7D.** 10083 **7E.** 242 **8A.** 2555 **8B.** 3069 or –1023
8C. 765 **8D.** 1820 **9A.** 9, 1533 **9B.** 11, 8188 **10A.** 3280 **10B.** 2046 **11A.** 3, $\frac{1}{13}$
11B. $r = 2$ or -2, $a = \frac{4}{3}$ or -4 **12A.** $\frac{5}{2}$ **12B.** 3 **13A.** 2, $\frac{1}{4}$ **13B.** 4, 2
14A. 10 and 40 or 40 and 10 **14B.** 8, 2 or 2, 8 **14C.** 4, 16 or 16, 4 **14D.** 20, 80 **15A.** 27, 8, – 11 or 6, 8, 10
15B. 32, 16, 8 **15C.** 25, 15 and 5 or 19 or 15 or 11 **15D.** 2, 4, 8, or 8, 4, 2 **16A.** 57 **16B.** 38
16C. 45 **16D.** 312 **17A.** Rs 12, Rs 2916 **17B.** Rs 2, Rs 13122

www.drmathnp.com

puspas.com.np

GENERAL EXERCISE 4

A. SHORT QUESTIONS

Model 1 *Problems based on finding indicated term of a GS.*

1A. गुणोत्तर अनुक्रम 32, 16, 8, ... को नवौं पद पत्ता लगाउनुहोस् ।
Find the 9^{th} term of the geometric sequence : 32, 16, 8, ...

1B. गुणोत्तर श्रेणी $\frac{2}{3} - \frac{1}{6} + \frac{1}{24} - .....$ को 5 औं पद पत्ता लगाउनुहोस् ।
Find the 5^{th} term of geometric series $\frac{2}{3} - \frac{1}{6} + \frac{1}{24} - .....$

2A. यदि एउटा GP को पहिलो पद 7 र समान अनुपात 2 छ भने तेस्रो पद र आठौं पद निकाल्नुहोस् ।
If the first term of a GP is 7 and common ratio is 2, find the 3^{rd} term & the 8^{th} term.

2B. यदि एउटा GP को पहिलो पद 8 र समान अनुपात 3 छ भने तेस्रो पद र आठौं पद निकाल्नुहोस् ।
If the first term of a GP is 8 and common ratio is 3, find third term and eight term.

3A. कुनै गुणोत्तर श्रेणीको पहिलो तीन पदहरूको गुणनफल – 8 भए दोस्रो पद पत्ता लगाउनुहोस् ।
The product of the first three terms of a geometric series is – 8. Find its second term.

3B. कुनै गुणोत्तर श्रेणीको पहिलो पाँच पदहरूको गुणनफल 32 भए तेस्रो पद पत्ता लगाउनुहोस् ।
The product of the first five terms of a geometric series is 32. Find its third term.

3C. कुनै गुणोत्तर श्रेणीको तेश्रो पद 2 भए यसका पहिला पाँच पदहरूको गुणनफल पत्ता लगाउनुहोस् ।
The third term of a geometric series is 2. Find the product of its first five terms .

3D. एउटा GP मा पाचौं पद, सातौं पद र नवौं पदहरूको गुणनफल 27 भए सातौं पद पत्ता लगाउनुहोस् ।
The product of fifth term, seventh term and ninth term of a geometric sequence is 27. Find the seventh term.

3E. एउटा गुणोत्तर अनुक्रममा दोस्रो पद, चौथो पद, छैठौं पद र आठौं पदहरूको गुणनफल 625 भए पाचौं पद पत्ता लगाउनुहोस् ।
The product of second term, fourth term, sixth term and eighth term of a geometric sequence is 625. Find the fifth term.

3F. एउटा GS मा $30^{औं}$ पद, $40^{औं}$ पद र $50^{औं}$ पदहरूको गुणनफल 512 भए $40^{औं}$ पद पत्ता लगाउनुहोस् ।
The product of 30^{th}, 40^{th} and 50^{th} terms of a GS is 512. Find the fortieth term.

3G. यदि एउटा GS मा $15^{औं}$, $25^{औं}$ र $35^{औं}$ पदहरूको गुणनफल 512 भए यसको $25^{औं}$ पद पत्ता लगाउनुहोस् ।
If the product of 15^{th}, 25^{th} and 35^{th} terms of a GS is 512. Find its 25^{th} term.

4A. 10, 20, 40, ... को $n^{औं}$ पद पत्ता लगाउनुहोस् । (Find the n^{th} term of 10, 20, 40,.....)

4B. 96, 48, 24, ... को $n^{औं}$ पद पत्ता लगाउनुहोस् । (Find the n^{th} term of 96, 48, 24,.....)

Model 2 *Problems based on finding the position of a given term in a given GP.*

5A. श्रेणी 128 + 64 + 32 ... को कुन पद 0.25 हुन्छ ? (Which term of the series 128 + 64 + 32 .... is 0.25 ?)

5B. श्रेणी $\frac{3}{2} + \frac{9}{4} + ...$ को कुन चाहिँ पद $\frac{729}{64}$ हुन्छ ? (Which term of the series $\frac{3}{2} + \frac{9}{4} + ...$ is $\frac{729}{64}$?)

6A. समानान्तरीय अनुक्रम 23, 17, 11, ... को कुनचाहिँ पद पहिलो ऋणात्मक पद हुन्छ ?
Which term of the AP 23, 17, 11, ... is the first negative term ?

6B. समानान्तरीय अनुक्रम 55, 50, 45, 40, ... को कुनचाहिँ पद पहिलो ऋणात्मक पद हुन्छ ?
Which term of the AP 55, 50, 45, 40, ... is the first negative term ?

6C. समानान्तरीय अनुक्रम – 75, – 70, – 65, ... को कनुचाहिँ पद पहिलो धनात्मक पद हुन्छ ?
Which term of AP – 75, – 70, – 65, ... is the first positive term ?

6D. समानान्तरीय अनुक्रम – 101, – 91, – 81, ... को कनुचाहिँ पद पहिलो धनात्मक पद हुन्छ ?
Which term of AP – 101, – 91, – 81, ... is the first positive term ?

Model 3 *Problems based on geometric mean/means between two numbers.*

7A. यदि x र x^3 को गुणोत्तर मध्यमा 16 भए x को मान निकाल्नुहोस् ।
If 16 is the geometric mean of x and x^3, find the value of x.

7B. यदि a, m र b एउटा गुणोत्तर श्रेणीमा भए $m = \sqrt{ab}$ हुन्छ भनी देखाउनुहोस् ।
If a, m and b are in geometric series, show that: $m = \sqrt{ab}$

www.drmathnp.com

puspas.com.np

7C. यदि $(p+2)$ र $9(p+2)$ को GM $= (p+10)$ भए p को मान पत्ता लगाउनुहोस् ।
If $(p+10)$ is GM of $(p+2)$ and $9(p+2)$, find the value of p.

7D. यदि $(k+4)$ र $25(k+4)$ को गुणोत्तर मध्यक 30 भए समानान्तरीय मध्यक पत्ता लगाउनुहोस् ।
If the geometric mean of $(k+4)$ and $25(k+4)$ is 30, find the arithmetic mean.

8A. एउटा गुणोत्तर श्रेणीको दोस्रो र छैटौं मध्यमाहरू क्रमशः 8 र 128 भए पाचौं पद पत्ता लगाउनुहोस् ।
If the second and sixth means of a geometric series are 8 and 128 respectively then find the value of fifth term.

8B. एउटा गुणोत्तर श्रेणीको पाचौं र नवौं मध्यमाहरू क्रमशः 243 र 19683 भए आठौं पद पत्ता लगाउनुहोस् ।
If the fifth and ninth means of a geometric series are 243 and 19683 respectively then find the eighth term.

Model 4 Problems based on finding the sum of a geometric sequence.

9A. श्रेणी $81 - 27 + 9 - \ldots\ldots\ldots$ का 8 पदहरूको योगफल निकाल्नुहोस् ।
Find the sum of $81 - 27 + 9 - \ldots\ldots\ldots$ to 8 terms.

9B. 4 को 4^1 बाट सुरु हुने बढ्दो आठओटा घाताङ्कहरूको योगफल पत्ता लगाउनुहोस् ।
Find the sum of first eight powers of 4 starting from 4^1.

9C. योगफल पत्ता लगाउनुहोस् (Find the sum of): $8 + 2 + \frac{1}{2} + \ldots\ldots\ldots + \frac{1}{128}$

Model 5 Problems based on finding values of letters when terms of GP are given.

10A. यदि $x+9, x-6$ र 4 एउटा गुणोत्तर श्रेणीमा भए x को मान पत्ता लगाउनुहोस् ।
If $x+9, x-6$ and 4 are in a geometric series, find the value of x.

10B. यदि $x, x+3, x+9$ एउटा गुणोत्तर श्रेणीमा भए x को मान पत्ता लगाउनुहोस् ।
If $x, x+3, x+9$ are in a geometric series, find the value of x.

10C. यदि $4, 2x-4, \ldots, 64, 21x+2$ एउटा गुणोत्तर अनुक्रमको पदहरू भए चौथो पद पत्ता लगाउनुहोस् ।
If $4, 2x-4, \ldots, 64, 21x+2$ are the terms of geometric sequence, find the fourth term.

10D. यदि $\frac{1}{3}, x+1, y+2, z+3, 27$ एउटा GP का पदहरू भए x, y र z को मान पत्ता लगाउनुहोस् ।
If $\frac{1}{3}, x+1, y+2, z+3, 27$ are in GP, find the values of x, y and z.

10E. यदि $2, 4, 8, \ldots\ldots$ को k^{th} पद 128 भए k को मान निकाल्नुहोस् ।
If the k^{th} term of $2, 4, 8, \ldots\ldots$ is 128, find the value of k.

10F. यदि $81, 27, 9, \ldots\ldots$ को k^{th} पद 1/9 भए k को मान निकाल्नुहोस् ।
If the k^{th} term of $81, 27, 9, \ldots\ldots$ is 1/9, find the value of k.

10G. यदि ज्यामितीय अनुक्रमका पहिला तीन पदहरू $4\sqrt{2k}, 3\sqrt{2}+k$ र $2\sqrt{2k}$ भए k को धनात्मक मान पत्ता लगाउनुहोस् ।
If $4\sqrt{2k}, 3\sqrt{2}+k$ and $2\sqrt{2k}$ are the first three terms of a geometric sequence, find the positive value of k.

10H. यदि ज्यामितीय अनुक्रमका पहिला तीन पदहरू $2\sqrt{2k}, 6+\sqrt{2k}$ र $8\sqrt{2k}$ भए k को धनात्मक मान पत्ता लगाउनुहोस् ।
If $2\sqrt{2k}, 6+\sqrt{2k}$ and $8\sqrt{2k}$ are the first three terms of a geometric sequence, find the positive value of k.

11 तलका समीकरणहरू हल गर्नुहोस् (Solve the following equations):

A. $6 + 18 + 54 + \ldots\ldots + k = 2184$ **B.** $5 + 15 + 45 + \ldots\ldots + k = 5465$

Model 6 On finding number of terms, common ratio and first term of a GS.

12A. एउटा GS को प्रथम र तेस्रो पदहरू क्रमशः 2 र 8^{-1} छन् भने त्यो श्रेणीको समान अनुपात निकाल्नुहोस् ।
If the first and third terms of a GS are 2 and 8^{-1}, find the common ratio of the series.

12B. गुणोत्तर श्रेणीको प्रथम र पाँचौ पदहरू क्रमशः 625 र 1 छन् भने सो श्रेणीको समान अनुपात निकाल्नुहोस् ।
If the 1st and 5th terms of a GS are 625 and 1, find the common ratio of the series.

13. श्रेणीको खाली ठाउँमा कति पदहरू थप्न सकिन्छ ? (How many terms can be inserted in the gap of the series?)

A. $\frac{1}{5} + 1 + 5 + \ldots\ldots\ldots\ldots = \frac{781}{5}$ **B.** $64 + 16 + 4 + \ldots\ldots\ldots\ldots = \frac{5461}{64}$

13C. श्रेणी $32 + 48 + 72 + \ldots\ldots\ldots\ldots$ देखि 546.75 सम्म कतिओटा पदहरू छन् ?
How many terms of the series $32 + 48 + 72 + \ldots\ldots\ldots\ldots$ are upto 546.75 ?

www.drmathnp.com
puspas.com.np

14A. एउटा गुणोत्तर श्रेणीको दोस्रो पद र पाचौँ पद क्रमशः 9 र 243 भए पहिलो पद पत्ता लगाउनुहोस् ।
A GS has second term and fifth term 9 and 243 respectively, find the first term.

14B. एउटा गुणोत्तर श्रेणीको तेस्रो पद र छैटौँ पद क्रमशः 27 र 729 भए पहिलो पद पत्ता लगाउनुहोस् ।
A GS has third term and sixth term 27 and 729 respectively, find the first term.

15A. एउटा गुणोत्तर श्रेणीको समान अनुपात पहिलो पदको दोब्बर छ । यदि सो गुणोत्तर श्रेणीको प्रथम 2 पदहरूको योगफल 10 भए पहिलो पद पत्ता लगाउनुहोस् ।
The common ratio of a geometric series is double of the first term. If the sum of first 2 terms of the geometric series is 10, find the first term.

15B. एउटा GS को पहिला 3 पदहरूको योगफलको 9 गुणा पहिला 6 पदहरूको योगफल भए समान अनुपात पत्ता लगाउनुहोस् ।
The sum of first 6 terms of a GS is 9 times the sum of the first 3 terms. Find the common ratio.

15C. एउटा गुणोत्तर श्रेणीको पहिला 3 पदहरूको योगफलको 28 गुणा पहिला 6 पदहरूको योगफल भए समान अनुपात पत्ता लगाउनुहोस् ।
The sum of first 6 terms of a GS is 28 times the sum of the first 3 terms. Find the common ratio.

16A. एउटा GP को केही पदहरूको योगफल 315 छ । यदि पहिलो पद र समान अनुपात क्रमशः 5 र 2 भए पदहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।
The sum of terms of a GP is 315. If the first term and the common ratio are 5 and 2 respectively, find the number of terms.

16B. अनुक्रम $\sqrt{3}, 3, 3\sqrt{3}, ...$ को कतिओटा पदहरूको योगफल $39 + 13\sqrt{3}$ होला ?
How many terms of the sequences $\sqrt{3}, 3, 3\sqrt{3}, ...$ has the sum $39 + 13\sqrt{3}$?

Model 7 Problems based on AM and GM between two numbers.

17A. 4 र 9 बिचको AM र GM पत्ता लगाउनुहोस् र AM > GM हुन्छ भनी देखाउनुहोस् ।
Find AM and GM between 4 and 9 and show that: AM > GM

17B. 16 र 25 बिचको AM र GM पत्ता लगाउनुहोस् र AM > GM हुन्छ भनी देखाउनुहोस् ।
Find AM and GM between 16 and 25 and show that AM > GM

17C. अङ्कगणितीय मध्यमा र गुणोत्तर मध्यमा AM र GM भए प्रमाणित गर्नुहोस् : $AM \geq GM$
If AM and GM are arithmetic and Geometric mean, prove that: $AM \geq GM$

18A. a र 8 को समानान्तरीय मध्यमा 5 भए गुणोत्तर मध्यमा कति होला ?
The arithmetic mean of a and 8 is 5. What is the geometric mean ?

18B. P र 27 को गुणोत्तर मध्यमा 9 भए समानान्तरीय मध्यमा कति होला ?
The geometric mean of P and 27 is 9. What is its arithmetic mean ?

Model 8 Problems based on sigma notation of a GP.

19. तलका श्रेणीहरू गुणोत्तर श्रेणी हुन् भनी देखाउनुहोस् । (Show that the following series are the geometric series.)

A. $\sum_{n=1}^{20} 3(4)^{n-2}$ **B.** $\sum_{k=1}^{10} 3^k$ **C.** $\sum_{n=1}^{5} 5 \times 4^{n+1}$

20. गुणोत्तर श्रेणीहरूको योगफल पत्ता लगाउनुहोस् (Find the sum of the geometic series):

A. $\sum_{n=2}^{6} 3(4)^{n-2}$ **B.** $\sum_{k=3}^{8} 2(-2)^k$ **C.** $\sum_{n=1}^{5} 3^n$

21. तलका गुणोत्तर श्रेणीमा k को मान पत्ता लगाउनुहोस् । (In the following geometric series, find the value of k.)

A. $\sum_{n=1}^{5} k \cdot 3^n = 1815$ **B.** $\sum_{n=1}^{5} k\,(4)^{n-1} = 1023$

Model 9 Problems based on application of geometric sequence/series.

22A. एउटा कल्चरमा 100 ब्याक्टेरिया छन् । एक दिन पछि त्यहाँ 300 ब्याक्टेरिया भए र दुई दिनपछि 900 ब्याक्टेरिया भए भने आठौँ दिनपछि त्यहाँ कति ब्याक्टेरिया होलान् ?
A culture contains 100 bacteria. After one day, there are 300 bacteria present and after two days 900 bacteria present. How many bacteria will be there after eight days?

22B. एउटी केटीले एक महिनामा रु. 400 बचत गर्दछिन् । अर्को महिनामा रु. 800 र तेस्रो महिनामा रु.1600 बचत गर्दछिन् । यदि उनले यही क्रममा बचत गर्दै जान्छिन् भने 8 महिनामा कति बचत गर्दछिन् ?
A girl saves Rs 400 during one month, Rs 800 in the next month; Rs 1600 in the third month. If she continues her savings in this sequence, find her saving in 8 months .

www.drmathnp.com

puspas.com.np

B. LONG QUESTIONS

Model 1 Problems based on finding indicated term of a GS.

1A. दोस्रो र पाँचौं पदहरू क्रमशः 6 र 162 भएको गुणोत्तर श्रेणीको चौथो पद पत्ता लगाउनुहोस् ।
Find the 4^{th} term of a GS whose 2^{nd} term and 5^{th} terms are 6 and 162 respectively.

1B. एउटा GS को छैटौं र दशौं पदहरू क्रमशः 64 र 1024 भए यसको आठौं पद निकाल्नुहोस् ।
The 6^{th} and 10^{th} terms of a GS are 64 and 1024 respectively. Find the 8^{th} term.

2A. एउटा गुणोत्तर श्रेणीको तेस्रो र छैटौं पदहरू 1 : 8 को अनुपातमा छन् । यदि आठौं पद 512 भए सो श्रेणीको पाचौं पद पत्ता लगाउनुहोस् ।
The third and sixth terms of a geometric series are in the ratio of 1 : 8. If eighth term of the series is 512 then find the fifth term.

2B. एउटा गुणोत्तर श्रेणीको तेस्रो र छैटौं पदहरू 1 : 8 को अनुपातमा छन् । यदि आठौं पद 384 भए सो श्रेणीको पाचौं पद पत्ता लगाउनुहोस् ।
The third and sixth terms of a geometric series are in the ratio of 1 : 8. If eighth term of the series is 384 then find the fifth term.

2C. एउटा GP को पहिलो पद तेस्रो पद भन्दा 9 ले धेरै र दोस्रो पद, चौथो पद भन्दा 18 ले धेरै छ । सो GP को पाचौं पद पत्ता लगाउनुहोस् ।
In a GP, the first term is 9 more than the third term and the second term is 18 more than fourth term. Find the fifth term of the GP.

2D. एउटा समानान्तरीय अनुक्रमको पाचौं पद दोस्रो पदको दोब्बर भन्दा दुईले धेरै छ र सो अनुक्रमको सातौं पद तेस्रो पदको तेब्बर भन्दा 1 ले कमी छ । उक्त अनुक्रमको 20 औं पद पत्ता लगाउनुहोस् ।
The fifth term of an AP is two more than double of second term and seventh term of the AP is one less than thrice the third term. Find the 20^{th} term of the AP.

3A. यदि $4, 2x-4, \ldots\ldots, 64, 21x+2$ एउटा गुणोत्तर अनुक्रमको पदहरू भए x को मान र चौथो पद पत्ता लगाउनुहोस् ।
If $4, 2x-4, \ldots\ldots, 64, 21x+2$ are the terms of geometric sequence, find the value of x and the fourth term.

3B. $k+9, k-6$ र 4 एउटा गुणोत्तर अनुक्रमका तीन पदहरू भए k को मानहरू पत्ता लगाउनुहोस र प्रत्येक अवस्थामा चौथो पद पनि पत्ता लगाउनुहोस् ।
Find the values of k for which $k+9$, $k-6$ and 4 are the three terms of a geometric progression and calculate the fourth term in each case.

Model 2 Problems based on finding the position of a given term in a given GP.

4A. एउटा गुणोत्तर अनुक्रमको दोस्रो पद 1 र चौथो पद $\frac{1}{4}$ भए कुन चाहिँ पद $\frac{1}{128}$ होला ?
If second term and the fourth term of a geometric sequence are 1 and $\frac{1}{4}$ respectively, which term is $\frac{1}{128}$?

4B. एउटा गुणोत्तर अनुक्रमको दोस्रो पद 20 र पाचौं पद 160 भए कुन चाहिँ पद 5120 होला ?
If second term and the fifth term of a geometric sequence are 20 and 160 respectively, which term is 5120 ?

Model 3 Problems based on geometric means between two numbers.

5A. यदि $\frac{2}{3}, x, y, -\frac{1}{96}$ गुणोत्तर श्रेणीमा छन् भने x र y का मानहरू पत्ता लगाउनुहोस् ।
If $\frac{2}{3}, x, y, -\frac{1}{96}$ are in geometric series, find the values of x and y.

5B. $64, x, y$ र 8 गुणोत्तर श्रेणीमा छन् भने x र y का मानहरू पत्ता लगाउनुहोस् ।
Find the values of x and y if $64, x, y$ and 8 are in geometric series.

5C. यदि $a, -3, 9, b$ गुणोत्तर श्रेणीमा छन् भने a र b का मानहरू निकाल्नुहोस् ।
If $a, -3, 9, b$ are in geometric series, find the values of a and b.

5D. यदि $1024, a, b, c, d, 1$ एउटा GP मा भए a, b, c र d का मानहरू पत्ता लगाउनुहोस् ।
If $1024, a, b, c, d, 1$ are in a GP then find the values of a, b, c and d.

Model 4 Problems based on finding number of geometric means and the value of x.

6A. 8^{-1} र x को बिचमा 5 ओटा गुणोत्तर मध्यमाहरू छन् । यदि तेस्रो मध्यमा 1 भए अन्य मध्यमाहरू पत्ता लगाई x को मान पत्ता लगाउनुहोस् ।
5 GM's are inserted between 8^{-1} and x. If the third mean is 1, find out the other means and the value of x.

www.drmathnp.com

pusnas.com.np

6B. 4 र x को बिचमा 4 ओटा गुणोत्तर मध्यमाहरू छन् । यदि तेस्रो मध्यमा 32 भए अन्य मध्यमाहरू पत्ता लगाई x को मान पत्ता लगाउनुहोस् ।
4 GM's are inserted between 4 and x. If the third mean is 32, find out the other means and the value of x.

6C. 5 र x को बिचमा 4 ओटा गुणोत्तर मध्यमाहरू छन् । यदि तेस्रो मध्यमा 40 भए अन्य मध्यमाहरू पत्ता लगाई x को मान पत्ता लगाउनुहोस् ।
4 GM's are inserted between 5 and x. If the third mean is 40, find out the other means and the value of x.

6D. x र 729 को बिचमा 4 ओटा गुणोत्तर मध्यमाहरू छन् । यदि तेस्रो मध्यमा 81 भए अन्य मध्यमाहरू पत्ता लगाई x को मान पत्ता लगाउनुहोस् ।
4 GM's are inserted between x and 729. If the third mean is 81, find out the other means and the value of x.

Model 5 *Problems based on terms and the sum of a geometric sequence/series.*

7A. यदि एउटा GP को सातौँ पद 1 र एघारौँ पदको 16 गुणा पनि 1 छ भने पहिला 7 पदहरूको योगफल पत्ता लगाउनुहोस् ।
If the 7^{th} term of a GP is 1 and 16 times its 11^{th} term is also 1, find the sum of its first 7 terms.

7B. एउटा गुणोत्तर अनुक्रमको छैटौँ पद 1 र दोस्रो पदको 16 गुणा पनि 1 छ । पहिला एघार पदहरूको योगफल पत्ता लगाउनुहोस् ।
In a geometric sequence, the sixth term is 1 and the 16 times of second term is also 1. Find the sum of first eleven terms.

7C. एउटा गुणोत्तर श्रेणीका पहिलो 2 ओटा पदहरूको योगफल 3 र पहिलो 4 ओटा पदहरूको योगफल 15 छ । यदि समान अनुपात धनात्मक भए पहिलो 6 ओटा पदहरूको योगफल निकाल्नुहोस् ।
In a geometric series, the sum of first two terms is 3 and the sum of first four terms is 15. If the common ratio is +ve, find the sum of first six terms.

7D. एउटा धनात्मक समान अनुपात भएको गुणोत्तर श्रेणीका पहिला चार पदहरूको योगफल 40 र पहिला दुई पदहरूको योगफल 4 छ भने सो श्रेणीका पहिला आठ पदहरूको योगफल निकाल्नुहोस् ।
In a geometric series having +ve value of common ratio, the sum of first four terms is 40 and the sum of first two terms is 4. Find the sum of first eight terms of the series.

8A. दिइएको श्रेणी $9 + 3 + 1 + \ldots\ldots\ldots + 9^{-1}$ छ । यो श्रेणीमा कतिओटा पदहरू छन् ? श्रेणीको योगफल निकाल्नुहोस् ।
Given series is $9 + 3 + 1 + \ldots\ldots\ldots + 9^{-1}$. How many terms are there in the series ? Calculate the sum.

8B. दिइएको श्रेणी $4 + 8 + 16 + \ldots\ldots + 256$ छ । यो श्रेणीमा कतिओटा पदहरू छन् ? श्रेणीको योगफल निकाल्नुहोस् ।
Given series is $4 + 8 + 16 + \ldots\ldots + 256$. How many terms are there in the series ? Calculate the sum.

8C. अनुक्रमहरू 2, 4, 8, 16, 32 र 128, 32, 8, 2, 2^{-1} का संगती पदहरूको गुणनफलहरूको योगफल क्याल्कुलेटरको प्रयोग नगरी पत्ता लगाउनुहोस् ।
13B. चित्रमा दिइएको जानकारीबाट रेखाहरू AB र CD को संयुक्त समीकरण र तिनीहरूबिचको कोण पत्ता लगाउनुहोस् ।




www.drmathnp.com

puspas.com.np

From the given information in the figure, find the joint equation of AB and CD and the angle between them.


13C. चित्रमा रेखाहरू AB र CD को संयुक्त समीकरण $x^2 + xy - 6x - 2y + 8 = 0$ भए रेखा CD को समीकरण पहिचान गरी CD ले X-अक्षसँग बनाएको कोण पत्ता लगाउनुहोस् ।

In the figure, the joint equation of lines AB & CD is $x^2 + xy - 6x - 2y + 8 = 0$. Identify the equation of line CD and the angle made by CD with X-axis.



13D. चित्रबाट रेखाहरू AB र CD को संयुक्त समीकरण र तिनीहरूबिचको कोण पत्ता लगाउनुहोस् ।

From the figure, find the joint equation of AB and CD and angle between them.



Model 10 Miscellaneous problems.

14A. अक्षहरूमा खण्डहरू 4 र 5 बनाउने रेखा र बिन्दुहरू (2, 3) र (4, 5) भएर जाने रेखा दुवै जनाउने सीधारेखाहरूको एकल समीकरण पत्ता लगाउनुहोस् ।

Find the single equation of straight lines which of one is making intercepts 4 and 5 on axes and the other is passing through the points (2, 3) and (4, 5).

14B. अक्षहरूमा खण्डहरू 8 र 10 बनाउने रेखा र बिन्दुहरू (4, 6) र (8, 10) भएर जाने रेखा दुवै जनाउने सीधारेखाहरूको एकल समीकरण पत्ता लगाउनुहोस् ।

Find the single equation of straight lines which of one is making intercepts 8 and 10 on axes and the other is passing through the points (4, 6) and (8, 10).

ANSWERS

A. SHORT QUESTIONS

1A. $2x^2 + 7xy + 3y^2 = 0$ **1B.** $6x^2 + 5xy - 6y^2 = 0$ **1C.** $2x^2 - xy - 6y^2 - x + 2y = 0$ **1D.** $10x^2 - 19xy + 6y^2 - 35x + 14y = 0$

1E. $ax^2 + 2hxy + by^2 = 0$ **2A.** $2x^2 + xy - 3y^2 = 0$ **2B.** $2x^2 + xy - 3y^2 = 0$ **2C.** $x^2 - xy + 2x - 2y = 0$

2D. $y^2 - x^2 \sin^2\theta = 0$ **2E.** $x^2 + 2xy - 5x = 0$ **2F.** $2y^2 + xy - 5y = 0$ **3A.** $x = y, x + y = 3$

3B. $x - 2y = 0, x + 2y - 2 = 0$ **3C.** $x - 4y = 0, x - y = 0$ **3D.** $x - c = 0, x + y = 0$ **3E.** $x - y = 0, x + y = 1$

3F. $bx - ay = 0, ax - by = 0$ **3G.** $ax = by, bx + ay = 0$ **3H.** $ax = 2y, 2x + ay = 0$ **3I.** $9x = by, bx + 9y = 0$

3J. $bx + a = 0, ax + b = 0$ **3K.** $a^2 + b^2 = 0$, $x^2 + y^2 = 0$ **3L.** $x = -2, y = x$ **4A.** 18° or 162° **4B.** 26° or 154°

4C. $\tan^{-1}\left(\pm\frac{5}{3}\right)$ **4D.** 30°, 150° **4E.** $\tan^{-1}(\pm\sqrt{p^2-1})$ **4F.** 60°, 120° **4G.** 90° **4H.** $\tan^{-1}(\pm 4)$ **5A.** 18°

5B. 45° **5C.** 18.4° **5D.** 45° **5E.** A° **5F.** 10° **6A.** 135° **6B.** 135°

6C. 161.6° **6D.** 135° **6E.** 150° **6F.** 120° **7A.** $x + 2y = 0, 2x - y = 0$; 90°

7B. $3x - y = 0, x + 3y = 0$; 90° **8B.** $m = \pm 2$ **9A.** $-\frac{5}{6}$ **9B.** $p = 3$ **9C.** $p = 2, 1$ **9D.** -5

9E. $-\frac{7}{3}$ **9F.** 4 **10A.** $a = 2b$ **10B.** $3n = m$ **12A.** 2 **12B.** $-\frac{9}{5}$ **12C.** 1

12D. $-\frac{7}{16}$ **12E.** -1 **12F.** 25 **12G.** 5 **12H.** 3 **12I.** $-\frac{1}{7}, -\frac{5}{3}$

13. $4b^2 = 5(a + 1)$ **14.** $a = 2b$

B. LONG QUESTIONS

1A. $x - y = 0, x + y + 1 = 0$, 90° **1B.** $x + (2 + \sqrt{3})y = 0, x + (2 - \sqrt{3})y = 0$; 60°, 120° **1C.** $y = 3x, y + 2x = 0$; 135° or 45°

1D. $x - 3y = 0, 3x + y = 0$, 90° **1E.** $2x - 3y = 0, 5x + 2y = 0$, 78.11°, 101.89° **1F.** $x + 2y = 0, 3x - y = 0$, 45°, 135°

2A. $2x - 3y = 0, x + 2y = 8, \tan^{-1}\left(\frac{7}{4}\right)$ **2B.** $x - 2y + 1 = 0, 3x - y = 0$; 45° or 135° **2C.** $2x + 3y = 5, x - 2y + 4 = 0$; 60°,120°

2D. $2x - y + 3 = 0, 3x + 4y - 1 = 0$; 80° or 100° **2E.** $x = y + 1, 3x + y = 2$; 63° or 117° **2F.** $2x = y, x = y - 1$; 18° or 162°

3B. $x = (\sec A + \tan A)\, y$ and $x = (\sec A - \tan A)\, y$; $\pm A$ **3C.** $x = (\cot A + \text{cosec } A)\, y$ and $x = (\cot A - \text{cosec } A)\, y$; 90°

3D. $x - (\text{cosec } 2\alpha - \cot 2\alpha)\, y = 0$ and $x + (\text{cosec } 2\alpha + \cot 2\alpha)$, 90° **3E.** $x = y \tan\alpha, x = y \tan\alpha$; 0°, 180°

3F. $x - (\text{cosec } 40° - \cot 40°)\, y = 0$ and $x + (\text{cosec } 40° + \cot 40°)$, 90° **3G.** $x = (\text{cosec } 20° \pm \cot 20°)\, y$; tan–1(± cot 20°)

3H. $x - y(\cot 40° + \text{cosec } 40°) = 0, x - y(\cot 40° - \text{cosec } 40°) = 0$, 90° **4C.** $ax - by = 0, bx + ay = 0$; 90°

5A. $2x^2 + 3xy + y^2 + 5x + 2y = 3, \tan^{-1}\left(\pm\frac{1}{3}\right)$ **5B.** $x^2 - y^2 + x + y$, 90° **5C.** $x^2 - xy - 2y^2 - x - y, \tan^{-1}(\pm 3)$

5D. $x^2 - 2xy \text{ cosec } \theta + y^2 = 0, \tan^{-1}(\pm \cot\theta)$ **5E.** $x^2 - 2xy \cot 2A - y^2 = 0$, 0, 90° **6A.** $2x + y - 5 = 0, 3x - y - 5 = 0$; (2, 1)

6B. $x + y + 1 = 0, x + 2y + 3 = 0$, (1, –2) **6C.** $x - y + 2 = 0, x + y = 4$; (1, 3) **7A.** $x - y + 2 = 0, 2x + y + 1 = 0$

7B. $x - y + 1 = 0, x + y = 2$ **7C.** $3y = x + 1, x + 2y = 2$ **8A.** $k = \pm 6, 2x - 3y = 0, 2x - 3y = 0, 2x + 3y = 0, 2x + 3y = 0$

8B. $2, 2x = y, x + 2y = 0$ **8C.** $a = 1, x + 3y = 0, 3x - y = 0$ **8D.** $x - 3y = 0$ and $3x + y = 0$ **8E.** $p = 2, \left(\frac{1}{2}, \frac{1}{2}\right)$

9A. 3 or –15 **9B.** $x - 3y = 0, x + 2y = 0$ **10A.** $2x^2 - 3xy + y^2 = 0$ **10B.** $3x^2 - xy - 2y^2 = 0$ **10C.** $3x^2 + 8xy - 3y^2 = 0$

10D. $5x^2 + 7xy + 2y^2 = 0$ **10E.** $4x^2 - 6xy + 2y^2 = 0$ **10F.** $5x^2 - 8xy + 3y^2 = 0$ **11A.** $(x - 2)(x + y - 5) = 0$

www.drmathnp.com

11B. $(x-2y+4)(x-4y+10)=0$ **11C.** $(2x+5y-19)(2x-y-1)=0$ **12A.** $x^2-y^2-2x+6y-8=0$
12B. $x^2+2xy+y^2-14x-14y+45=0$ **12C.** $x^2-y^2+x-y=0$ **13A.** $x^2-y^2+2x-2y=0$; $(-1,-1)$
13B. $x^2-y^2+2x-2y=0$; 90° **13C.** $x+y=4$; 45° or 135° **13D.** $x^2+xy-6x-2y+8=0$; 45° or 135°
14A. $5x^2-xy-4y^2-15x+24y-20=0$ **14B.** $5x^2-xy-4y^2-30x+48y-80=0$

CHALLENGING EXERCISE 2

1. समीकरण $16x^2+24xy+9y^2+24x+18y-5=0$ ले जोडा समानान्तर रेखाहरूको प्रतिनिधित्व गर्दछ भनी देखाउनुहोस् र तिनीहरूबिचको दुरी पनि पत्ता लगाउनुहोस् ।
Show that $16x^2+24xy+9y^2+24x+18y-5=0$ represents a pair of parallel straight lines and find the distance between them.

2. समीकरण $x^2+6xy+9y^2+4x+12y-5=0$ ले जोडा समानान्तर रेखाहरूको प्रतिनिधित्व गर्दछ भनी देखाउनुहोस् र तिनीहरूबिचको दुरी पनि पत्ता लगाउनुहोस् ।
Show that $x^2+6xy+9y^2+4x+12y-5=0$ represents a pair of parallel straight lines and find the distance between them.

6. जोडा रेखा $2x^2-xy-6y^2+4x+6y=0$ सँग लम्ब हुने र बिन्दु (2, 3) भएर जाने रेखाको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of pair of lines passing through the point (2, 3) and perpendicular to the line pair $2x^2-xy-6y^2+4x+6y=0$.

7. समीकरण $(x^2+y^2)\sin^2\alpha=(x\cos\theta-y\sin\theta)^2$ ले प्रतिनिधित्व गरेको रेखाहरूबिचको कोण पत्ता लगाउनुहोस् ।
Find the angle between the lines represented by the equation: $(x^2+y^2)\sin^2\alpha=(x\cos\theta-y\sin\theta)^2$

Hint : Here, the given equation of two lines is; $(x^2+y^2)\sin^2\alpha=(x\cos\theta-y\sin\theta)^2$
i.e. $x^2\sin^2\alpha+y^2\sin^2\alpha=x^2\cos^2\theta+y^2\sin^2\theta-2xy\sin\theta.\cos\theta$
or, $x^2(\sin^2\alpha-\cos^2\theta)+y^2(\sin^2\alpha-\sin^2\theta)+2xy\sin\theta.\cos\theta=0$
or, $(\sin^2\alpha-\cos^2\theta)x^2+2\sin\theta.\cos\theta\,xy+y^2(\sin^2\alpha-\sin^2\theta)=0$ ....(i)
Comparing the equation (i) with $ax^2+2hxy+by^2=0$,
$a=\sin^2\alpha-\cos^2\theta$, $h=\sin\theta.\cos\theta$, $b=\sin^2\alpha-\sin^2\theta$
If β be the angle between the two lines then, we know,

$$\tan\beta=\frac{2\sqrt{h^2-ab}}{a+b}=\frac{2\sqrt{\sin^2\theta\cos^2\theta-(\sin^2\alpha-\cos^2\theta)(\sin^2\alpha-\sin^2\theta)}}{\sin^2\alpha-\cos^2\theta+\sin^2\alpha-\sin^2\theta}$$

$$=\frac{2\sqrt{\sin^2\theta.\cos^2\theta-\sin^4\alpha+\sin^2\alpha\sin^2\theta+\sin^2\alpha\cos^2\theta-\sin^2\theta.\cos^2\theta}}{\sin^2\alpha-1+\sin^2\theta+\sin^2\alpha-\sin^2\theta}$$

$$=\frac{2\sin\alpha\sqrt{-\sin^2\alpha+\sin^2\theta+\cos^2\theta}}{2\sin^2\alpha-1}=\frac{2\sin\alpha\sqrt{1-\sin^2\alpha}}{\cos2\alpha}=\frac{2\sin\alpha.\cos\alpha}{\cos2\alpha}=\frac{\sin2\alpha}{\cos2\alpha}=\tan2\alpha$$

$\therefore \tan\beta=\tan2\alpha$
Thus, the angle between the lines represented by the given equation is 2α.

8. समीकरण $x^2+y^2=c^2\left(\frac{bx+ay}{ab}\right)^2$ ले प्रतिनिधित्व गरेको रेखाहरूले एउटा समकोण बनाउने भए $\frac{1}{a^2}+\frac{1}{b^2}+\frac{1}{c^2}=\frac{3}{c^2}$ हुन्छ भनी प्रमाणित गर्नुहोस् ।

If the lines represented by the equation $x^2+y^2=c^2\left(\frac{bx+ay}{ab}\right)^2$ form a right angle then prove that : $\frac{1}{a^2}+\frac{1}{b^2}+\frac{1}{c^2}=\frac{3}{c^2}$

9. $x^2+y^2=a^2\left(\frac{y-mx}{c}\right)^2$ ले जनाउने रेखाहरू आपसमा लम्ब भए $\frac{c^2}{a^2}=\frac{1+m^2}{2}$ हुन्छ भनी प्रमाणित गर्नुहोस् ।

If the two lines represented by the equation $x^2+y^2=a^2\left(\frac{y-mx}{c}\right)^2$ are perpendicular to each other then prove that: $\frac{c^2}{a^2}=\frac{1+m^2}{2}$

10. समीकरण $q^2(x^2+y^2)=p^2(y-mx)^2$ ले जनाउने रेखाहरू आपसमा सम्पाती भए $\frac{p^2}{q^2}=\frac{1}{1+m^2}$ हुन्छ भनी प्रमाणित गर्नुहोस् ।

If the lines represented by the equation $q^2(x^2+y^2)=p^2(y-mx)^2$ are coincident; prove that: $\frac{p^2}{q^2}=\frac{1}{1+m^2}$

11. रेखाहरू $2kx^2+4xy+y^2=0$ बिचको कोण 60° भए सीधा रेखाहरूको छुट्टाछुट्टै समीकरणहरू पत्ता लगाउनुहोस् ।
If the angle between the lines $2kx^2+4xy+y^2=0$ is 60°, find the separate equation of the straight lines.

ANSWERS

puspas.com.np

www.drmathnp.com

puspas.com.np

1. $\frac{2\sqrt{14}}{5}$ units **2.** $\frac{3\sqrt{10}}{5}$ units


6. $6x^2 - xy - 2y^2 - 21x + 14y = 0$ **11.** $x = y(-2 \pm 3)$ or $x = (\pm\sqrt{3} - 2)\,y$ and $13x = (6 \pm 5\sqrt{3})y$

www.drmathnp.com

puspas.com.np

3. शाङ्कि क्षेत्र CONIC SECTION

1. सोली (Cone) :



वृत्ताकार आधारलाई कुनै बिन्दुमा वक्र सतहद्वारा जोडिएको तीन आयामिक वस्तुलाई सोली भनिन्छ ।
अर्को शब्दमा, समकोण त्रिभुजलाई यसैको एउटा छोटो भुजाको वरीपरी छिटो भन्दा छिटो घुमाउदा देखिने ठोसलाई सोली भनिन्छ ।

A 3 - dimensional solid object that has a circular base joined to a point by a curved surface, is called cone. In other words, rotating a right angled triangle around one of its shortest sides as fast as possible will produce a cone.

2. सोलीको अक्ष (Axis of cone) :

सोलीको शिर्षबिन्दु र वृत्ताकार आधारको केन्द्रबिन्दु जोड्ने रेखालाई सोलीको अक्ष भनिन्छ ।
The line joining vertex and the centre of the circular base is called the axis of cone.


3. सोलीको जेनेरेटर (Generator of cone) :

सोलीको शिर्षबिन्दु र वृत्ताकार आधारको परिधि जोड्ने रेखा वा छड्के उचाइलाई सोलीको जेनेरेटर भनिन्छ ।
The line joining vertex and the circumference of the circular base or slant height of cone is called the generator of cone.

4. शाङ्कि क्षेत्र (Conic section)

सोलीको सतहलाई समतल सतहले प्रतिच्छेदन गर्दा प्राप्त हुने वक्रलाई शाङ्कि क्षेत्र भनिन्छ ।
A conic section is a curve obtained by the intersection of the surface of a cone with a plane.


5. वृत्त (Circle)



कुनै समतलीय सतहले सोलीको अक्षसँग 90° बनाई वा सोलीको आधारसँग समानान्तर भई सोलीलाई प्रतिच्छेदित गर्दा बन्ने आकृति वा समतलीय वक्र नै वृत्त हो ।
अर्को शब्दमा, समतल सतहले सोलीको अक्षसँग लम्ब हुने गरी प्रतिच्छेदन गर्दा बन्ने वक्र वा क्षेत्रलाई वृत्त भनिन्छ ।

The plane curve formed by intersecting a cone with a plane surface making an angle of 90° with the axis of cone or parallel to the base of the cone is called circle.
In other words, if a plane cuts the cone perpendicularly to its axis, then the section formed by the intersection of the plane and cone is a circle.

6. दीर्घवृत्त (Ellipse)



कुनै समतलीय सतहले सोलीको एउटा भागलाई काट्दा उक्त सतहले सोलीको अक्षसँग बनाएको कोण θ छ र उक्त कोण θ को मान यदि semi vertical angle (α) भन्दा ठूलो र 90° भन्दा सानो अर्थात् $\alpha < \theta < 90°$ छ भने सो अवस्थामा सोली र सतहको प्रतिच्छेदनबाट बनेको समतलीय वक्र नै दीर्घवृत्त (Ellipse) हो ।
अर्को शब्दमा, समतल सतहले अर्धशिर्षकोण भन्दा ठूलो कोण अक्षसँग बनाई प्रतिच्छेदन गर्दा बन्ने बन्द वक्र वा क्षेत्रलाई दीर्घवृत्त (Ellipse) भनिन्छ ।

The plane curve formed by intersecting a cone with a plane surface making an angle of θ with the axis of cone in such a way that the value of θ is greater than the semi vertical angle (α) and less than 90° ($\alpha < \theta < 90°$) is called an ellipse.
In other words, if a plane cuts the cone such that the angle made by the plane with the axis is greater than the semi-vertical angle, then the closed curve or the section formed is an ellipse.

www.drmathnp.com

puspas.com.np

7. अनुवृत्त (Parabola)




यदि समतल सतहले सोलीलाई प्रतिच्छेदन गर्दा सो समतलीय सतहले बनाएको कोण θ र semi vertical angle (α) बराबर भएको अवस्थामा (θ = α) अथवा जेनेरेटर (generator) सँग समतलीय सतह समानान्तर छ भने समतलीय सतह र सोलीको प्रतिच्छेदनबाट बन्न गएको वक्रलाई अनुवृत्त (Parabola) भनिन्छ ।

अर्को शब्दमा, समतल सतहले सोलीको जेनेरेटरसँग समानान्तर हुने गरी प्रतिच्छेदन गर्दा प्राप्त हुने खुल्ला वक्रलाई अनुवृत्त (Parabola) भनिन्छ ।

The plane curve formed by intersecting a cone with a plane surface in such a way that the plane surface is parallel to the generator and the angle made by the plane surface with the axis of cone (θ) is equal to the semi-vertical angle α (θ = α) is called parabola.

In other words, if a plane cuts the cone such that it is parallel to the generator of the cone, then the open curve or the section formed will be a parabola.

8. अति परावलय (Hyperbola):



समतलीय सतहले सोलीको दुवै भागलाई काटेको अवस्थामा समतलीय सतहले सोलीको अक्षसँग बनाएको कोण θ छ भने θ < α (semi-vertical angle) हुन्छ । सोलीको दुवै भाग र समतलीय सतहको प्रतिच्छेदनबाट बन्न गएको समतलीय वक्रलाई अति परावलय (Hyperbola) भनिन्छ ।

अर्को शब्दमा, समतल सतहले एउटै शीर्षबिन्दु भएको जोडी सोलीको अक्षसँग अर्धशीर्षकोण भन्दा सानो कोण बनाई प्रतिच्छेदन गर्दा बन्ने खुल्ला वक्र वा क्षेत्रलाई अति परावलय (Hyperbola) भनिन्छ ।

A plane curve formed by intersecting a double napped cone with a plane in such a way that the angle made by the plane surface with the axis of cone (θ) is less than the semi-vertical angle α (θ < α) is called hyperbola.

In other words, if a plane cuts the double right cone such that the angle between the axis and the plane is less than the semi-vertical angle, then their intersection forms a curve or a section which is a hyperbola.

SEE / SLC REVIEW MESSAGE

A. VERY SHORT QUESTION

Model	SEE Examination History (2065 to 2075)	n(Q)
Model 1	SEE MODEL 2076	1

SEE EXERCISE 3


A. VERY SHORT QUESTIONS

Model 1 *Definitions or formulae Recall.*

1. तलका पदहरू परिभाषीत गर्नुहोस् (Define the following terms):

A. सोली (Cone) **B.** शाङ्कि क्षेत्र (Conic section) **C.** पाराबोला (Parabola)
D. दीर्घ वृत्त (Ellipse) **E.** अतिपरावलय (Hyperbola) **F.** सोलीको अक्ष (Axis of cone)
G. वृत्त (Circle)

2. तलका वक्रहरूको नामाकरण गर्नुहोस् (Name the following curves):

(a)	(b)	(c)	(d)
			

3A. एउटा सोलीलाई समतलीय सतहले आधारको समानान्तर हुनेगरि प्रतिच्छेदन गर्दा कुन ज्यामितीय चित्र बन्दछ ?
Which geometrical figure will be formed if a plane intersects a cone parallel to its base? **[SEE MODEL 2076]**

3B. यदि प्रतिच्छेदित सतह सोलीको जेनेरेटरसँग समानान्तर भए कुन शाङ्कि भाग बन्दछ ?
If the intersection plane is parallel to the generator of cone then what conic does it form?

3C. यदि प्रतिच्छेदित सतह सोलीको अक्षसँग समानान्तर भए कुन शाङ्कि भाग बन्दछ ?
If the intersection plane is parallel to the axis of cone then what conic does it form?

www.drmathnp.com

puspas.com.np

4A. एउटा सतहले सोलीको अक्षसँग लम्ब हुने गरी र सोलीको शीर्षबिन्दुबाट नजाने गरी प्रतिच्छेदित गर्दछ । यसरी बन्ने शाङ्कि‍क भागको नाम लेख्नुहोस् ।
A plane perpendicularly intersects a cone not passing through the vertex. Name the section so formed.


4B. एउटा सतहले समकोणी सोलीलाई शीर्षबिन्दुबाट नजाने गरी र सोलीको अक्षसँग सो सतहले बनाएको कोण भन्दा अर्धशीर्षकोण (Semi vertical angle) α सानो हुने गरी प्रतिच्छेदन गर्दछ । यसरी बन्ने शाङ्कि‍क भागको नाम लेख्नुहोस् ।
A plane cuts the right cone not passing through its vertex and semi vertical angle α is less than angle made by the plane to the axis of cone. Name the section so formed.

5A. सोलीको अर्धशीर्षकोण α र सोलीको अक्षसँग समतल सतहले बनाएको कोण θ छ । यदि $\theta = \alpha$ भए समतलीय सतह र सोलीको प्रतिच्छेदनबाट बन्ने शाङ्कि‍कलाई के भनिन्छ ?
The semi vertical angle of a cone is α and the angle made by the plane with the axis of cone is θ . If $\theta = \alpha$, what is the name of the conic section formed by the intersection of a plane surface and cone?

5B. सोलीको अर्धशीर्षकोण α र सोलीको अक्षसँग समतल सतहले बनाएको कोण θ छ । यदि $\alpha < \theta < 90°$ भए समतलीय सतह र सोलीको प्रतिच्छेदनबाट बन्ने शाङ्कि‍कलाई के भनिन्छ ?
The semi vertical angle of a cone is α and the angle made by the plane with the axis of cone is θ . If $\alpha < \theta < 90°$, what is the name of the conic section formed by the intersection of a plane surface and cone?

5C. सोलीको अर्धशीर्षकोण α र सोलीको अक्षसँग समतल सतहले बनाएको कोण θ छ । यदि $\theta < \alpha$ भए समतलीय सतह र सोलीको प्रतिच्छेदनबाट बन्ने शाङ्कि‍कलाई के भनिन्छ ?
The semi vertical angle of a cone is α and the angle made by the plane with the axis of cone is θ . If $\theta < \alpha$, what is the name of the conic section generated by the intersection of a plane surface and cone?

6. सँगैको चित्रमा तलका प्रत्येकले के जनाउँदछ ?
What does each of the following represent in the figure?



A. AO **B.** AB **C.** α **D.** A

7A. कस्तो अवस्थामा दीर्घ वृत्त बन्दछ ? (In which condition, ellipse is formed?)

7B. कस्तो अवस्थामा पाराबोला बन्दछ ? (In which condition, parabola is formed?)

7C. कस्तो अवस्थामा अति परावलय बन्दछ ? (In which condition, hyperbola is formed?)


Model 2 *Concept Recall*

8A. एउटा सोलीको अर्ध शीर्षकोण 40° छ । समतल सतहले सोलीको अक्षसँग 30° को कोण बनाएर सो सोलीलाई प्रतिच्छेदन गर्दा बन्ने शाङ्कि‍कको नाम लेख्नुहोस् ।
The semi vertical angle of a cone is 40°. If the plane surface intersects the cone making an angle of 30° with the axis of the cone, write the name of the conic section so formed.

8B. एउटा सोलीको अर्ध शीर्षकोण 50° छ । समतल सतहले सोलीको अक्षसँग 60° को कोण बनाएर सो सोलीलाई प्रतिच्छेदन गर्दा बन्ने शाङ्कि‍कको नाम लेख्नुहोस् ।
The semi vertical angle of a cone is 50°. If the plane surface intersects the cone making an angle of 60° with the axis of the cone, write the name of the conic section so formed.

8C. एउटा सोलीको अर्ध शीर्षकोण 45° छ । समतल सतहले सोलीको अक्षसँग 45° को कोण बनाएर सो सोलीलाई प्रतिच्छेदन गर्दा बन्ने शाङ्कि‍कको नाम लेख्नुहोस् ।
The semi vertical angle of a cone is 45°. If the plane surface intersects the cone making an angle of 45° with the axis of the cone, write the name of the conic section so formed.

8D. एउटा सोलीको अर्ध शीर्षकोण 50° छ । समतल सतहले सोलीको अक्षसँग 90° को कोण बनाएर सो सोलीलाई प्रतिच्छेदन गर्दा बन्ने शाङ्कि‍कको नाम लेख्नुहोस् ।
The semi vertical angle of a cone is 50°. If the plane surface intersects the cone making an angle of 90° with the axis of the cone, write the name of the conic section so formed.



www.drmathnp.com

puspas.com.np

B. SHORT QUESTIONS

Model 1 *Problems based on vertical angle and angle with plane.*

1A. एउटा सोलीको शीर्षकोण 80° छ । सो सोलीलाई एउटा समतल सतहले प्रतिच्छेदन गर्दा पाराबोला बन्यो भने सोलीको अक्ष र समतल सतह बीचको कोण पत्ता लगाउनुहोस् ।
The vertical angle of a cone is 80°. If the cone is intersected by a plane so that a parabola is formed, find the angle between the axis of cone and the plane surface.

1B. एउटा सोलीको शीर्षकोण 70° छ । सो सोलीलाई एउटा समतल सतहले प्रतिच्छेदन गर्दा पाराबोला बन्यो भने सोलीको अक्ष र समतल सतह बीचको कोण पत्ता लगाउनुहोस् ।
The vertical angle of a cone is 70°. If the cone is intersected by a plane so that a parabola is formed, find the angle between the axis of cone and the plane surface.

2A. एउटा सोलीको शीर्षकोण 90° छ । सो सोलीलाई एउटा समतल सतहले प्रतिच्छेदन गर्दा एउटा दीर्घ वृत्त बन्यो भने सोलीको अक्ष र समतल सतह बीचको कोणको सम्भाव्य मान कति होला ?
The vertical angle of a cone is 90°. If the cone is intersected by a plane so that an ellipse is formed, what will be the possible value of angle between axis of cone and the plane?

2B. एउटा सोलीको शीर्षकोण 84° छ । सो सोलीलाई एउटा समतल सतहले प्रतिच्छेदन गर्दा एउटा दीर्घ वृत्त बन्यो भने सोलीको अक्ष र समतल सतह बीचको कोणको सम्भाव्य मान कति होला ?
The vertical angle of a cone is 84°. If the cone is intersected by a plane so that an ellipse is formed, what will be the possible value of angle between axis of cone and the plane?

3A. एउटा सोलीको शीर्षकोण 70° छ । सो सोलीलाई एउटा समतल सतहले प्रतिच्छेदन गर्दा एउटा अति परावलय बन्यो भने सोलीको अक्ष र समतल सतह बीचको कोणको सम्भाव्य मान कति होला ?
The vertical angle of a cone is 70°. If the cone is intersected by a plane so that an hyperbola is formed, what will be the possible value of angle between axis of cone and the plane?

3B. एउटा सोलीको शीर्षकोण 60° छ । सो सोलीलाई एउटा समतल सतहले प्रतिच्छेदन गर्दा एउटा अति परावलय बन्यो भने सोलीको अक्ष र समतल सतह बीचको कोणको सम्भाव्य मान कति होला ?
The vertical angle of a cone is 60°. If the cone is intersected by a plane so that an hyperbola is formed, what will be the possible value of angle between axis of cone and the plane?

Model 2 *Problems based on definitions.*

4A. वृत्त र दीर्घ वृत्तमा फरक लेख्नुहोस् । (Write the differences between circle and ellipse.)

4B. पाराबोला र हाइपरबोला (अति परावलय) मा फरक लेख्नुहोस् ।
Write the differences between parabola and hyperbola.

5A. सोलीको सचित्र परिभाषा दिनुहोस् । (Define cone with figure.)

5B. सोलीका विभिन्न भागहरू सचित्र देखाउनुहोस् । (Show the different parts of cone with figure.)

C. LONG QUESTIONS

1. शाङ्कुिक क्षेत्रको बारेमा लेखी यसका प्रकारहरू लेख्नुहोस् । (Write about conic section and its types.)

2. दीर्घ वृत्त, पाराबोला र हाइपरबोला बन्ने अवस्थाहरू उल्लेख गर्नुहोस् ।
Mention the conditions of formation of ellipse, parabola and hyperbola.

ANSWERS

A. VERY SHORT QUESTIONS

3A. Circle	**3B.** Parabola	**3C.** hyperbola	**4A.** circle	**4B.** Ellipse	**5A.** Parabola
5B. Ellipse	**5C.** Hyperbola	**6A.** axis of cone	**6B.** generator of cone	**6C.** semi vertical angle	**6D.** vertex
7A. $\alpha < \theta < 90°$	**7B.** $\theta = \alpha$	**7C.** $\theta < \alpha$	**8A.** Hyperbola	**8B.** Ellipse	**8C.** Parabola
8D. Circle					

A. SHORT QUESTIONS








1A. 40°	**1B.** 35°	**2A.** $> 45°$	**2B.** $> 42°$	**3A.** $< 35°$	**3B.** $< 30°$

www.drmathnp.com

puspas.com.np

4. वृत्त CIRCLE

FORMULAE AND KEY POINTS

क्र.स. S.N.	चित्र Figure	वृत्तको अवस्था Condition of Circle	वृत्तको समीकरण Equation of Circle
1.		वृत्तको केन्द्र उद्‌गम् बिन्दुमा हुँदा । The centre of circle is at origin.	$x^2 + y^2 = r^2$
2.		वृत्तको केन्द्र बिन्दु (h, k) हुँदा । The centre of circle is (h, k).	$(x-h)^2 + (y-k)^2 = r^2$
3.		व्यासका दुई छेउका बिन्दुहरू दिँदा । Two ends of diameter are given.	$(x-x_1)(x-x_2) + (y-y_1)(y-y_2) = 0$
4.		उद्‌गम् बिन्दु भएर जाने । Passing through origin $(r^2 = h^2 + k^2)$.	$(x-h)^2 + (y-k)^2 = h^2 + k^2$ $(r^2 = h^2 + k^2)$
5.		X-अक्षलाई छुँदा । Circle touches X-axis $(r = k)$.	$(x-h)^2 + (y-k)^2 = k^2$ $(r = k)$
6.		Y-अक्षलाई छुँदा । Circle touches Y-axis $(r = h)$.	$(x-h)^2 + (y-k)^2 = h^2$ $(r = h)$
7.		दुवै अक्षलाई छुँदा । Circle touches both the axes $(r = h = k)$.	$(x-h)^2 + (y-h)^2 = h^2$ **or,** $(x-k)^2 + (y-k)^2 = k^2$ **or,** $(x-r)^2 + (y-r)^2 = r^2$ $(r = h = k)$

8. वृत्तको समीकरण $x^2 + y^2 + 2gx + 2fy + c = 0$ को रूपमा भए (If the equation a circle is $x^2 + y^2 + 2gx + 2fy + c = 0$):

(i) केन्द्र = $(-g, -f)$ or, $(-\frac{1}{2}x$ को गुणाङ्क, $-\frac{1}{2}y$ को गुणाङ्क $)$


Centre = $(-g, -f)$ or, $(-\frac{1}{2}$ coefficient of x, $-\frac{1}{2}$ coefficient of $y)$

(ii) अर्धव्यास $= \sqrt{g^2 + f^2 - c}$ or, $\frac{1}{2}\sqrt{(x$ को गुणाङ्क $)^2 + (y$ को गुणाङ्क $)^2 - 4c}$

Radius $= \sqrt{g^2 + f^2 - c}$ or, $\frac{1}{2}\sqrt{(\text{coefficient of } x)^2 + (\text{coefficient of } y)^2 - 4c}$


www.drmathnp.com

9. वृत्त $x^2 + y^2 = a^2$ को बिन्दु (x_1, y_1) मा खिचिएको स्पर्शरेखाको समीकरण $xx_1 + yy_1 = a^2$ हुन्छ ।
The equation of tangent in a circle $x^2 + y^2 = a^2$ at a point (x_1, y_1) is $xx_1 + yy_1 = a^2$.



Proof of Important theorem

➢ व्यासका छेउ छेउका बिन्दुहरू दिइएको अवस्थामा वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of a circle, whose ends of diameter are given.



Solution

Let $A(x_1, y_1)$ and $B(x_2, y_2)$ be the ends of diameter of the circle. Take another point $P(x, y)$ at the circumference.

Now, slope of AP $(m_1) = \frac{y - y_1}{x - x_1}$ and slope of BP $(m_2) = \frac{y - y_2}{x - x_2}$

We have; $m_1 \times m_2 = -1$

[$\because \measuredangle APB$ = is the angle at the circumference so AP $\perp$ BP]

or, i.e. $\left(\frac{y - y_1}{x - x_1}\right) \times \left(\frac{y - y_2}{x - x_2}\right) = -1$ or, $\frac{(y - y_1)(y - y_2)}{(x - x_1)(x - x_2)} = -1$

or, $(y - y_1)(y - y_2) = -(x - x_1)(x - x_2)$ or, $(x - x_1)(x - x_2) + (y - y_1)(y - y_2) = 0$

This is the required equation of the circle.

SEE / SLC REVIEW MESSAGE

A. SHORT QUESTIONS

Models	SEE / SLC Examination History (2065 to 2075)	n(Q)
Model 1	2066 R', 2067 R, R', 2068 R, 2069 S, 2070 S, S', 2071 R, S, 2072 R, 2072 S, 2073 R', 2075 R'$_2$	12
Model 2	2065 M, 2065 S, 2066 R, 2068 S, 2070 R, 2070 R', SEE 2074 R', SEE 2074 S'	6
Model 3	2066 S, 2068 R', SEE 2074 R, SEE 2074 S, SEE 2075 R'	5
Model 4	2065 E, 2067 S	2
Model 5	2065 R, 2065 R', 2069 R, 2069 R', 2071 R' 2072 R', 2073 R, SEE 2073 S, SEE 2073 S', SEE 2075 R, R', R$_2$	12

C. LONG QUESTIONS

Models	SEE / SLC Examination History (2065 to 2075)	n(Q)
Model 1	2065 M, 2065 R, 2068 S, 2069 R', 2070 R', SEE 2074 R', SEE 2074 S', SEE 2075 R'$_2$	7
Model 2	2067 R', 2073 R, SEE 2073 S, SEE 2073 S', SEE 2074 S	4
Model 3	2070 S', 2072 R, 2072 S	3
Model 4	2065 E, 2065 S, 2066 R, 2067 R, 2068 R, 2068 S'	5
Model 5	2067 S, 2069 S, 2071 R, 2071 S, 2073 R'	5
Model 6	2066 S	1
Model 7	2065 R', 2069 R, SEE MODEL 2076	3
Model 8	-	-
Model 9	2068 R', 2070 R, 2070 S, 2072 R'	4
Model 10	SEE 2074 R	1
Model 11	2071 R', SEE 2075 R, R$_2$	3

SEE EXERCISE 4

A. VERY SHORT QUESTIONS

Model 1 *Definitions or formulae Recall.*

1A. शाङ्कि क्षेत्रको आधारमा वृत्तको परिभाषा दिनुहोस् । (Define circle with respect to the conic section.)

1B. एकै केन्द्रित वृत्तको परिभाषा दिनुहोस् । (Define concentric circle.)

2A. समीकरण $x^2 + y^2 = r^2$ ले जनाउने बिन्दुपथको नाम लेख्नुहोस् ।
Write the name of the locus represented by the equation $x^2 + y^2 = r^2$.

2B. समीकरण $(x - h)^2 + (y - k)^2 = r^2$ ले जनाउने बिन्दुपथको नाम लेख्नुहोस् ।
Write the name of the locus represented by the equation $(x - h)^2 + (y - k)^2 = r^2$.

3A. केन्द्र $(0, 0)$ र अर्धव्यास 'r' भएको वृत्तको समीकरण के हुन्छ ?
What is the equation of circle whose centre is $(0, 0)$ and radius 'r'?

3B. केन्द्र (a, b) र अर्धव्यास 'r' भएको वृत्तको समीकरण लेख्नुहोस् ।
State the equation of circle whose centre is (a, b) and radius 'r'.

puspas.com.np

www.drmathnp.com
puspas.com.np

3C. केन्द्र (h, k) हुने र बिन्दु $(0, 0)$ भएर जाने वृत्तको समीकरण के हुन्छ ?
What is the equation of circle which passes through $(0, 0)$ and has its centre at (h, k)?

4A. वृत्तको व्यास रूपको समीकरण लेख्नुहोस् । (State the diameter form of equation of circle.)

4B. एउटा वृत्तको साधारण रूपको समीकरण के हुन्छ ? (What is the general equation of a circle?)

4C. वृत्तको साधारण रूपको समीकरण दिइएको बेला केन्द्रबिन्दु र अर्धव्यास निकाल्ने सूत्र लेख्नुहोस् ।
Write the formula to calculate centre and radius of a circle when its general equation is given.

4D. एउटा वृत्तको समीकरण $x^2 + y^2 + 2gx + 2fy + c = 0$ मा $\sqrt{g^2 + f^2 - c}$ र $(-g, -f)$ ले के के जनाउँदछन् ?
What do $\sqrt{g^2 + f^2 - c}$ and $(-g, -f)$ represent in the equation of circle $x^2 + y^2 + 2gx + 2fy + c = 0$?

4E. समीकरण $x^2 + y^2 + 2ax + 2by + c = 0$ ले वृत्तको समीकरणलाई जनाउँदछ भने उक्त वृत्तको केन्द्रबिन्दु पत्ता लगाउनुहोस् ।
If the equation $x^2 + y^2 + 2ax + 2by + c = 0$ represents equation of circle then find the centre of the circle.

4F. समीकरण $x^2 + y^2 + 2ax + 2by + c = 0$ ले वृत्तको समीकरणलाई जनाउँदछ भने उक्त वृत्तको अर्धव्यास पत्ता लगाउनुहोस् ।
If the equation $x^2 + y^2 + 2ax + 2by + c = 0$ represents equation of circle then find the radius of the circle.

5A. केन्द्रबिन्दु (h, k) र अर्धव्यास 'r' एकाइ भएको वृत्तमा कुन अवस्थामा $r = k$ हुन्छ ?
Under what condition will $r = k$ of a circle with centre (h, k) and radius 'r' units?

5B. केन्द्रबिन्दु (h, k) र अर्धव्यास 'r' एकाइ भएको वृत्तमा कुन अवस्थामा $r = h$ हुन्छ ?
Under what condition will $r = h$ of a circle with centre (h, k) and radius 'r' units?

5C. केन्द्रबिन्दु (h, k) र अर्धव्यास 'r' एकाइ भएको वृत्तमा कुन अवस्थामा $r = h = k$ हुन्छ ?
Under what condition will $r = h = k$ of a circle with centre (h, k) and radius 'r' units?

6A. यदि P र Q केन्द्रबिन्दु भएका दुई वृत्तहरू बाहिरपट्टी बिन्दु A मा स्पर्श भएका छन् भने PA, QA र PQ को सम्बन्ध लेख्नुहोस् ।
If two circles with centres P and Q touch externally at a point A then write the relation among PA, QA and PQ.

6B. यदि P र Q केन्द्रबिन्दु भएका दुई वृत्तहरू भित्रपट्टी बिन्दु A मा स्पर्श भएका छन् भने PA, QA र PQ को सम्बन्ध लेख्नुहोस् ।
If two circles with centres P and Q touch internally at a point A then write the relation among PA, QA and PQ.

Model 2 Concept Recall

7A. एउटा वृत्तको केन्द्र $(0, 0)$ र अर्धव्यास 3 एकाइ छ । यसको समीकरण लेख्नुहोस् ।
A circle has its centre at $(0, 0)$ and radius 3 units. Write its equation.

7B. एउटा वृत्तको केन्द्र $(-4, -5)$ छ र यसले x - अक्षलाई छुन्छ । यसको अर्धव्यास कति हुन्छ ?
A circle has centre at $(-4, -5)$ and touches x-axis. What is its radius?

7C. एउटा वृत्तको केन्द्र $(-4, -5)$ छ र यसले y - अक्षलाई छुन्छ । यसको अर्धव्यास कति हुन्छ ?
A circle has centre at $(-4, -5)$ and touches y-axis. What is its radius?

7D. एउटा वृत्तको अर्धव्यास 4 एकाइ छ र दुवै अक्षलाई छुने गरी चौथो चतुर्थांशमा पर्दछ । केन्द्रबिन्दुको निर्देशाङ्क पत्ता लगाउनुहोस् ।
A circle has radius 4 units and lies on fourth quadrant touching both axes. Write the coordinates of centre.

8A. वृत्त $(x-1)^2 + (y-2)^2 = 2^2$ ले कुन अक्षलाई छुन्छ, किन ?
Which axis does the circle $(x-1)^2 + (y-2)^2 = 2^2$ touch, why?

8B. वृत्त $(x-4)^2 + y^2 = 4^2$ ले कुन अक्षलाई छुन्छ, किन ?
Which axis does the circle $(x-4)^2 + y^2 = 4^2$ touch, why?

8C. वृत्त $(x-2)^2 + (y-2)^2 = 2^2$ ले कुन कुन अक्षहरूलाई छुन्छ, किन ?
Which axes do the circle $(x-2)^2 + (y-2)^2 = 2^2$ touch, why?

9A. वृत्त $(x-2)^2 + (y-3)^2 = 5^2$ को केन्द्रबिन्दु र अर्धव्यास पत्ता लगाउनुहोस् ।
Find the centre and radius of circle $(x-2)^2 + (y-3)^2 = 5^2$.

9B. वृत्त $(x-4)^2 + y^2 = 3^2$ को केन्द्रबिन्दु र अर्धव्यास पत्ता लगाउनुहोस् ।
Find the centre and radius of circle $(x-4)^2 + y^2 = 3^2$.

9C. वृत्त $x^2 + (y-5)^2 = 6^2$ को केन्द्रबिन्दु र अर्धव्यास पत्ता लगाउनुहोस् ।
Find the centre and radius of circle $x^2 + (y-5)^2 = 6^2$.

9D. वृत्त $(x+a)^2 + (y+b)^2 = c^2$ को केन्द्रबिन्दु र अर्धव्यास पत्ता लगाउनुहोस् ।
Find the centre and radius of circle $(x+a)^2 + (y+b)^2 = c^2$.

www.drmathnp.com

puspas.com.np

B. SHORT QUESTIONS

Model 1 *Problems based on centre / radius / diameter / circumference of a circle.*

1. वृत्तको केन्द्रबिन्दुको निर्देशाङ्क पत्ता लगाउनुहोस् । (Find the co-ordinates of the centre of the circle.)

A. $x^2 + y^2 - 20y + 75 = 0$ [2063 R'] **B.** $x^2 + y^2 + 2x - 1 = 0$ [2063 M]

C. $x^2 + y^2 - 4x + 3 = 0$ [2064 R'] **D.** $x^2 + y^2 - 6x + 2y + 1 = 0$ [2068 R]

E. $x^2 + y^2 + 4x - 5 = 0$ [2069 S, 2070 S']

2. वृत्तको अर्धव्यासको लम्बाइ पत्ता लगाउनुहोस् । (Find the length of the radius of the circle.)

A. $x^2 + y^2 + 4x - 6y + 4 = 0$ [2063 R] **B.** $x^2 + y^2 - 4x + 10y - 7 = 0$ [2064 R]

3A. यदि एउटा वृत्तको समीकरण $(x + 5)^2 + y^2 = 64$ भए त्यसको केन्द्रबिन्दु र अर्धव्यास पत्ता लगाउनुहोस् ।
If the equation of a circle is $(x + 5)^2 + y^2 = 64$, find its centre and radius. [2075 R'$_2$]

3B. एउटा वृत्तको समीकरण $x^2 + y^2 - 2y = 24$ भए त्यसको अर्धव्यास र केन्द्रबिन्दु पत्ता लगाउनुहोस् ।
If the equation of a circle is $x^2 + y^2 - 2y = 24$, find its radius and centre. [2058 R, 2066 R']

3C. समीकरण $x^2 + (y + 2)^2 = 49$ ले प्रतिनिधित्व गर्ने वृत्तको केन्द्रबिन्दु र अर्धव्यास पत्ता लगाउनुहोस् ।
Find the centre and radius of the circle represented by $x^2 + (y + 2)^2 = 49$. [2067 R']

3D. समीकरण $x^2 + y^2 - 10x - 4y = 7$ भएको वृत्तको केन्द्रबिन्दु र अर्धव्यास पत्ता लगाउनुहोस् ।
Find the centre and radius of a circle having the equation $x^2 + y^2 - 10x - 4y = 7$. [2072 S]

4A. एउटा वृत्तको समीकरण $(x + 5)^2 + y^2 = 121$ भए सो वृत्तको केन्द्रबिन्दुको निर्देशाङ्क र व्यास निकाल्नुहोस् । [2059 R]
If the equation of a circle is $(x + 5)^2 + y^2 = 121$, find the co-ordinates of the centre of the circle and its diameter.

4B. समीकरण $x^2 + y^2 - 2y - 48 = 0$ भएको एउटा वृत्तको परिधिको लम्बाइ पत्ता लगाउनुहोस् ।
Find the length of the circumference of a circle having the equation $x^2 + y^2 - 2y - 48 = 0$. [2067 R]

5A. यदि वृत्त $x^2 + y^2 - ax - by - 12 = 0$ को केन्द्र $(2, 3)$ भए a र b का मानहरू निकाल्नुहोस् ।
If the centre of the circle $x^2 + y^2 - ax - by - 12 = 0$ is $(2, 3)$, find the values of a and b. [2071 R]

5B. समीकरण $x^2 + y^2 - mx + 6y - 12 = 0$ भएको वृत्तको केन्द्रबिन्दु $(-2, -3)$ भए m को मान पत्ता लगाउनुहोस् । [2070S]
Find the value of m when the centre of a circle with equation $x^2 + y^2 - mx + 6y - 12 = 0$ is $(-2, -3)$.

6A. यदि वृत्त $x^2 + y^2 - 4x - 6y - k = 0$ को अर्धव्यास 4 एकाइ भए k को मान पत्ता लगाउनुहोस् ।
If the radius of the circle $x^2 + y^2 - 4x - 6y - k = 0$ is 4 units, find the value of k. [2072 R, 2071 S]

6B. यदि वृत्त $x^2 + y^2 - 6x - 4y + k = 0$ को अर्धव्यास 2 एकाइ भए k को मान पत्ता लगाउनुहोस् ।
If the radius of the circle $x^2 + y^2 - 6x - 4y + k = 0$ is 2 units, find the value of k.

6C. यदि समीकरण $x^2 + y^2 + 4x - 6y + h = 0$ र अर्धव्यास 3 एकाइ भएको एउटा वृत्त छ भने, h को मान निकाल्नुहोस् ।
If the equation of circle is $x^2 + y^2 + 4x - 6y + h = 0$ and its radius is 3, find the value of h.

7A. $x + y = 5$ र $2x - y = 1$ वृत्तका दुई व्यासहरूका समीकरणहरू भए सो वृत्तको केन्द्रबिन्दुको निर्देशाङ्कहरू पत्ता लगाउनुहोस् ।
Find the co-ordinates of the centre of a circle having equations of two diameters $x + y = 5$ and $2x - y = 1$. [2073 R']

7B. $x - y = -1$ र $2x + y = 13$ वृत्तका दुई व्यासहरूका समीकरणहरू भए सो वृत्तको केन्द्रबिन्दुको निर्देशाङ्कहरू पत्ता लगाउनुहोस् ।
Find the co-ordinates of the centre of a circle having equations of two diameters $x - y = -1$ and $2x + y = 13$.

Model 2 *Problems based on finding equation of circle when centre and radius are given.*

8A. केन्द्रबिन्दु $(0, 0)$ र अर्धव्यास 3 एकाइ भएको वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of the circle having centre $(0, 0)$ and radius 3 units. [2063 M]

8B. केन्द्रबिन्दु $(3, 0)$ र अर्धव्यास 5 एकाइ भएको वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of a circle having the centre $(3, 0)$ and radius 5 units. [2065 M]

8C. केन्द्रबिन्दु $(0, 2)$ र अर्धव्यास 3 एकाइ भएको वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of a circle with the centre $(0, 2)$ and radius is 3 units. [2064 S]

8D. केन्द्रबिन्दु $(2, -1)$ र अर्धव्यास 3 एकाइ भएको वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of the circle with centre $(2, -1)$ and radius 3 units. [2065 S]

8E. केन्द्रबिन्दु $(-4, 1)$ र अर्धव्यास 4 एकाइ भएको वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of a circle with centre at $(-4, 1)$ and radius 4 units. [2066 R]

8F. केन्द्रबिन्दु $(1, 5)$ र अर्धव्यास 4 एकाइ भएको वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of circle with centre $(1, 5)$ and radius is 4 units. [2068 S]

www.drmathnp.com

puspas.com.np

8G. केन्द्र $(1, -2)$ र व्यास $2\sqrt{5}$ एकाइ भएको एउटा वृत्तको समीकरण निकाल्नुहोस् ।
Find the equation of a circle having centre $(1, -2)$ and the diameter $2\sqrt{5}$ units. [2070 R]

8H. केन्द्रबिन्दु $(2, 3)$ र अर्धव्यास 5 एकाइ भएको एउटा वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of a circle having centre $(2, 3)$ and radius 5 units. [SEE 2074 S', 2070 R', SEE 2074 R']

Model 3 *On finding equation of circle when centre & a point at the circumference are given.*

9A. केन्द्रबिन्दु $(0, 0)$ भएको र बिन्दु $(2, -3)$ भएर जाने एउटा वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of a circle having centre $(0, 0)$ and passes through the point $(2, -3)$. [SEE 2074 R]

9B. केन्द्रबिन्दु $(2, 3)$ भएको र बिन्दु $(-2, 0)$ भएर जाने वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of a circle with the centre $(2, 3)$ and passes through the point $(-2, 0)$. [2066S]

9C. केन्द्रबिन्दु $(2, 3)$ भएको र बिन्दु $(6, 0)$ भएर जाने वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of a circle with the centre $(2, 3)$ and passes through the point $(6, 0)$. [2068 R']

9D. केन्द्रबिन्दु $(3, 4)$ भएको र बिन्दु $(7, 7)$ भएर जाने एउटा वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of a circle having centre $(3, 4)$ and passes through the point $(7, 7)$. [SEE 2074 S]


9E. केन्द्रबिन्दु $(2, 3)$ र बिन्दु $(5, 6)$ भएर जाने वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of a circle with centre at $(2, 3)$ and passing through the point $(5, 6)$. [SEE 2075 R']

Model 4 *Problems based on centre and touching point to an axis.*

10A. P(3, 4) केन्द्रबिन्दु भएको वृत्तले X-अक्षमा बिन्दु (3, 0) मा छोएर जान्छ भने यो वृत्तको अर्धव्यासको नाप कति हुन्छ ? [2063 S]
What is the length of the radius of the circle having centre at P(3, 4) and that touches the X-axis at (3, 0) ?

10B. P(3, 4) केन्द्रबिन्दु भएको वृत्तले Y-अक्षमा बिन्दु (0, 4) मा छोएर जान्छ भने यो वृत्तको अर्धव्यासको नाप कति होला ? [2065 E]
What is the length of radius of the circle having centre at P(3, 4) and that touches the Y-axis at (0, 4) ?

10C. सँगैको चित्रमा C(3, 4) वृत्तको केन्द्रबिन्दु हो । सो वृत्तले X-अक्षको P बिन्दुमा छोएको छ भने वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
In the adjoining figure, C(3, 4) is the centre of the circle. The circle touches X-axis at P. Find the equation of the circle. [2060 CP]



10D. केन्द्र (3, 6) भएको र X-अक्षलाई छुने वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of the circle having centre (3, 6) and touching the X-axis. [2067 S]

10E. Y-अक्षलाई स्पर्श गर्ने र केन्द्रबिन्दु (5, 4) भएको वृत्तको समीकरण निकाल्नुहोस् ।
Find the equation of the circle having centre at (5, 4) and that touches the Y-axis. [2063 M]

Model 5 *Problem based on finding equation of circle when end points of a diameter are given.*

11. दिइएका बिन्दुहरू कुनै वृत्तको व्यासको छेउछेउका बिन्दुहरू हुन् भने सो वृत्तको समीकरण निकाल्नुहोस् ।
Given points are the end points of a diameter. Find the equation of the circle.

A.	(0, 6) and (8, 0)	[SEE 2075 R]	**B.**	(3, 0) and (0, 4)	[2075 R_2]
C.	(3, 4) and (– 3, – 4)	[SEE 2075 R']	**D.**	(1, 3) and (2, – 5)	[SEE 2073 R]
E.	A(5, 6) and B(3, 4)	[2071 R']	**F.**	A(3, 4) and B(2, –7).	[2069 R]
G.	M(6, 7) and N(2, 3).	[2069 R']	**H.**	(3, 2) and (– 1, 6).	[2065 R]
I.	(– 1, 5) and (3, – 3).	[2065R']	**J.**	(1, 2) and (3, 6)	[2058 S]
K.	(– 1, 0) and (7, 4).	[2063 S]	**L.**	(4, 1) and (6, 5)	[2072 R']
M.	(2, 3) and (4, 0)	[SEE 2073 S]	**N.**	(– 1, 2) and (0, – 4)	[SEE 2073 S']

C. LONG QUESTIONS

Model 1 *Problems based on finding centre, radius and diameter.*

1. वृत्तको केन्द्रको निर्देशाङ्क र अर्धव्यास पत्ता लगाउनुहोस् (Find the co-ordinates of centre and radius of the circles):

A.	$x^2 + y^2 - 2x - 6y + 1 = 0$	[2059 S]	**B.**	$x^2 + y^2 - 10x - 14y + 49 = 0$	[2061S]
C.	$x^2 + y^2 - 10x + 4y + 13 = 0$	[2069R', SEE 2074 R']	**D.**	$x^2 + y^2 + 6x - 4y - 3 = 0$	[SEE 2074 S']
E.	$2x - 6y - x^2 - y^2 = 1$	[2057S]	**F.**	$2x^2 + 2y^2 - 2x + 6y = 45$	[2057 R]
G.	$2x^2 + 2y^2 - 8x - 12y + 1 = 0$	[2065M]	**H.**	$2x^2 + 2y^2 - 20x - 28y + 98 = 0$	[2075 R'_2]
I.	$4x^2 + 4y^2 - 8x + 24y + 32 = 0$	[2068 S]	**J.**	$9x^2 + 9y^2 - 36x + 6y = 107$	[2062R, 2065R]

www.drmathnp.com

puspas.com.np

2A. एउटा वृत्तको समीकरण $4x^2 + 4y^2 - 24x - 20y - 3 = 0$ भए सो वृत्तको केन्द्रबिन्दुको निर्देशाङ्क र व्यास पत्ता लगाउनुहोस् ।
If the equation of a circle is $4x^2 + 4y^2 - 24x - 20y - 3 = 0$, find the co-ordinates of its centre and the diameter of the circle. **[2062S, 2070 R']**

2B. एउटा वृत्तको समीकरण $2x^2 + 2y^2 + 20 = 4x + 20y$ भए सो वृत्तको केन्द्रबिन्दुको निर्देशाङ्क र व्यास पत्ता लगाउनुहोस् ।
If the equation of a circle is $2x^2 + 2y^2 + 20 = 4x + 20y$, find the co-ordinates of its centre and the diameter of the circle.

Model 2 Problems based on finding co-ordinates of other end when the one end is given.

3A. यदि समीकरण $x^2 + y^2 + 4x - 6y + 8 = 0$ भएको वृत्तको एउटा व्यासको एक छेउको निर्देशाङ्कहरू $(0, 2)$ भए उक्त व्यासको अर्को छेउको निर्देशाङ्कहरू पत्ता लगाउनुहोस् ।
If the coordinates of one end of a diameter of the circle having equation $x^2 + y^2 + 4x - 6y + 8 = 0$ is $(0, 2)$ then find the co-ordinates of the other end of the diameter. **[SEE 2074 S, SEE 2073 S]**

3B. यदि समीकरण $x^2 + y^2 - 6x + 4y + 8 = 0$ भएको वृत्तको एउटा व्यासको एक छेउको निर्देशाङ्कहरू $(1, -1)$ भए उक्त व्यासको अर्को छेउको निर्देशाङ्कहरू पत्ता लगाउनुहोस् ।
If the coordinates of one end of a diameter of the circle having equation $x^2 + y^2 - 6x + 4y + 8 = 0$ is $(1, -1)$ then find the co-ordinates of the other end of the diameter. **[SEE 2073 S']**

3C. यदि समीकरण $x^2 + y^2 + 4x - 6y + 8 = 0$ भएको वृत्तको एउटा व्यासको एक छेउको निर्देशाङ्क $(-4, 4)$ भए उक्त व्यासको अर्को छेउको निर्देशाङ्क पत्ता लगाउनुहोस् ।
If the coordinates of one end of a diameter of the circle having equation $x^2 + y^2 + 4x - 6y + 8 = 0$ is $(-4, 4)$, then find the co-ordinates of the other end of the diameter. **[SEE 2073 R]**

3D. वृत्त $x^2 + y^2 - 2x - 2y = 8$ को व्यासको एउटा छेउको निर्देशाङ्क $(2, 4)$ भए अर्को छेउको निर्देशाङ्क पत्ता लगाउनुहोस् ।
The co-ordinates of an end point of the diameter of circle $x^2 + y^2 - 2x - 2y = 8$ is $(2, 4)$, find the coordinate of other end. **[2060 S']**

3E. समीकरण $x^2 + y^2 - 4x - 6y + 11 = 0$ भएको वृत्तको एउटा व्यासको एक छेउ $(1, 2)$ भए अर्को छेउ पत्ता लगाउनुहोस् । **[2067 R']**
If $(1, 2)$ is one end of a diameter of the circle with equation $x^2 + y^2 - 4x - 6y + 11 = 0$, find the other end.

Model 3 Problems based on finding equation of circle when passing point and centre are given.

4A. बिन्दुहरू $(-1, 3)$ र $(3, 1)$ जोड्ने रेखाको मध्य बिन्दुबाट जाने र केन्द्रबिन्दु $(4, 6)$ भएको वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of the circle having the centre $(4, 6)$ and passing through the midpoint of the line joining the points $(-1, 3)$ and $(3, 1)$. **[2072 S]**

4B. बिन्दुहरू $(4, 1)$ र $(-8, -1)$ जोड्ने रेखाखण्डको मध्य बिन्दुबाट जाने र केन्द्रबिन्दु $(2, 3)$ भएको वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of the circle having the centre $(2, 3)$ and passing through the midpoint of the line segment joining the points $(4, 1)$ and $(-8, -1)$.

4C. बिन्दुहरू $(4, -2)$ र $(10, 4)$ जोड्ने रेखाखण्डलाई $1 : 2$ को अनुपातमा भित्रपट्टिबाट विभाजन गर्ने बिन्दुबाट जाने र केन्द्रबिन्दु $(2, 3)$ भएको वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of the circle having the centre $(2, 3)$ and passing through the point which divides the line segment joining the points $(4, -2)$ and $(10, 4)$ in the ratio of $1 : 2$ internally.

5A. केन्द्र बिन्दु $(1, 2)$ भएको र रेखाहरू $x + 2y = 3$ र $3x + y = 4$ को प्रतिच्छेदन बिन्दु भएर जाने वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of the circle having centre $(1, 2)$ and passing through the point of intersection of the lines $x + 2y = 3$ and $3x + y = 4$. **[2072 R]**

5B. केन्द्र $(3, 4)$ भएको एउटा वृत्त रेखाहरू $3x - y = 14$ र $2x - y = 7$ को प्रतिच्छेदन बिन्दु भएर जान्छ । सो वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
A circle having centre $(3, 4)$ passes through the point of intersection of the lines $3x - y = 14$ and $2x - y = 7$. Find the equation of the circle. **[2070 S']**

Model 4 Problems based on finding equation of circle when equation of diameters are given.

6A. बिन्दु $(0, 2)$ बाट जाने एउटा वृत्तको दुई व्यासहरूका समीकरणहरू $4x - 2y = 5$ र $8x + 6y = -5$ भए वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
The equations of two diameters of a circle passing through the points $(0, 2)$ are $4x - 2y = 5$ and $8x + 6y = -5$. Find the equation of the circle. **[2068 S']**

6B. रेखाहरू $x - y = 4$ र $2x + 3y + 7 = 0$ को प्रतिच्छेदन बिन्दु केन्द्रबिन्दु भएको र बिन्दु $(2, 4)$ भएर जाने वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of the circle having the centre as the point of intersection of the lines $x - y = 4$ and $2x + 3y + 7 = 0$ and passing through the point $(2, 4)$. **[2068 R]**

www.drmathnp.com

puspas.com.np

6C. बिन्दु (3, 4) बाट जाने एउटा वृत्तको दुई व्यासहरूका समीकरणहरू $x + y = 14$ र $2x - y = 4$ भए वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
The equations of two diameters of a circle passing through the point (3, 4) are $x + y = 14$ and $2x - y = 4$. Find the equation of the circle. **[2061 R]**

6D. सरल रेखाहरू $2x + y = 4$ र $2y - x = 3$ का प्रतिच्छेदन बिन्दुमा केन्द्रबिन्दु पर्ने तथा बिन्दु (4, 6) भएर जाने वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of a circle whose centre is at the point of intersection of $2x + y = 4$ and $2y - x = 3$ and passing through the point (4, 6). **[2065 S, 2066 R]**

6E. वृत्तको व्यासहरू $3x - 4y - 1 = 0$ र $2x + y - 8 = 0$ हुने र बिन्दु (1, 4) भएर जाने वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of a circle passing through the point (1, 4) and the diameters of the circle are $3x - 4y - 1 = 0$ and $2x + y - 8 = 0$. **[2064 S]**

6F. वृत्तको दुई व्यासका समीकरणहरू क्रमशः $2x + y = 5$ र $x - y = 1$ र बिन्दु (1, 4) भएर जाने वृत्तको समीकरण निकाल्नुहोस् ।
Find the equation of the circle which passes through the point (1, 4) and two diameters whose equations are $2x + y = 5$ and $x - y = 1$. **[2065 E]**

6G. बिन्दु (5, 1) बाट जाने एउटा वृत्तका दुई व्यासहरूका समीकरणहरू क्रमशः $x - y = 3$ र $2x + y = 21$ भए सो वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
The equations of two diameters of a circle passing through the point (5, 1) are $x - y = 3$ and $2x + y = 21$ respectively. Find the equation of the circle. **[2067 R]**

6H. एउटा वृत्तको अर्धव्यास 5 एकाइ छ र दुई व्यासहरूका समीकरणहरू $2x - y = 5$ र $x - 3y + 5 = 0$ छन् । सो वृत्तको समीकरण निकाल्नुहोस् र उक्त वृत्त उद्गमबिन्दुबाट जान्छ भनी प्रमाणित गर्नुहोस् ।
A circle has radius 5 units & the equations of its 2 diameters are $2x - y = 5$ & $x - 3y + 5 = 0$. Find the equation of the circle and prove that it passes through the origin. **[2060 R]**

Model 5 *On finding equation of circle when equation of a diameter & two passing points are given.*

7A. बिन्दुहरू (2, 3) र (5, 4) भएर जाने तथा केन्द्रबिन्दु रेखा $2x + 3y - 7 = 0$ मा पर्ने वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of the circle passing through the points (2, 3) and (5, 4) and centre lies on the line $2x + 3y - 7 = 0$. **[SEE 2073 R']**

7B. बिन्दुहरू (3, 2) र (5, 4) भएर जाने र केन्द्र $3x - 2y - 1 = 0$ मा पर्ने वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of the circle which passes through the points (3, 2) and (5, 4) and its centre lies on the line $3x - 2y - 1 = 0$. **[2071 S]**

7C. एउटा वृत्तको केन्द्रबिन्दु, रेखा $x - 4y = 1$ मा पर्दछ । सो वृत्त बिन्दुहरू (3, 7) र (5, 5) भएर जान्छ भने उक्त वृत्तको समीकरण निकाल्नुहोस् ।
Find the equation of the circle whose centre lies on the line $x - 4y = 1$ and which passes through the points (3, 7) and (5, 5). **[2071 R]**

7D. बिन्दुहरू (4, 1) र (6, 5) भएर जाने र केन्द्रबिन्दु रेखा $4x + y = 16$ मा पर्ने वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of a circle passing through the points (4, 1) and (6, 5) having its centre on the line $4x + y = 16$. **[2069 S]**

7E. बिन्दुहरू (2, 3) र (– 1, 2) भएर जाने र वृत्तको केन्द्रबिन्दु रेखा $2x - 3y + 1 = 0$ मा पर्दछ भने उक्त वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of the circle passing through the points (2, 3) and (– 1, 2) and centre lies on the line $2x - 3y + 1 = 0$. **[2067 S]**

7F. बिन्दुहरू (– 2, 0) र (0, – 2) भएर जाने र केन्द्रबिन्दु सीधारेखा $2x - 3y + 1 = 0$ मा पर्ने वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of a circle which passes through the points (– 2, 0) and (0, – 2) and its centre lies on the straight line $2x - 3y + 1 = 0$. **[2063 R']**

7G. उद्गम बिन्दु र बिन्दु (4, 2) बाट जाने वृत्तको केन्द्रबिन्दु रेखा $x + y = 1$ मा पर्दछ भने सो वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
The centre of a circle which passes through the origin and the point (4, 2) lies on the line $x + y = 1$. Find the equation of the circle. **[2064 R]**

Model 6 *On finding equation of circle when touching point to the axis and passing points are given.*

8A. X-अक्षको बिन्दु (3, 0) मा छोएर र (1, 2) बिन्दु भएर जाने वृत्तको समीकरण पत्ता लगाउनुहोस् । **[2064 R']**
Find the equation of the circle which touches the X-axis at a point (3, 0) and passing through point (1, 2).

8B. केन्द्रबिन्दु (b, 4) तथा X-अक्षको (– 2, 0) र (4, 0) भएर जाने वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of a circle having the centre at (b, 4) and passing through the points (– 2, 0) and (4, 0) of X-axis. **[2066 S]**

www.drmathnp.com

puspas.com.np

Model 7 *On finding centre or radius or equation of circle when three passing points are given.*

9A. एउटा पाङ्ग्राको परिधिमा रहेका तीनओटा बिन्दुहरू (5, 7) , (– 1, 7) र (5, – 1) एउटा निश्चित बिन्दुबाट बराबर दुरीमा पर्दछन् । उक्त निश्चित बिन्दुको निर्देशाङ्क पत्ता लगाउनुहोस् । साथै उक्त तीन बिन्दुहरू पर्ने गरी बिन्दुपथ पत्ता लगाउनुहोस् ।
On a wheel, there are three points (5, 7) , (– 1, 7) and (5, – 1) located such that the distance from a fixed point to these points is always equal. Find the coordinate of the fixed point and then derive the equation representing the locus that contains all three points. **[SEE MODEL 2076]**

9B. तीन जना विद्यार्थीहरू एउटा खेल मैदानमा वृत्ताकार आकृत्ति बन्ने गरी परिधिमा बसेका छन् । उनीहरूको बसेको ठाउँको निर्देशाङ्कहरू (1, 2), (3, 4) र (3, 2) छन् । तिनीहरूबाट बराबर दूरीमा पर्ने निश्चित बिन्दुको निर्देशाङ्क पत्ता लगाउनुहोस् । उक्त वृत्ताकार पथको बिन्दु पथको समीकरण पत्ता लगाउनुहोस् ।
Three students are sitting in a playground to make a circular path. They are sitting on the circumference, the co-ordinates of their position on the circle are (1, 2), (3, 4) and (3, 2). Find the co-ordinates of the point equidistant from their position. Also, find the equation of the locus.

9C. बिन्दुहरू P(5, 7), Q(6, 6) र R(2, – 2) भएर जाने वृत्तको समीकरण पत्ता लगाउनुहोस् ।
Find the equation of the circle which passes through the points P(5, 7), Q(6, 6) and R(2, – 2). **[2069 R]**

10A. बिन्दुहरू A(– 4, – 2), B(2, 6) र C(2, – 2) भएर जाने वृत्तको अर्धव्यास निकाल्नुहोस् ।
Find the radius of the circle which passes through the points A(– 4, – 2), B(2, 6) and C(2, – 2). **[2060 S]**

10B. बिन्दुहरू (1, 2), (3, – 4) र (5, – 6) भएर जाने वृत्तको अर्धव्यास पत्ता लगाउनुहोस् ।
Find the radius of the circle passing through the points (1, 2), (3, – 4) and (5, – 6). **[2063 R]**

The direction of rotation is based on the position of the object.

www.drmathnp.com

puspas.com.np

2. परिक्रमण (Rotation)

	परिक्रमणको कोण Angle of rotation	परिक्रमणको केन्द्र Centre of rotation	वस्तु Object	प्रतिबिम्ब Image
(i)	$+90°$ or $-270°$	$(0, 0)$	$P(x, y)$	$\longrightarrow P'(-y, x)$
(ii)	$-90°$ or $+270°$	$(0, 0)$	$P(x, y)$	$\longrightarrow P'(y, -x)$
(iii)	$\pm 180°$	$(0, 0)$	$P(x, y)$	$\longrightarrow P'(-x, -y)$
(iv)	$+90°$ or $-270°$	(a, b)	$P(x, y)$	$\longrightarrow P'(-y + a + b, x - a + b)$
(v)	$-90°$ or $+270°$	(a, b)	$P(x, y)$	$\longrightarrow P'(y + a - b, -x + a + b)$
(vi)	$\pm 180°$	(a, b)	$P(x, y)$	$\longrightarrow P'(-x + 2a, -y + 2b)$

(iv) यदि R_1 र R_2 हरू दुई एउटै केन्द्रमा आधारीत परिक्रमणहरू भए संयुक्त परिक्रमण :
If R_1 and R_2 are two rotations about the same centre then combined rotation:
$(R_1 \circ R_2) = (R_2 \circ R_1) = R_1 + R_2$

अर्थात् ,

यदि $R_1[(0, 0), \theta_1]$ र $R_2 = [(0, 0), \theta_2]$ दुईओटा परिक्रमणहरू भए संयुक्त परिक्रमण:

$R_2 \circ R_1 = R_1 \circ R_2 = R[(0, 0), (\theta_1 + \theta_2)]$ हुन्छ ।

If $R_1[(0, 0), \theta_1]$ and $R_2 = [(0, 0), \theta_2]$ are two rotations then the combined rotation:

$R_2 \circ R_1 = R_1 \circ R_2 = R[(0, 0), (\theta_1 + \theta_2)]$

3. विस्थापन (Translation)

(i) यदि $T = \begin{pmatrix} a \\ b \end{pmatrix}$ विस्थापन भेक्टर र $P(x, y)$ वस्तु भए आकृति $P'(x + a, y + b)$ हुन्छ ।

If $T = \begin{pmatrix} a \\ b \end{pmatrix}$ is translation vector and $P(x, y)$ be an object then image is $P'(x + a, y + b)$.

(ii) यदि T_1 र T_2 हरू दुई विस्थापनहरू भए संयुक्त विस्थापन: $(T_1 \circ T_2) = (T_2 \circ T_1) = T_1 + T_2$

If T_1 & T_2 are 2 translations then combined translation: $(T_1 \circ T_2) = (T_2 \circ T_1) = T_1 + T_2$

4. विस्तारीकरण (Enlargement)

	विस्तारीकरणको केन्द्र Centre of enlargement	नापो Scale factor	वस्तु Object	आकृति Image
(i)	$(0, 0)$	k	(x, y)	$\longrightarrow (kx, ky)$
(ii)	(a, b)	k	(x, y)	$\longrightarrow [k(x - a) + a, k(y - b) + b]$

(iii) यदि $E_1 = [(a, b), k_1]$ र $E_2 = [(a, b), k_2]$ दुईओटा विस्तारीकरणहरू भए संयुक्त विस्तारीकरण :

$E_2 \circ E_1 = E_1 \circ E_2 = E[(a, b), k_1 \times k_2]$ हुन्छ ।

If $E_1 = [(a, b), k_1]$ and $E_2 = [(a, b), k_2]$ are two enlargements then the combined enlargement:

$E_2 \circ E_1 = E_1 \circ E_2 = E[(a, b), k_1 \times k_2]$

5. यदि F ले एउटा स्थानान्तरण र G ले अर्को स्थानान्तरण जनाउँछन् भने,

If F denotes a transformation and G denotes another transformation then,

(i) संयुक्त स्थानान्तरण (G∘F) (The combined transformation (G∘F)
= पहिले F द्वारा हुने स्थानान्तरण र पछि सोही प्रतिबिम्बलाई G द्वारा हुने स्थानान्तरण जनाउँछ ।
= First the transformation by F and then the transformation of the image by G

अर्थात् **(Or)**

G∘F = पहिले F र पछि G (G∘F = F is followed by G)

(ii) संयुक्त स्थानान्तरण (F∘G) = पहिले G द्वारा हुने स्थानान्तरण र पछि सोही प्रतिबिम्बलाई F द्वारा हुने स्थानान्तरण जनाउँछ ।
The combined transformation (F∘G)
= First the transformation by G and then the transformation of the first image by F

अर्थात् **(Or)**

F∘G = पहिले G र पछि F (F∘G = G is followed by F)

www.drmathnp.com

puspas.com.np

SEE / SLC REVIEW MESSAGE

B. LONG QUESTIONS

Models	SEE / SLC Examination History (2065 to 2075)	n(Q)
Model 1	2065 M, 2065 R, 2066 R, 2068 R', 2068 S, 2068 S', 2069 R, 2071 R, 2071 R', 2071 S	9
Model 2	2066 S	1
Model 4	2065 E, 2065 S, 2068 R, 2069 R', 2069 S, 2070 R', SEE 2073 S, SEE 2073 S'	7
Model 5	SEE 2075 R'	1
Model 6	2067 S, 2070 S', SEE 2074 R', SEE 2075 R'$_2$, SEE MODEL 2076	5
Model 7	2072 R, SEE 2074 R, SEE 2074 S, 2074 S', SEE 2075 R	5
Model 8	2065 R', 2066 R', 2067 R, 2072 S, 2073 R, SEE 2075 R_2	6
Model 9	-	-
Model 10	2067 R', 2070 R, 2070 S, 2072 R', 2073 R'	5

SEE EXERCISE 1

A. VERY SHORT QUESTIONS

Model 1 *Definitions and formulae Recall.*

1. तलका पदहरूको परिभाषा दिनुहोस् । (Define the following terms.)

A. संयुक्त विस्थापन (Combined translation) **B.** संयुक्त परावर्तन (Combined reflection)

C. संयुक्त परीक्रमण (Combined rotation) **D.** संयुक्त विस्तारीकरण (Combined enlargement)

2A. स्थानान्तरणका चारओटा विधिहरू के के हुन् ? (What are the four methods of transformation?)

2B. संयुक्त स्थानान्तरण भन्नाले के बुझिन्छ ? (What do you meant by combined transformation?)

Model 2 *Problems based on combination of reflections in axes.*

3A. x-अक्षको परावर्तन पछि y-अक्षमा परावर्तन गर्दा हुने एकल स्थानान्तरण उल्लेख गर्नुहोस् ।
State the single transformation when the reflection in X-axis is followed by the reflection in Y-axis.

Or, यदि r_1 ले रेखा x- अक्षमा हुने परावर्तन र r_2 ले y- अक्षमा हुने परावर्तनलाई जनाउँछन् भने $r_2 \circ r_1$ ले के जनाउँदछ ?
If r_1 represents the reflection on x-axis and r_2 represents the reflection on y-axis then what does $r_2 \circ r_1$ represent?

3B. $x = y$ मा परावर्तन गरेपछि $x = -y$ मा परावर्तन गर्दा हुने एकल स्थानान्तरण उल्लेख गर्नुहोस् ।
State the single transformation when the reflection in $x = y$ is followed by reflection in $x = -y$.

4A. स्थानान्तरण r_1 ले एउटा बिन्दु A लाई A' मा र स्थानान्तरण r_2 ले A' लाई A" मा स्थानान्तरण गर्दछ भने $r_2 \circ r_1$ ले के गर्छ ?
Transformation r_1 transforms a point A to A' and r_2 transforms point A' to A". What does $r_2 \circ r_1$ do?

4B. यदि r_1 ले X-अक्षमा हुने परावर्तन तथा r_2 ले Y-अक्षमा हुने परावर्तनलाई जनाउँछन् भने $r_1 \circ r_2$ ले के जनाउँदछ ?
If r_1 represents the reflection on X-axis and r_2 represents the reflection on Y-axis then what does $r_1 \circ r_2$ represent?

4C. यदि r_1 ले $x = y$ रेखामा भएको परावर्तन र r_2 ले y-अक्षमा भएको परावर्तनलाई जनाउँछ भने $r_1 \circ r_2$ ले के जनाउँदछ ?If r_1 is the reflection about a line $x = y$ and r_2 is reflection about the y-axis, what does $r_1 \circ r_2$ represent?

5A. यदि F ले रेखा $y = x$ मा हुने परावर्तन र G ले रेखा $x = 0$ मा हुने परावर्तनलाई जनाउँछन् भने G∘F ले कुन स्थानान्तरणलाई प्रतिनिधित्व गर्छ ?
If F be the reflection on line $y = x$ and G be the reflection on line $x = 0$ then state what does G∘F represent ?

5B. बिन्दु A(x, y) लाई पहिला $y = x$ रेखामा परावर्तन गरी फेरि $y = 0$ मा परावर्तन गर्दा आउने प्रतिबिम्ब लेख्नुहोस् ।
Find the co-ordinates of the image of point A(x, y) after reflection about the line $y = x$, followed by the reflection about the line $y = 0$.

6A. बिन्दु (x, y) लाई पहिले रेखा $x = 0$ मा परावर्तन गरेपछि प्राप्त प्रतिबिम्बलाई $y = k$ मा परावर्तन गर्दा अन्तिम प्रतिबिम्ब पत्ता लगाउनुहोस् ।
Point (x, y) is reflected in the line $x = 0$ at first and then the image so formed is reflected in the line $y = k$. Find the final image.

6B. बिन्दु (x, y) लाई पहिले रेखा $x = 0$ मा परावर्तन गरेपछि प्राप्त प्रतिबिम्बलाई $y - m = 0$ मा परावर्तन गर्दा अन्तिम प्रतिबिम्ब पत्ता लगाउनुहोस् ।
Point (x, y) is reflected in the line $x = 0$ at first and then the image so formed is reflected in the line $y - m = 0$. Find the final image.

www.drmathnp.com

puspas.com.np

Model 3 *Combination of translations under the given translation vectors.*

7A. $F : (x, y) \to (2x, y)$ र $T : (x, y) \to (x, y - 1)$ दुईओटा स्थानान्तरण हुन् । उक्त स्थानान्तरणको संयुक्त स्थानान्तरण F∘T पत्ता लगाउनुहोस् ।

$F : (x, y) \to (2x, y)$ and $T : (x, y) \to (x, y - 1)$ are any two transformation. Find the combined transformation F∘T.

7B. यदि $T_1 = \begin{pmatrix} a \\ b \end{pmatrix}$ र $T_2 = \begin{pmatrix} c \\ d \end{pmatrix}$ भए T_1T_2, पत्ता लगाउनुहोस् । (If $T_1 = \begin{pmatrix} a \\ b \end{pmatrix}$ and $T_2 = \begin{pmatrix} c \\ d \end{pmatrix}$, find T_1T_2)

7C. यदि $T_1 = \begin{pmatrix} m \\ n \end{pmatrix}$ र $T_2 = \begin{pmatrix} a \\ b \end{pmatrix}$ दुई विस्थापन हुन भने को $T_1 \circ T_2$ निकाल्नुहोस् ।

If $T_1 = \begin{pmatrix} m \\ n \end{pmatrix}$ and $T_2 = \begin{pmatrix} a \\ b \end{pmatrix}$ are two translations, find the translation $T_1 \circ T_2$.

Model 4 *Problems based on combination of rotations.*

8A. एउटा परिक्रमण $R_1[(0, 0); x°]$ पछि $R_2[(0, 0); y°]$ गरिन्छ । संयुक्त परिक्रमण के हुन्छ ?

A rotation $R_1[(0, 0); x°]$ is followed by $R_2[(0, 0); y°]$. What is the combined rotation?

8B. एउटा परिक्रमण $R_1[(0, 0); 90°]$ पछि $R_2[(0, 0); 180°]$ गरिन्छ । संयुक्त परिक्रमण के हुन्छ ?

A rotation $R_1[(0, 0); 90°]$ is followed by $R_2[(0, 0); 180°]$. What is the combined rotation?

Model 5 *Problems based on combination of enlargements.*

9A. दुईओटा लगातार विस्तारीकरणहरू $E_1[O, K_1]$ र $E_2[O, K_2]$ द्वारा परिभाषित गरिएको भए संयुक्त विस्तारीकरण के होला ?

What will be the combined enlargement of two successive enlargements defined by $E_1[O, K_1]$ and $E_2[O, K_2]$?

9B. दुईओटा लगातार विस्तारीकरणहरू $E_1[(a, b), m]$ र $E_2[(a, b), n]$ द्वारा परिभाषित गरिएको भए यिनीहरूको एकल विस्तारीकरण पत्ता लगाउनुहोस् ।

What is the single enlargement of two successive enlargements defined by $E_1[(a, b), m]$ and $E_2[(a, b), n]$?

Model 6 *Problems based on combination of transformation under reflection is followed by rotation.*

10A. बिन्दु $P(a, b)$ लाई रेखा $y = x$ मा परावर्तन गरेपछि उद्गम बिन्दुको वरिपरि $-90°$ मा घुमाउँदा प्राप्त हुने प्रतिबिम्बको निर्देशाङ्क पत्ता लगाउनुहोस् ।

Find the image of point $P(a, b)$ after reflection on the line $y = x$ followed by the rotation through $-90°$ about the origin.

10B. बिन्दु (p, q) लाई रेखा $y = x$ मा परावर्तन गर्दा हुने प्रतिविम्बलाई उद्गमबिन्दु O बाट $+90°$ घुमाउँदा बन्ने प्रतिविम्बको निर्देशाङ्क पत्ता लगाउनुहोस् ।

Point (p, q) is reflected on the line $y = x$. The image so obtained is rotated about O through $+90°$. Find the co-ordinates of this image.

10C. बिन्दु (a, b) लाई सुरूमा रेखा $y = -x$ मा परावर्तन गरी आएको प्रतिविम्बलाई उद्गमबिन्दुबाट $+180°$ घुमाउँदा हुने प्रतिविम्बको निर्देशाङ्क पत्ता लगाउनुहोस् ।

Find the co-ordinates of the image of the point (a, b), when it is first reflected on the line $y = -x$ and then the image so formed is rotated about the origin O through an angle of $+180°$.

10D. बिन्दु (a, b) लाई रेखा Y-अक्षमा परावर्तन गर्दा हुने प्रतिविम्बलाई उद्गमबिन्दु $O(0, 0)$ बाट $+90°$ घुमाउँदा बन्ने प्रतिविम्बको निर्देशाङ्क पत्ता लगाउनुहोस् ।

The image formed by reflecting the point (a, b) on the Y-axis is rotated about origin $O(0, 0)$ through $+90°$. Find the co-ordinates of this image.

10E. बिन्दु $A(x, y)$ लाई Y-अक्षले परावर्तन गर्दा बन्ने प्रतिविम्बलाई पुनः उद्गम बिन्दुबाट $-90°$ मा परिक्रमण गराउँदा हुने प्रतिविम्बको निर्देशाङ्क पत्ता लगाउनुहोस् ।

A point $A(x, y)$ is reflected on Y-axis and the image so obtained is rotated about origin through $-90°$. Find the coordinates of final image.

www.drmathnp.com

puspas.com.np

Model 7 *Problems based on combination of transformation under rotation is followed by reflection.*

11A. बिन्दु (a, b) लाई उद्गमबिन्दु O बाट $+90°$ घुमाउँदा बन्ने प्रतिविम्ब Y-अक्षमा परावर्तन गराउँदा बन्ने प्रतिविम्बको निर्देशाङ्क पत्ता लगाउनुहोस् ।
Point (a, b) is rotated about the origin O through $+90°$ and the image so obtained is relfected on the Y-axis. Find the co-ordinates of the image.

11B. बिन्दु (x, y) लाई पहिले उद्गमबिन्दु 0 बाट $+90°$ मा घुमाउँदा हुने प्रतिविम्बलाई X-अक्षमा परावर्तन गर्दा हुने प्रतिविम्बको निर्देशाङ्क पत्ता लगाउनुहोस् र ती दुवै स्थानान्तरण जनाउने एउटै स्थानान्तरण पनि लेख्नुहोस् ।
Find the co-ordinates of the image of a point (x, y) when it is first rotated by $+90°$ about the origin O and then reflected on the X-axis. Also, write down the single transformation which represents both of these two transformations.

11C. बिन्दु (m, n) लाई पहिले उद्गमबिन्दु O बाट $+180°$ मा घुमाउँदा हुने प्रतिविम्बलाई Y- अक्षमा परावर्तन गर्दा हुने प्रतिविम्बको निर्देशाङ्क पत्ता लगाउनुहोस् ।
Find the co-ordinates of the image of a point (m, n) when it is first rotated by $+180°$ about the origin O and then reflected in the Y-axis.

11D. बिन्दु (a, b) लाई उद्गमबिन्दुबाट $-180°$ मा घुमाउँदा बन्ने प्रतिविम्बलाई $y = x$ रेखामा परावर्तन गराउँदा बन्ने प्रतिविम्बको निर्देशाङ्क पत्ता लगाउनुहोस् ।
Point (a, b) is rotated about the origin through $-180°$ and the image so formed is reflected on the line $y = x$. Find the coordinates of the image so obtained.

11E. बिन्दु (m, n) लाई उद्गम बिन्दुबाट $-90°$ मा घुमाउँदा बन्ने प्रतिविम्बलाई $y = -x$ रेखामा परावर्तन गराउँदा बन्ने प्रतिविम्बको निर्देशाङ्क पत्ता लगाउनुहोस् ।
Point (m, n) is rotated about the origin through $-90°$ and the image so obtained is reflected on the line $y = -x$. Find the co-ordinates of the image so formed.

12A. यदि r_1 ले X-अक्षद्वारा हुने परावर्तन र r_2 ले उद्गम बिन्दुबाट $+90°$ को परिक्रमण जनाउँछ भने बिन्दु $A(x, y)$ को संयुक्त स्थानान्तरण $r_1 \circ r_2$ द्वारा हुने प्रतिबिम्बित बिन्दु पत्ता लगाउनुहोस् ।
If r_1 is the reflection about the X-axis and r_2 is the rotation about $+90°$ through the origin, find the image of the point $A(x, y)$ under the combined transformation of $r_1 \circ r_2$.

12B. यदि R_1 ले x- अक्षद्वारा हुने परावर्तन र R_2 ले उद्गम बिन्दुको वरिपरि $-90°$ को परिक्रमण जनाउँछ भने बिन्दु $A(p, q)$ को संयुक्त स्थानान्तरण $R_1 \circ R_2$ द्वारा प्राप्त हुने प्रतिबिम्ब पत्ता लगाउनुहोस् ।
If R_1 is the reflection on x-axis and R_2 is the rotation through $-90°$ about the origin, find the image of a point $A(p, q)$ under the combined transformation of $R_1 \circ R_2$.

12C. यदि r_1 ले y-अक्षद्वारा हुने परावर्तन र r_2 ले उद्गम बिन्दुबाट $-90°$ को परिक्रमण जनाउँछ भने बिन्दु $P(x, y)$ को संयुक्त स्थानान्तरण $r_1 \circ r_2$ द्वारा हुने प्रतिबिम्बित बिन्दु पत्ता लगाउनुहोस् ।
If r_1 is the reflection about the y-axis and r_2 is the rotation through $-90°$ about the origin, find the image of point $P(x, y)$ under the combined transformation of $r_1 \circ r_2$.

Model 8 *Combination of transformations (reflection is followed by translation or vice-versa).*

13A. बिन्दु (a, b) लाई पहिले X-अक्षमा परावर्तन गरी $\begin{pmatrix} m \\ n \end{pmatrix}$ द्वारा स्थानान्तरण गर्दा हुने प्रतिविम्बको निर्देशाङ्क पत्ता लगाउनुहोस् ।
Find the co-ordinates of image of point (a, b) when it is first reflected on the X-axis and then translated by $\begin{pmatrix} m \\ n \end{pmatrix}$.

13B. बिन्दु (x, y) लाई पहिले $\begin{pmatrix} a \\ b \end{pmatrix}$ द्वारा स्थानान्तरण गरी Y-अक्षमा परावर्तन गर्दा हुने प्रतिविम्बको निर्देशाङ्क पत्ता लगाउनुहोस् ।
Find the co-ordinates of the image of the point (x, y) when it is first translated by $\begin{pmatrix} a \\ b \end{pmatrix}$ and then reflected on the Y-axis.

13C. विस्थापन $\begin{pmatrix} a \\ b \end{pmatrix}$ पछि $x = y$ मा परावर्तन गरिएको भए बिन्दु $P(x, y)$ को प्रतिविम्बको निर्देशाङ्क लेख्नुहोस् ।
What is the co-ordinates of the image of a point $P(x, y)$ under the translation by $\begin{pmatrix} a \\ b \end{pmatrix}$ followed by the reflection in $x = y$?

www.drmathnp.com

puspas.com.np

Model 9 *Combination of transformations under rotation is followed by translation.*

14A. बिन्दु (x, y) लाई पहिले उद्गमबिन्दु O बाट $-90°$ घुमाउँदा हुने प्रतिविम्बलाई $\begin{pmatrix} a \\ b \end{pmatrix}$ द्वारा विस्थापन गर्दा हुने प्रतिविम्बको निर्देशाङ्क पत्ता लगाउनुहोस् ।
Find the co-ordinates of the image of a point (x, y) when it is first rotated about the origin O through $-90°$ and then translated by $\begin{pmatrix} a \\ b \end{pmatrix}$.

14B. बिन्दु (m, n) लाई पहिले उद्गम बिन्दु O को वरिपरि $+90°$ द्वारा परिक्रमण गराई $\begin{pmatrix} a \\ b \end{pmatrix}$ द्वारा विस्थापन गर्दा हुने प्रतिबिम्बको निर्देशाङ्क पत्ता लगाउनुहोस् ।
Find the co-ordinates of the image of a point (m, n), when it is first rotated about origin O through $+90°$ and then translated by $\begin{pmatrix} a \\ b \end{pmatrix}$.

Model 10 *Combination of transformations under reflection is followed by enlargement.*

15A. बिन्दु $P(x, y)$ लाई $x = h$ रेखामा परावर्तन गर्नुहोस् । प्राप्त प्रतिविम्बलाई $E[(0, 0), k]$ ले विस्तारीकरण गर्नुहोस् । अन्तिम प्रतिविम्बको निर्देशाङ्कहरू लेख्नुहोस् ।
Reflect a point $P(x, y)$ on the line $x = h$. Enlarge the image so obtained by $E[(0, 0), k]$. Write the coordinates of the final image.

15B. बिन्दु $A(x, y)$ लाई $y = k$ रेखामा परावर्तन गर्नुहोस् । प्राप्त प्रतिविम्बलाई $E[(0, 0), m]$ ले विस्तारीकरण गर्नुहोस् । अन्तिम प्रतिविम्बको निर्देशाङ्कहरू लेख्नुहोस् ।
Reflect a point $A(x, y)$ on the line $y = k$. Enlarge the image so obtained by $E[(0, 0), m]$. Write the coordinates of the final image.

Model 11 *Problems based on translation and enlargement.*

16A. बिन्दु $A(x, y)$ लाई भेक्टर $\begin{pmatrix} a \\ b \end{pmatrix}$ ले स्थानान्तरण गरी आउने प्रतिविम्बलाई $E[(0, 0), k]$ ले विस्तारीकरण गर्नुहोस् र अन्तिम प्रतिविम्बको निर्देशाङ्कहरू लेख्नुहोस् ।
The point $A(x, y)$ is translated by the vector $\begin{pmatrix} a \\ b \end{pmatrix}$ and enlarge the image so obtained by $E[(0, 0), k]$. Write the co-ordinates of the final image.

16B. उद्गम बिन्दु केन्द्र र नापो 2 अनुसार बिन्दु P (m, n) लाई विस्तारीकरण गर्दा प्रतिबिम्ब P' हुन्छ । फेरि P' लाई भेक्टर $\begin{pmatrix} a \\ b \end{pmatrix}$ द्वारा P'' मा विस्थापन गरिएको छ भने P' र P'' को निर्देशाङ्कहरू पत्ता लगाउनुहोस् ।
Under the enlargement with centre origin and scale factor 2, the image of the point $P(m, n)$ is P'. Again P' is displaced by vector $\begin{pmatrix} a \\ b \end{pmatrix}$ to P''. Find the co-ordinates of P' and P''.

TRANSFORMATION

Model 12 *Concept Recall*

17A. यदि $T_1 = \begin{pmatrix} -3 \\ 2 \end{pmatrix}$ र $T_2 = \begin{pmatrix} 6 \\ -3 \end{pmatrix}$ भए $T_2 \circ T_1$ भेक्टर पत्ता लगाउनुहोस् ।
If $T_1 = \begin{pmatrix} -3 \\ 2 \end{pmatrix}$ and $T_2 = \begin{pmatrix} 6 \\ -3 \end{pmatrix}$, find the vector for $T_2 \circ T_1$.

17B. यदि $T_1 \circ T_2 = \begin{pmatrix} 2 \\ 3 \end{pmatrix}$ भए सो संयुक्त स्थानतान्तरण अनुसार (4, 1) को प्रतिबिम्ब के हुन्छ ?
If $T_1 \circ T_2 = \begin{pmatrix} 2 \\ 3 \end{pmatrix}$, what point will have image (4, 1) under the combined translation?

17C. एउटा विस्तारीकरण $E_1\left[(0, 0); \frac{3}{2}\right]$ पछि अर्को विस्तारीकरण $E_2[O, 2]$ छ । एकल स्थानान्तरण के होला ?
An enlargement $E_1\left[(0, 0); \frac{3}{2}\right]$ is followed by another enlargement $E_2[O, 2]$. What is the single transformation?

www.drmathnp.com

puspas.com.np

B. LONG QUESTIONS

Model 1 *Problems based on combination of reflections in intersecting axes.*

1A. X-अक्ष र Y-अक्षमा क्रमश: हुने संयुक्त परावर्तनहरूसँग समतुल्य हुने एकल स्थानान्तरण उल्लेख गर्नुहोस् । सोही एकल स्थानान्तरण प्रयोग गरेर P(4, 3), Q(1, 1) र R(5, – 1) शीर्षबिन्दुहरू भएको ΔPQR को प्रतिविम्बको शीर्षबिन्दुहरूका निर्देशाङ्कहरू पत्ता लगाउनुहोस् । साथै वस्तु र प्रतिविम्बलाई एउटै लेखाचित्रमा खिच्नुहोस् ।
State the single transformation equivalent to the combination of reflections on the X-axis and Y-axis respectively. Using this single transformation, find the coordinates of the vertices of the image of ΔPQR having vertices P(4, 3), Q(1, 1) and R(5, – 1). Also, draw the object and image on the same graph. **[2071 S]**

1B. X- अक्ष र Y- अक्षमा क्रमश: हुने संयुक्त परावर्तनहरूसँग समतुल्य हुने एकल स्थानान्तरण उल्लेख गर्नुहोस् । सोही एकल स्थानान्तरण प्रयोग गरेर A(2, 3), B(3, – 4) र C(1, – 2) शीर्षबिन्दुहरू भएको ΔABC को प्रतिविम्बको शीर्षबिन्दुहरूका निर्देशाङ्कहरू लेख्नुहोस् । साथै वस्तु र प्रतिविम्बलाई एउटै लेखाचित्रमा खिच्नुहोस् ।
State the single transformation equivalent to the combination of reflections on the X-axis and Y-axis respectively. Using this single transformation, find the coordinates of the vertices of the image of ΔABC having vertices A(2, 3), B(3, – 4) and C(1, – 2). Also, draw the object and image on the same graph. **[2071 R]**

1C. शीर्षबिन्दुहरू A(1, 2), B(4, – 1) र C(2, 5) भएको ΔABC लाई रेखा $y = x$ र X-अक्षमा क्रमश: परावर्तन गर्दा प्राप्त हुने प्रतिविम्बको निर्देशाङ्कहरू लेखी लेखाचित्रमा व्यक्त गर्नुहोस् । यसरी हुने संयुक्त स्थानान्तरणलाई कुन एउटा स्थानान्तरणले जनाउन सकिन्छ ? उल्लेख गर्नुहोस् ।
A ΔABC with vertices A(1, 2), B(4, – 1) and C(2, 5) is reflected successively in the line $y = x$ and the X-axis. Find the stating co-ordinates and graphically represent the image under these transformations. State also the single transformation given by the combinations of these transformations. **[2071 R']**

1D. शीर्षबिन्दुहरू A(6, 2), B(10, 2), C(11, 4) र D(5, 4) भएको चतुर्भुज ABCD लाई x- अक्षमा र त्यसपछि y-अक्षमा परावर्तन गराउदा संयुक्त स्थानान्तरण बन्ने प्रतिविम्बको निर्देशाङ्कहरू निकाल्नुहोस् । **[2068 R']**
Find the co-ordinates of the image of a quadrilateral ABCD with vertices A(6, 2), B(10, 2), C(11, 4) and D(5, 4) under the combined transformations of the reflection on x-axis then on the y-axis.

1E. लेखाचित्रमा A(5, 4), B(2, 2) र C(5, 2) शीर्षबिन्दुहरू भएको त्रिभुज ABC खिच्नुहोस् । ΔABC लाई X-अक्षमा र त्यसपछि प्राप्त प्रतिविम्बलाई रेखा $y = x$ मा लगातार परावर्तन गर्दा बन्ने प्रतिविम्बको निर्देशाङ्कहरू लेखाचित्रमा देखाउनुहोस् ।
On a graph paper, draw a triangle ABC having the vertices A(5, 4), B(2, 2) and C(5, 2). Find the image of ΔABC by stating co-ordinates and graphing them after successive reflection in X-axis followed by a reflection in the line $y = x$. **[2063 M]**

1F. लेखाचित्रमा P(1, 4), Q(4, 1) र R(7, 5) शीर्षबिन्दुहरू भएको त्रिभुज PQR खिच्नुहोस् । ΔPQR लाई Y-अक्षमा र त्यसपछि प्राप्त प्रतिविम्बलाई रेखा $x = y$ मा लगातार परावर्तन गर्दा बन्ने प्रतिविम्बको निर्देशाङ्कहरू पत्ता लगाई प्रतिबिम्बित त्रिभुजहरू लेखाचित्रमा देखाउनुहोस् ।
On a graph paper, draw a triangle PQR having the vertices P(1, 4), Q(4, 1) and R(7, 5). Find the image of ΔPQR by stating co-ordinates and graphing them after successive reflection in Y-axis followed by a reflection in the line $x = y$. **[2063 R]**

2A. शीर्षबिन्दुहरू A(1, 2), B (4, – 1) र C(2, 5) भएको त्रिभुजलाई रेखाहरू $x = 5$ र $y = -2$ मा लगातार परावर्तन गर्दा प्राप्त हुने प्रतिविम्बको निर्देशाङ्कहरू लेखेर लेखाचित्रमा व्यक्त गर्नुहोस् । यसरी हुने संयुक्त स्थानान्तरणलाई कुन एउटै स्थानान्तरणले जनाउन सकिन्छ, उल्लेख गर्नुहोस् ।
A triangle with vertices A(1, 2), B(4, – 1) and C(2, 5) is reflected successively in the lines $x = 5$ and $y = -2$. Find by stating coordinates and graphically represent the images under these transformations. State also the single transformation given by the combinations of these transformations. **[2065 M]**

2B. शीर्षबिन्दुहरू A(1, 2), B(4, – 1) र C(2, 5) भएको त्रिभुजलाई रेखा $x = -1$ र $y = 2$ मा लगातार परावर्तन गर्दा प्राप्त हुने प्रतिविम्बको निर्देशाङ्कहरू लेखेर लेखाचित्रमा व्यक्त गर्नुहोस् । यसरी हुने संयुक्त स्थानान्तरणलाई कुन एउटै स्थानान्तरणले जनाउन सकिन्छ, उल्लेख गर्नुहोस् । **[2065 R, 2069 R]**
A triangle with vertices A(1, 2), B(4, – 1) and C(2, 5) is reflected successively in the line $x = -1$ and $y = 2$. Find the stating co-ordinates and represent the images graphically under these transformations. State also the single transformation given by the combinations of these transformations.

2C. शीर्षबिन्दुहरू A (1, 2), B (4, – 1) र C (2, 5) भएको त्रिभुजलाई रेखाहरू $x = 4$ र $y = -3$ मा लगातार परावर्तन गर्दा प्राप्त हुने प्रतिविम्बको निर्देशाङ्कहरू लेखेर लेखाचित्रमा व्यक्त गर्नुहोस् । यसरी हुने संयुक्त स्थानान्तरणलाई कुन एउटै स्थानान्तरणले जनाउन सकिन्छ, उल्लेख गर्नुहोस् ।
A triangle with vertices A (1, 2), B (4, – 1) and C (2, 5) is reflected successively in the lines $x = 4$ and $y = -3$. Find by stating co-ordinates and graphically represents the images under these transformations given by the combination of these transformations. **[2066 R]**

www.drmathnp.com

2D. शीर्ष बिन्दुहरू A(1, 2), B(4, – 1) र C(2, 5) भएको त्रिभुजलाई रेखाहरू $x = -1$ र $y = -2$ मा लगातार परावर्तन गर्दा प्राप्त हुने प्रतिबिम्बहरूको निर्देशाङ्कहरू लेखी लेखाचित्रमा देखाउनुहोस् ।
A triangle with vertices A(1, 2), B(4, – 1) and C(2, 5) is reflected successively in the lines $x = -1$ and $y = -2$. Write the co-ordinates of the images and show on the same graph. **[2068 S]**

2E. शीर्षबिन्दुहरू A(2, 3), B(4, 5) र C(1, 4) भएको त्रिभुजलाई x-अक्ष र रेखा $y = 2$ मा लगातार परावर्तन गर्दा प्राप्त हुने प्रतिबिम्बका निर्देशाङ्कहरू लेखेर लेखाचित्रमा व्यक्त गर्नुहोस् । **[2068 S']**
A triangle with vertices A(2, 3), B(4, 5) and C(1, 4) is reflected successively in the x-axis and $y = 2$. Find by stating co-ordinates and graphically represent the images under these transformations.

Model 2 Problems based on combination of rotations about origin.

3A. बिन्दुहरू H(4, – 2), R(2, 1) र T(5, 2) एउटा त्रिभुज HRT का तिनओटा शीर्षबिन्दुहरू हुन् । यी बिन्दुहरूलाई परिक्रमण [(0, 0), 180°] र उही दिशामा परिक्रमण [(0, 0), 90°] बाट हुने संयुक्त स्थानान्तरणले स्थानान्तरण गराउँदा बन्ने प्रतिबिम्बहरूको निर्देशाङ्कहरू पत्ता लगाउनुहोस् । दुईओटै त्रिभुजहरूलाई एउटै लेखाचित्रमा खिच्नुहोस् ।
Points H(4, – 2), R(2, 1) and T(5, 2) are the vertices of a triangle ΔHRT. These points are transformed by a single transformation obtained by a rotation [(0, 0), 180°] and on the same direction a rotation [(0, 0), 90°]. Find the co-ordinates of the images of the points. Draw both the triangles on the same graph paper. **[2066 S]**

3B. बिन्दुहरू A(1, 2), B(4, – 1) र C(2, 5) एउटा त्रिभुज ABC का तिनओटा शीर्षबिन्दुहरू हुन् । यी बिन्दुहरूलाई परिक्रमण [(0, 0), 90°] र उही दिशामा परिक्रमण [(0, 0), 180°] बाट हुने संयुक्त स्थानान्तरणले स्थानान्तरण गराउँदा बन्ने प्रतिबिम्बहरूको निर्देशाङ्कहरू पत्ता लगाउनुहोस् । दुईओटै त्रिभुजहरूलाई एउटै लेखाचित्रमा खिच्नुहोस् ।
Points A(1, 2), B(4, – 1) and C(2, 5) are the vertices of a triangle ΔABC. These points are transformed by a single transformation obtained by a rotation [(0, 0), 90°] and on the same direction a rotation [(0, 0), 180°]. Find the co-ordinates of the images of the points. Draw both the triangles on the same graph paper.

3C. यदि $R_1[(0, 0) ; 90°]$ र $R_2[(0, 0) ; 180°]$ परिक्रमणहरू भए $R_1 \circ R_2$ पत्ता लगाउनुहोस् । कुनै समकोणी त्रिभुजको निर्देशाङ्कहरू लेखाचित्रको माध्यमबाट लेखी $R_1 \circ R_2$ द्वारा उक्त त्रिभुजलाई स्थानान्तरण गर्नुहोस् । साथै प्राप्त प्रतिबिम्बलाई पनि सोही लेखाचित्रमा देखाउनुहोस् ।
If $R_1[(0, 0) ; 90°]$ and $R_2[(0, 0) ; 180°]$ are rotations then find $R_1 \circ R_2$. Write the co-ordinates of a right angled triangle using graph. Transform the triangle by $R_1 \circ R_2$. Also, represent the image in the same graph.

Model 3 Problems based on combination of enlargements when E_1 is followed by E_2.

4A. ΔABC का शीर्षबिन्दुहरू A(2, 3), B(4, 5) र C(6, 2) छन् । यदि $E_1 = [(0, 0), 2]$ र $E_2 = [(0, 2), 2]$ भए ΔABC लाई $E_2 \circ E_1$ संयुक्त विस्तारीकरण गरी प्रतिबिम्बहरूको निर्देशाङ्कहरू पत्ता लगाउनुहोस् । दुवै त्रिभुजलाई उही ग्राफमा खिच्नुहोस् ।
The vertices of ΔABC are A(2, 3), B(4, 5) and C(6, 2). If $E_1 = [(0, 0), 2]$ and $E_2 = [(0, 2), 2]$, then find the co-ordinates of image of ΔABC under enlargement $E_2 \circ E_1$. Draw both triangle on the same graph. **[2064 R']**

4B. ΔABC का शीर्षबिन्दुहरू A(1, 2), B(4, – 1) र C(2, 5) छन् । यदि $E_1 = [(0, 0), 2]$ र $E_2 = [(0, 0), 3]$ भए ΔABC लाई $E_2 \circ E_1$ संयुक्त विस्तारीकरण गरी प्रतिबिम्बहरूको निर्देशाङ्कहरू पत्ता लगाउनुहोस् । दुवै त्रिभुजलाई उही ग्राफमा खिच्नुहोस् ।
The vertices of ΔABC are A(1, 2), B(4, – 1) and C(2, 5). If $E_1 = [(0, 0), 2]$ and $E_2 = [(0, 0), 3]$, then find the co-ordinates of image of ΔABC under enlargement $E_2 \circ E_1$. Draw both triangle on the same graph.

4C. यदि E_1 [(1, 2), 4] र E_2 [(1, 2), $\frac{1}{2}$] विस्तारहरू भए $E_1 \circ E_2$ पत्ता लगाउनुहोस् । कुनै एउटा समकोणी त्रिभुजको निर्देशाङ्कहरू लेखाचित्रको माध्यमबाट लेखी $E_1 \circ E_2$ द्वारा उक्त त्रिभुजलाई स्थानान्तरण गर्नुहोस् र प्राप्त प्रतिबिम्बलाई पनि सोही लेखाचित्रमा देखाउनुहोस् ।
If E_1 [(1, 2), 4] and E_2 [(1, 2), $\frac{1}{2}$] are enlargements, find $E_1 \circ E_2$. Write the co-ordinates of a right-angled triangle in a graph. Transform the triangle by $E_1 \circ E_2$ and represent the image in same graph.

Model 4 Combination of transformation [translation and reflection.]

5A. शिर्षबिन्दुहरू X(1, 2), Y(– 1, – 2) र Z(5, 0) भएको त्रिभुज XYZ लाई भेक्टर $\begin{pmatrix} 2 \\ 1 \end{pmatrix}$ ले विस्थापन गर्दा बन्ने प्रतिबिम्बलाई X-अक्षमा परावर्तन गरिएको छ । यसरी प्राप्त प्रतिबिम्बहरूका शिर्षबिन्दुहरूका निर्देशाङ्कहरू लेखेर ΔXYZ र यसका प्रतिबिम्बहरूलाई एउटै लेखाचित्रमा प्रस्तुत गर्नुहोस् ।
A triangle XYZ with vertices X(1, 2), Y(– 1, – 2) and Z(5, 0) is translated by a vector $\begin{pmatrix} 2 \\ 1 \end{pmatrix}$. The image so formed is reflected on the X-axis. Write the co-ordinates of the vertices of the images thus obtained and represent the ΔXYZ and its images on the same graph paper. **[SEE 2073 S]**

puspas.com.np

www.drmathnp.com

5B. शीर्षबिन्दुहरू P(2, 1), Q(4, 3) र R(6, – 1) भएको त्रिभुज PQR लाई X-अक्षमा परावर्तन गर्दा बन्ने प्रतिबिम्बलाई भेक्टर $\begin{pmatrix} -3 \\ 2 \end{pmatrix}$ ले विस्थापन गरिएको छ । यसरी प्राप्त प्रतिबिम्बहरूका शीर्षबिन्दुहरूका निर्देशाङ्कहरू लेखेर ΔPQR र यसका प्रतिबिम्बहरूलाई एउटै लेखाचित्रमा प्रस्तुत गर्नुहोस् ।

A triangle PQR with vertices P(2, 1), Q(4, 3) and R(6, – 1) is reflected on the X-axis. The image so formed is translated by the vector $\begin{pmatrix} -3 \\ 2 \end{pmatrix}$. Write the co-ordinates of the vertices of the images thus obtained and represent the ΔPQR and its images on the same graph paper. **[SEE 2073 S']**

5C. शीर्षबिन्दुहरू P(2, 4), Q(– 1, 2) र R(5, – 1) भएको ΔPQR लाई विस्थापन भेक्टर $T = \begin{pmatrix} -2 \\ 3 \end{pmatrix}$ ले विस्थापन गर्नुहोस् र त्यसको प्रतिबिम्बलाई रेखा $x + y = 0$ मा परावर्तन गर्दा प्राप्त हुने प्रतिबिम्बहरूका शीर्षबिन्दुहरूका निर्देशाङ्कहरू लेखेर वस्तु र प्रतिबिम्बहरूलाई एउटै लेखाचित्रमा खिच्नुहोस् ।

Translate the ΔPQR with vertices P(2, 4), Q(– 1, 2) and R(5, – 1) by translation vector $T = \begin{pmatrix} -2 \\ 3 \end{pmatrix}$ and then reflect the image so obtained in the line $x + y = 0$. Write the co-ordinates of the vertices of the image and draw the object and images on the same graph paper. **[2070 R']**

5D. शीर्षबिन्दुहरू O(0, 0), A(2, 0), B(3, 2) र C(1, 2) भएको चतुर्भुज OABC लाई विस्थापन भेक्टर $\begin{pmatrix} 0 \\ 2 \end{pmatrix}$ ले विस्थापन गरी प्राप्त प्रतिबिम्बलाई $x = 3$ मा परावर्तन गर्नुहोस् । यसरी प्राप्त प्रतिबिम्बहरू र वस्तुलाई एउटै लेखाचित्रमा प्रस्तुत गर्नुहोस् ।

Translate the quadrilateral OABC having vertices O(0, 0), A(2, 0), B(3, 2) and C(1, 2) by translation vector $\begin{pmatrix} 0 \\ 2 \end{pmatrix}$. Reflect the image so formed on the line $x = 3$. Represent the images and object in the same graph. **[2068 R]**

5E. O(0, 0), A(2, 0), B(3, 1), र C(1, 1) शीर्षबिन्दु भएको चित्र लेखाचित्रमा खिची यसलाई $\begin{pmatrix} 0 \\ 2 \end{pmatrix}$ द्वारा स्थानान्तरण गरी सोही लेखाचित्रमा O'A'B'C' खिच्नुहोस् । त्यसपछि चित्र O'A'B'C' लाई $x = 3$ रेखामा परावर्तन गरी त्यसै लेखाचित्रमा O"A"B"C" चित्र खिच्नुहोस् र O", A", B" र C" का निर्देशाङ्कहरू पत्ता लगाउनुहोस् । **[2057 R]**

Draw a figure having the vertices O(0, 0), A(2, 0), B(3, 1) and C(1, 1) on a graph paper. It is translated by $\begin{pmatrix} 0 \\ 2 \end{pmatrix}$ and plot the figure O'A'B'C' on the same graph paper then the figure O'A'B'C' is reflected on the line $x = 3$ to form the figure O"A"B"C" on the same graph. Determine the vertices of O", A", B" and C".

5F. त्रिभुज ABC का शीर्षबिन्दुहरू क्रमशः (– 2, – 4), (– 4, – 2) र (– 6, – 4) छन् । त्रिभुज ABC लाई $\begin{pmatrix} 2 \\ 3 \end{pmatrix}$ ले विस्थापन गर्नुहोस् र प्राप्त प्रतिबिम्बलाई $x = 0$ मा परावर्तन गरी संयुक्त स्थानान्तरणका प्रतिबिम्बका शीर्षबिन्दुका निर्देशाङ्क लेख्नुहोस् र सबै त्रिभुजहरूलाई लेखाचित्रमा देखाउनुहोस् ।

The vertices of ΔABC are (– 2, – 4), (– 4, – 2) and (– 6, – 4) respectively. Translate ΔABC by the vector $\begin{pmatrix} 2 \\ 3 \end{pmatrix}$ and reflect the image on the line $x = 0$. Find the co-ordinates of the vertices of the image under compound transformation and draw all the triangles in the graph. **[2065 E]**

5G. शीर्षबिन्दुहरू A(1, 0), B(2, 1) र C(3, – 1) भएको त्रिभुजलाई $T\begin{pmatrix} 1 \\ 2 \end{pmatrix}$ मा विस्थापन गर्दा प्राप्त हुने प्रतिबिम्बको निर्देशाङ्क लेखेर लेखाचित्रमा देखाउनुहोस् । उक्त प्रतिबिम्बलाई फेरि रेखा $x = 2$ मा परावर्तन गरी सोही लेखाचित्रमा देखाउनुहोस् ।

A triangle with vertices A(1, 0), B(2, 1) and C(3, – 1) is translated by $T\begin{pmatrix} 1 \\ 2 \end{pmatrix}$ and draw its image in graph. Again its image is reflected in the line $x = 2$ and draw its image in same graph. **[2065S ,2069S]**

5H. शीर्षबिन्दुहरू D(– 2, – 4), E(– 4, – 2) र F(– 6, – 4) भएको ΔDEF लाई $T = \begin{pmatrix} -3 \\ -2 \end{pmatrix}$ ले विस्थापन गर्नुहोस् र त्यसको प्रतिबिम्बलाई रेखा $y = x$ मा परावर्तन गर्दा प्राप्त प्रतिबिम्बहरूलाई एउटै लेखाचित्र खिच्नुहोस् ।

Translate the ΔDEF with vertices D(– 2, – 4), E(– 4, – 2) and F(– 6, – 4) by translation vector $T = \begin{pmatrix} -3 \\ -2 \end{pmatrix}$ and then reflect image so obtained in line $y = x$. Write down the co-ordinates of vertices and draw images on the same graph paper. **[2069 R']**

www.drmathnp.com

puspas.com.np

Model 5 *Combination of transformation [translation and rotation.]*

6A. शीर्षबिन्दुहरू P(2, 1), Q(2, 4) र R(5, 2) भएको ΔPQR लाई भेक्टर $\begin{bmatrix} 1 \\ -2 \end{bmatrix}$ ले विस्थापन गर्दा बन्ने प्रतिबिम्बलाई उद्गम बिन्दुको वरिपरि धनात्मक दिशातिर 90° मा परीक्रमण गरिएको छ । यसरी प्राप्त प्रतिबिम्बहरूको निर्देशाङ्कहरू लेखी ΔPQR र यसका प्रतिबिम्बहरूलाई एउटै लेखाचित्रमा प्रस्तुत गर्नुहोस् ।

ΔPQR with vertices P(2, 1), Q(2, 4) and R(5, 2) is translated by the vector $\begin{bmatrix} 1 \\ -2 \end{bmatrix}$ and then the image so formed is rotated about the origin through 90° in positive direction. Write down the co-ordinates of the vertices of the images thus obtained and present ΔPQR and its images in the same graph paper. **[2075 R']**

6B. A (2, 3) , B (0, 3) र O(0, 0) भएको ΔAOB लाई $\overrightarrow{AB}$ द्वारा विस्थापन र O को वरिपरि + 90° परिक्रमण गरिएको छ । विस्थापनलाई T र परिक्रमणलाई R ले जनाइएको छ । संयुक्त स्थानान्तरण R∘T अनुसार प्रतिविम्ब पत्ता लगाउनुहोस् ।

ΔABO having A(2, 3), B(0, 3) and O(0, 0) is transformed by the translation vector $\overrightarrow{AB}$ and rotated through 90°(+) ve rotation about O. Translation is denoted by T and the rotation is denoted by R. Find the image under the combined transformation R∘T.

6C. A (2, 3), B (0, 3) र O(0, 0) भएको ΔAOB लाई $\overrightarrow{AB}$ द्वारा विस्थापन र O को वरिपरि + 90° परिक्रमण गरिएको छ । विस्थापनलाई T र परिक्रमणलाई R ले जनाइएको छ । संयुक्त स्थानान्तरण T∘R अनुसार प्रतिविम्ब पत्ता लगाउनुहोस् ।

ΔABO having A(2, 3), B(0, 3) and O(0, 0) is transformed by the translation vector $\overrightarrow{AB}$ and rotated through 90° (+) ve rotation about O. Translation is denoted by T and the rotation is denoted by R. Find the image under the combined transformation T∘R.

Model 6 *Combination of transformation [rotation and reflection.]*

7A. शीर्षबिन्दुहरू क्रमशः L(– 3, 3), M(– 6, 3) र N(– 3, 9) भएको त्रिभुज LMN लाई y - अक्षमा परावर्तन गर्दा बन्ने प्रतिबिम्बलाई उद्गम बिन्दुको वरिपरी 180° मा परीक्रमण गरिएको छ । यसरी प्राप्त प्रतिबिम्बहरूको शीर्षबिन्दुहरूका निर्देशाङ्कहरू लेखी त्रिभुज LMN र यसका प्रतिबिम्बहरूलाई एउटै लेखाचित्रमा प्रस्तुत गर्नुहोस् ।

A triangle LMN with vertices L(– 3, 3), M(– 6, 3) and N(– 3, 9) respectively is reflected in y-axis and then image formed is rotated about the origin through 180°. Write the co-ordinates of the vertices of the images thus obtained and present the triangle LMN and its images in the same graph paper. **[SEE 2075 R'$_2$]**

7B. शीर्षबिन्दुहरू A(2, 3), B(4, 5) र C(1, 4) भएको ΔABC लाइ x- अक्षमा परावर्तन गर्दा बन्ने प्रतिबिम्बलाई उद्गम बिन्दुको वरिपरि 180° मा परिक्रमण गरिएको छ । यसरी प्राप्त प्रतिबिम्बहरूको शीर्षबिन्दुहरूका निर्देशाङ्कहरू लेखी ΔABC र यसका प्रतिबिम्बहरूलाई एउटै लेखाचित्रमा प्रस्तुत गर्नुहोस् ।

A ΔABC with vertices A(2, 3), B(4, 5) and C(1, 4) is reflected in x-axis and then image so formed is rotated about the origin through 180°. Write the coordinates of the vertices of the images thus obtained and present the ΔABC and its images in the same graph paper. **[SEE 2074 R']**

7C. शीर्षबिन्दुहरू A(4, 2), B(1, 3) र C(3, 5) भएको ΔABC लाई घडीको दिशामा उद्गम बिन्दुको वरिपरि 90° मा परिक्रमण गरी प्राप्त प्रतिविम्बलाई Y-अक्षमा परावर्तन गरिएको छ । अब प्रतिबिम्बहरूका शीर्षबिन्दुहरूका निर्देशाङ्कहरू लेखेर वस्तु र प्रतिबिम्बहरूलाई एउटै लेखाचित्रमा खिच्नुहोस् ।

ΔABC with vertices A(4, 2), B(1, 3) and C(3, 5) is rotated through 90° in the clockwise direction about the origin and the image so formed is reflected on the Y-axis. Now, write the co-ordinates of the vertices of the images and draw the object and images on the same graph. **[2070 S']**

7D. शीर्षबिन्दुहरू A(2, 0), B(3, 1) र C(1, 1) भएको ΔABC लाई लेखाचित्रमा खिची यसलाई उद्गमबिन्दु O बाट – 90° परिक्रमण गरी सोही लेखाचित्रमा ΔA'B'C' खिच्नुहोस् । त्यसपछि ΔA'B'C' लाई रेखा $x - y = 0$ मा परावर्तन गरी त्यसै लेखाचित्रमा ΔA"B"C" खिच्नुहोस् । ΔA"B"C" को शीर्षबिन्दुहरूको निर्देशाङ्क लेख्नुहोस् । **[2062 K]**

Draw ΔABC having the vertices A(2, 0), B(3, 1) and C(1, 1) on a graph paper. It is rotated about the origin O through – 90° and present ΔA'B'C' on the same graph paper. Then the ΔA'B'C' is reflected on the line $x - y = 0$ and plot the ΔA"B"C" on the same graph paper. Write down the co-ordinates of vertices of the ΔA"B"C".

7E. शीर्षबिन्दुहरू A(2, 5), B(– 1, 3) र C(4, 1) भएको त्रिभुजलाई उद्गमबिन्दुको वरिपरि + 90° परिक्रमण गराउँदा प्राप्त प्रतिबिम्बलाई रेखा $x = 0$ मा परावर्तन गराइन्छ । यसरी प्राप्त प्रतिबिम्बका शीर्षबिन्दुका निर्देशाङ्कहरू पत्ता लगाउनुहोस् । दुवै प्रतिबिम्बीत त्रिभुजहरूलाई एउटै लेखाचित्रमा प्रस्तुत गर्नुहोस् र उक्त दुवै स्थानान्तरणलाई जनाउने एकल स्थानान्तरण पनि लेख्नुहोस् ।

A triangle having vertices A(2, 5), B(– 1, 3) and C(4, 1) is rotated about origin through + 90°. The image so obtained is reflected on the line $x = 0$. Find the vertices of image triangles. Show all the triangles in the same graph paper and also write the single transformation to represent these two transformations. **[2067 S]**

www.drmathnp.com

7F. यदि r_1 ले $x = 2$ रेखामा हुने परावर्तन र r_2 ले उद्गम बिन्दुबाट 180° मा हुने परिक्रमण जनाउँदछ भने $r_1 \circ r_2 (x, y)$ पत्ता लगाउनुहोस् । एउटा समकोण त्रिभुजको निर्देशाङ्कहरू लेखाचित्रको माध्यमबाट लेखी $r_1 \circ r_2$ अनुसार उक्त त्रिभुजलाई स्थानान्तरण गर्नुहोस् । साथै प्राप्त प्रतिबिम्बलाई पनि सोही लेखाचित्रमा देखाउनुहोस् ।

If r_1 is the reflection in the line $x = 2$ and r_2 is the rotation through 180° about the origin then find $r_1 \circ r_2$ (x, y). Write the co-ordinates of a right angled triangle using a graph paper. Transform the triangle by $r_1 \circ r_2$. Also, represent the image in same graph.

7G. चतुर्भुज ABCD का शीर्षबिन्दुका निर्देशाङ्कहरू A(1, 1), B(2, 3), C(4, 2) र D(3, − 2) छन् । उक्त चतुर्भुजलाई उद्गम बिन्दुको वरिपरि 180° मा परिक्रमण गर्नुहोस् । प्रतिबिम्ब चतुर्भुजलाई $y = -x$ मा परावर्तन गर्नुहोस् । माथिका दुई स्थानान्तरणको संयुक्त स्थानान्तरणलाई जनाउने स्थानान्तरण लेख्नुहोस् । **[SEE MODEL 2076]**

The coordinates of vertices of a quadrilateral ABCD are A(1, 1), B(2, 3), C(4, 2) and D(3, − 2).Rotate this quadrilateral about origin through180°. Reflect this image of quadrilateral about $y = -x$. Write the name of transformation which denotes the combined transformation of above two transformations.

Model 7 Combination of transformation [translation and enlargement.]

8A. शिर्षबिन्दुहरू A(2, 3), B(2, 6) र C(3, 4) भएको त्रिभुज ABC लाई $T = \begin{bmatrix} -2 \\ 3 \end{bmatrix}$ ले विस्थापन गर्दा बन्ने प्रतिबिम्बलाई E[(0, 0), 2] ले विस्तारीकरण गरिएको छ । यसरी प्राप्त प्रतिबिम्बहरूका शीर्षबिन्दुहरूका निर्देशाङ्कहरू लेखी ΔABC र यसका दुवै प्रतिबिम्बहरू एउटै लेखाचित्रमा प्रस्तुत गर्नुहोस् ।

A triangle ABC with vertices A(2, 3), B(2, 6) and C(3, 4) is translated by $T = \begin{bmatrix} -2 \\ 3 \end{bmatrix}$ and the image so obtained is enlarged by E[(0, 0), 2]. Write the co-ordinates of the vertices of the images so formed and represent ΔABC and its both images in the same graph. **[SEE 2075 R]**

8B. P(3, 4), Q(2, 1) र R(4, 2) शीर्षबिन्दुहरू भएको ΔPQR लाई $T = \begin{pmatrix} -2 \\ 3 \end{pmatrix}$ ले विस्थापन गर्दा बन्ने प्रतिबिम्बलाई E[(0, 0), 2] ले विस्तारीकरण गरिएको छ । यसरी प्राप्त प्रतिबिम्बहरूको शीर्षबिन्दुहरूका निर्देशाङ्कहरू लेखेर ΔPQR र यसका प्रतिबिम्बहरूलाई एउटै लेखाचित्रमा प्रस्तुत गर्नुहोस् ।

ΔPQR having the vertices P(3, 4), Q(2, 1) and R(4, 2) is translated by $T = \begin{pmatrix} -2 \\ 3 \end{pmatrix}$. The image so formed is enlarged by E[(0, 0), 2]. Writing the co-ordinates of the vertices of images thus obtained, represent the ΔPQR and its images in the same graph paper. **[SEE 2074 R]**

8C. ΔABC का शीर्षबिन्दुहरू A(2, 0), B(3, 1) र C(1, 1) छन् । ΔABC लाई भेक्टर $\begin{pmatrix} 2 \\ -3 \end{pmatrix}$ ले विस्थापन गर्दा बन्ने प्रतिबिम्बलाई E[(0, 0), 2] द्वारा विस्तारीकरण गरिएको छ । यसरी प्राप्त प्रतिबिम्बहरूका शीर्ष बिन्दुहरूका निर्देशाङ्कहरू लेखेर वस्तु र प्रतिबिम्बहरूलाई एउटै लेखचित्रमा प्रस्तुत गर्नुहोस् ।

The vertices of ΔABC are A(2, 0), B(3, 1) and C(1, 1). ΔABC is translated by the vector $\begin{pmatrix} 2 \\ -3 \end{pmatrix}$. The image so formed is enlarged by E[(0, 0), 2]. Write the coordinates of the vertices of images thus obtained and represent the object and the images on the same graph paper. **[2072 R]**

8D. ΔMNP का शीर्षबिन्दुहरू M(1, 1), N(3, 1) र P(2, 3) छन् । ΔMNP लाई विस्थापन भेक्टर $\begin{pmatrix} 2 \\ 3 \end{pmatrix}$ अनुसार विस्थापन गरी फेरि उद्गमबिन्दुलाई केन्द्र मानी नापो 2 लिएर विस्तारीकरण गर्नुहोस् ।

The vertices of ΔMNP are M(1, 1), N(3, 1) and P(2, 3). Find the image of ΔMNP under the translation by the translation vector $\begin{pmatrix} 2 \\ 3 \end{pmatrix}$. Then enlarge by taking the scale factor 2 and centre at origin.

8E. शीर्षबिन्दुहरू A(3, 2), B(– 1, 0) र C(4, – 1) भएको त्रिभुज ABC लाई भेक्टर $\begin{pmatrix} -1 \\ 2 \end{pmatrix}$ ले विस्थापन गरी बन्ने प्रतिबिम्बलाई केन्द्रबिन्दु (0, 0) र नापो 3 को आधारमा विस्तारीकरण गरिएको छ । यसरी प्राप्त प्रतिबिम्बहरूका शीर्षबिन्दुहरूका निर्देशाङ्कहरू लेखेर ΔABC र यसका प्रतिबिम्बहरूलाई एउटै लेखाचित्रमा प्रस्तुत गर्नुहोस् ।

The image of the triangle ABC with vertices A(3, 2), B(– 1, 0) and C(4, – 1) formed by translating it by the vector $\begin{pmatrix} -1 \\ 2 \end{pmatrix}$ is enlarged on the basis of the centre (0, 0) and scale factor 3. Write the coordinates of the vertices of the images thus obtained and present ΔABC and its images on the same graph paper. **[SEE 2074 S]**

www.drmathnp.com

puspas.com.np

8F. शीर्षबिन्दुहरू A(3, 3), B(1, 1) र C(5, 0) भएको त्रिभुज ABC लाई भेक्टर $\begin{pmatrix} -2 \\ 2 \end{pmatrix}$ ले विस्थापन गर्दा बन्ने प्रतिबिम्बलाई केन्द्रबिन्दु (0, 0) र नापो 2 को आधारमा विस्तारीकरण गरिएको छ । यसरी प्राप्त प्रतिबिम्बहरूको शीर्षबिन्दुहरूका निर्देशाङ्कहरू लेखेर ΔABC र यसका प्रतिबिम्बहरूलाई एउटै लेखाचित्रमा प्रस्तुत गर्नुहोस् ।

A triangle ABC with vertices A(3, 3), B(1, 1) and C(5, 0) is translated by a vector $\begin{pmatrix} -2 \\ 2 \end{pmatrix}$. The image so formed is enlarged with the centre (0, 0) and scale factor 2. Write the coordinates of the vertices of the images thus obtained and present ΔABC and its images on the same graph paper. **[SEE 2074 S']**

8G. यदि T ले $\begin{pmatrix} 2 \\ 3 \end{pmatrix}$ भेक्टरद्वारा विस्थापन र R ले $y = 3$ रेखामा परावर्तन जनाउँदछ भने T∘R पत्ता लगाउनुहोस् । कुनै एउटा समकोणी त्रिभुजको निर्देशाङ्कहरू लेखाचित्रको माध्यमबाट लेखी T∘R द्वारा उक्त त्रिभुजलाई स्थानान्तरण गर्नुहोस् । साथै प्राप्त प्रतिबिम्बलाई पनि सोही लेखाचित्रमा देखाउनुहोस् ।

If T denotes a translation by a vector $\begin{pmatrix} 2 \\ 3 \end{pmatrix}$ and R dentoes the reflection in the line $y = 3$, find T∘R. Write the co-ordinates of a right angled triangle in a graph. Transform the triangle by T∘R and represent the image in same graph.

Model 8 *Combination of transformation [reflection and enlargement.]*

9A. E ले केन्द्रबिन्दु (3, 1) र नापो 2 भएको विस्तारीकरण र R ले $y = x$ मा हुने परावर्तन जनाउँदछन् । शीर्षबिन्दुहरू A(2, 3), B(4, 5) र C(1, – 2) भएको ΔABC को संयुक्त स्थानान्तरण E∘R द्वारा हुने प्रतिबिम्ब पत्ता लगाउनुहोस् । दुवै चित्र एउटै लेखाचित्रमा खिच्नुहोस् ।

E denotes the enlargement about the centre (3, 1) with a scale factor of 2 and R denotes a reflection on the line $y = x$. Find the image of ΔABC having the vertices A(2, 3), B(4, 5) and C(1, – 2) under the combined transformation E∘R. Draw both figures on the same graph paper. **[SEE 2075 R_2]**

9B. शीर्षबिन्दुहरू P(2, 1), Q(5, 3) र R(7, – 1) भएको त्रिभुज PQR लाई Y-अक्षमा परावर्तन गर्दा बन्ने प्रतिबिम्बलाई E[(0, 0), 2] द्वारा विस्तारीकरण गरिएको छ । यसरी प्राप्त प्रतिबिम्बहरूका शीर्षबिन्दुहरूका निर्देशाङ्कहरू लेखेर ΔPQR र यसका प्रतिबिम्बहरूलाई एउटै लेखाचित्रमा प्रस्तुत गर्नुहोस् ।

Triangle PQR having vertices P(2, 1), Q(5, 3) and R(7, – 1) is reflected on the y-axis. The image so formed is enlarged by E[(0, 0), 2]. Write the co-ordinates of the vertices of the images thus obtained and present the ΔPQR and its images in the same graph paper. **[SEE 2073 R]**

9C. ΔPQR को शीर्षबिन्दुहरू P(1, 2), Q(2, 1) र R(4, 3) छन् । ΔPQR लाई $y = x$ मा परावर्तन गरेपछि E[(0, 0), 2] द्वारा विस्तारीकरण गर्दा बन्ने प्रतिबिम्बहरूको निर्देशाङ्कहरू पत्ता लगाउनुहोस् । ΔPQR र यसको प्रतिबिम्बहरू एउटै लेखाचित्रमा प्रस्तुत गर्नुहोस् ।

P(1, 2), Q(2, 1) and R(4, 3) are the vertices of the triangle PQR. Find the coordinates of the images of the triangle PQR under the reflection on the line $y = x$ followed by the enlargement E[(0, 0), 2]. Present the ΔPQR and its images on the same graph. **[2072 S]**

9D. r_1 ले केन्द्रबिन्दु (– 3, – 4) बाट हुने नापो 3 भएको विस्तारीकरण जनाउँछ र r_2 ले $y = -x$ मा परावर्तन हुने स्थानान्तरण जनाउँछ । यदि शीर्षबिन्दुहरू A(– 4, 6), B(– 6, – 10) र C(12, – 8) भएको ΔABC लाई $r_1 \circ r_2$ द्वारा स्थानान्तरण गर्दा ΔABC को प्रतिबिम्ब ΔA'B'C' भए A', B' र C' को निर्देशाङ्क पत्ता लगाउनुहोस् ।

r_1 denotes enlargement about the centre (– 3, – 4) with a scale factor of 3 and r_2 denotes a reflection on the line $y = -x$. ΔABC having the vertices A(– 4, 6), B(– 6, – 10) and C(12, – 8) is mapped onto the ΔA'B'C' under the transformation $r_1 \circ r_2$. Find the co-ordinates of A', B' and C'. **[2063 R']**

9E. E ले केन्द्रबिन्दु (– 3, – 4) बाट हुने नापो 2 भएको विस्तारीकरण र R ले $y = 0$ मा हुने परावर्तन जनाउँछ । शीर्षबिन्दुहरू A(2, 0), B(3, 1) र C(1, 1) भएको ΔABC लाई संयुक्त स्थानान्तरण E∘R द्वारा हुने प्रतिबिम्ब पत्ता लगाउनुहोस् । दुवै चित्र एउटै ग्राफमा खिच्नुहोस् ।

E denotes enlargement about the centre (– 3, – 4) with a scale factor of 2 and R denotes a reflection on the line $y = 0$. ΔABC having the vertices A(2, 0), B(3, 1) and C(1, 1) is mapped under the combined transformation E∘R. Find the image of ΔABC and draw two figure on the same graph paper. **[2065 R']**

9F. त्रिभुज ABC का शीर्षबिन्दुहरू A(2, 0), B(3, 1) र C(1, 1) छन् । त्रिभुज ABC लाई रेखा $x = y$ मा परावर्तन गरेपछि E[(– 3, – 4), 2] द्वारा विस्तारीकरण गर्दा बन्ने प्रतिबिम्बको निर्देशाङ्कहरू पत्ता लगाउनुहोस् । त्रिभुज ABC र त्यसका प्रतिबिम्बहरू एउटै लेखाचित्रमा प्रस्तुत गर्नुहोस् ।

A(2, 0), B(3, 1) and C(1, 1) are the vertices of a triangle ABC. Find the co-ordinates of the vertices of the triangle ABC under the reflection on the line $x = y$ followed by the enlargement E[(– 3, – 4), 2]. Present the triangle ABC and its images on the same graph paper. **[2067 R]**

www.drmathnp.com

9G. त्रिभुज EFG का शीर्षबिन्दुहरू क्रमशः E(1, 0), F(2, 3) र G(1, 3) छन् । ΔEFG लाई रेखा $x = y$ मा परावर्तन गरेपछि E[(0, 0), 3] द्वारा विस्तारीकरण गर्दा बन्ने प्रतिबिम्बको निर्देशाङ्कहरू लेख्नुहोस् । वस्तु र यसका प्रतिबिम्बहरूलाई एउटै लेखाचित्रमा प्रस्तुत गर्नुहोस् ।

The co-ordinates of the vertices of triangle EFG are E(1, 0), F(2, 3) and G(1, 3) respectively. Find the co-ordinates of vertices of images of ΔEFG under the reflection in the line $x = y$ followed by enlargement E[(0, 0), 3]. Represent object and its images in same graph. **[2066 R']**

9H. लेखाचित्रको माध्यमबाट एउटा समद्विबाहु त्रिभुजका शीर्षबिन्दुहरू लेख्नुहोस् । सो त्रिभुजलाई रेखा $x = y$ मा परावर्तन गरेपछि E[(0, 0) ; 2] द्वारा विस्तारीकरण गर्दा बन्ने प्रतिबिम्बका निर्देशाङ्कहरू लेख्नुहोस् । वस्तु र यसका प्रतिबिम्बहरूलाई एउटै लेखाचित्रमा प्रस्तुत गर्नुहोस् ।

Using a graph paper, write the co-ordinates of an isosceles triangle. Find the co-ordinates of vertices of image of the triangle under the reflection in the line $x = y$ followed by enlargement E[(0, 0) ; 2]. Represent the object and image in the same graph.

Model 9 Combination of transformation [enlargement and reflection.]

10A. मानौं A(1, – 1), B(5, 2) र C(3, 5) त्रिभुज ABC का शिर्षबिन्दुका निर्देशाङ्कहरू हुन् । उक्त त्रिभुजलाई लेखाचित्रमा प्रस्तुत गरी E_1[O(0, 0) ; 2] द्वारा बिस्तार गर्नुहोस् । पुनः विस्तारीत प्रतिबिम्बलाई Y-अक्षमा परावर्तन गरी लेखाचित्रमा प्रस्तुत गर्नुहोस् । त्रिभुज ABC र स्थानान्तरण पछिका प्रतिबिम्बहरूको प्रकृती लेख्नुहोस् ।

Let A(1, – 1), B(5, 2) and C(3, 5) are the coordinates of vertices of a triangle ABC. Plot this triangle in graph. Enlarge this triangle with E_1[O(0, 0) ; 2] and then reflect the enlarged image about Y-axis in that graph. Write the nature of object triangle and its images after transformations.

10B. R_1 ले केन्द्रबिन्दु (3, 4) बाट हुने नापो 2 भएको विस्तारीकरण जनाउँछ र R_2 ले रेखा $y = x$ मा परावर्तन हुने स्थानान्तरण जनाउँछ । यदि शीर्षबिन्दुहरू P(– 3, 5), Q(7, 4) र R(6, – 2) भएको ΔPQR लाई $R_2 \circ R_1$ द्वारा स्थानान्तरण गर्दा ΔPQR को प्रतिबिम्ब $\Delta P_1Q_1R_1$ भए P_1, Q_1 र R_1 को निर्देशाङ्कहरू पत्ता लगाउनुहोस् ।

